# प्राचीन नेपाल

पुरातत्त्व विभागको द्वैमासिक मुखपत्र

# ANCIENT NEPAL

## Journal of the Department of Archaeology

संख्या ११०-११२
फागुन २०४५-साउन २०४६

Number 110-112
February-July 1989

सम्पादक
साफल्य अमात्य

Edited by
**Shaphalya Amatya**

प्रकाशक
श्री ५ को सरकार
शिक्षा तथा संस्कृति मन्त्रालय, पुरातत्त्व विभाग
काठमाडौं, नेपाल

**Published by**
The Department of Archaeology
His Majesty's Government
Kathmandu, Nepal

**प्राप्ति स्थानः–**
साझा प्रकाशन
पुलचोक, ललितपुर
नेपाल ।

**To be had of:-**
Sajha Prakashan
Pulchok, Lalitpur
Nepal

ITHACA N.Y.

मूल्य रु. १०।–

Price Rs. 10/-

Printed at Matribhoomi Press, Kamal Pokhari, Kathmandu, Phone 414076, 412501 & 410284

प्राचीन नेपाल

संख्या ११०–११२

फागुन २०४५–साउन २०४६

**Ancient Nepal**

Number 110-112

February—July 1989


सम्पादक

साफल्य अमात्य

Editor

**Shaphalya Amatya**

# विषय–सूची
# Contents


| | | पृष्ठ |
|---|---|---|
| संरक्षित स्मारक क्षेत्रको अवधारणा, परिचय र महत्त्व | –साफल्य अमात्य | १ |
| संरक्षित स्मारक क्षेत्रको वातावरण संरक्षण कार्यमा विभिन्न निकायहरूको दायित्व | –प्रफुल्लमान सिंह प्रधान | ४ |
| संरक्षित स्मारक क्षेत्र र सोको संरक्षणसम्बन्धी कानूनी प्रावधान | –भीमप्रसाद नेपाल | १२ |
| हनुमान्ढोका दरबार संरक्षित स्मारक क्षेत्रको परिचय, वातावरण संरक्षणमा देखापरेका समस्या र समाधानका उपायहरू | –तेजरत्न ताम्राकार | १९ |
| स्वयम्भू संरक्षित स्मारक क्षेत्रको परिचय, महत्त्व, वातावरण संरक्षणमा देखापरेका समस्या र समाधानका उपायहरू | –ऋद्धि प्रधान | २७ |
| बौद्धनाथको परिचय, वातावरण संरक्षणमा देखापरेका समस्या र समाधानका उपायहरू | –श्रीमती शोभा श्रेष्ठ | ३४ |
| भक्तपुर दरबार संरक्षित स्मारक क्षेत्रको परिचय, महत्त्व, वातावरण संरक्षणमा देखापरेका समस्या र समाधानका उपायहरू | –विष्णुराज कार्की | ४१ |
| ललितपुर दरबार संरक्षित स्मारक क्षेत्रको समस्या र समाधान : एक विवेचना | –ईश्वरमान सिन्या श्रेष्ठ | ४७ |
| चांगुनारायण संरक्षित स्मारक क्षेत्रको परिचय, महत्त्व र वातावरण संरक्षणमा देखापरेका समस्या र समाधानका उपायहरू | –शुक्रसागर श्रेष्ठ | ५६ |
| सम्पादकीय | – | ६१ |

# संरक्षित स्मारक क्षेत्रको अवधारणा, परिचय र महत्त्व

-साफल्य अमात्य

समाजमा राजनैतिक र आर्थिक परिवर्तनको साथ-साथै वास्तुकलात्मक वातावरण (Architectural or Visual Environment) मा पनि परिवर्तनहरू आउँदछन् । तर के समाजमा आर्थिक एवं राजनैतिक परिवर्तनहरू आयो भन्दैमा सांस्कृतिक वातावरणमा असन्तुलन, वास्तुकलात्मक सम्पदाहरूमा विरूपता आउनु पर्दछ भन्ने जरूरी छ ? के मौलिकताले भरिपूर्ण स्थानीय, भौगोलिक र सामाजिक परिस्थितिसंग मेल खाने वास्तुकलात्मक वातावरणमा परिवर्तनहरू आउनु जरूरी छ ? के प्राचीन शहरहरूभित्र प्राचीन वास्तुकलात्मक घरहरू भत्काई, ती घरहरू बीच भएका सानातिना खाली ठाउँहरूमा नै ठूल–ठूला, अग्ला–अग्ला सिमेन्टका आधुनिक घरहरू बनाउनु जरूरी छ ? के ती आधुनिक घरहरू प्राचीन शहरभन्दा अलि टाढा खुल्ला बस्तीहरू जग्गामा बन्न सक्दैनन् ? के काठमाडौं उपत्यकाका अति सुन्दर प्राचीन कलात्मक शहरहरूभित्र नै अनमेल, छाँटकाँट नमिलेका नयाँ घरहरू र बस्तीहरू बनिनु जरूरी छ ? के पर्यटनबाट आर्थिक लाभ हुन्छ भन्दैमा यसको विकास-को लागि र यसको प्रवर्द्धनको लागि प्राचीन शहरलाई आधुनिकीकरण गर्न जरूरी छ ? के पर्यटकहरूको सुविधा–को लागि स्थानीय संस्कृति र प्राकृतिक बनावटलाई नै तोडमोड गर्नु आवश्यक छ ?

यी सबै प्रश्नहरूको जवाफ हो– होइन र त्यो कुनै हालतमा पनि आवश्यक छैन । विकासको मतलब वास्तु-कलाको वातावरणलाई बिथोली नयाँ तथा अनमेल वाता-वरणको सृजना गर्ने होइन । बल्की विकास प्रक्रियाको लागि सांस्कृतिक तथा ऐतिहासिक वातावरण र प्राकृतिक सौन्दर्यसंग साँठगाँठ बाँधी संगसंगै अघि बढ्नु नै हो । कुनै पनि राष्ट्र र समुदायको पहिचान यदि त्यस राष्ट्रको संस्कृतिले गर्दछ भने त्यो राष्ट्र र समुदायलाई संरक्षण र सुरक्षाको अनुभूति त्यस राष्ट्रको वास्तुकलात्मक एवं प्राकृतिक वातावरणले दिन्छ । यदि हामीले हाम्रो वास्तु-कलात्मक एवं प्राकृतिक वातावरणलाई सन्तुलन राख्न सक्यौं भने हाम्रो संस्कृति फष्टाउनेछ, फल्नेछ, फुल्नेछ । त्यसको लागि सर्वप्रथम हामीले हाम्रो Physical Environment वास्तुकलात्मक एवं प्राकृतिक वातावरण-लाई अक्षुण्ण राख्ने र शिक्षा र सञ्चारको माध्यमबाट यसको आवश्यकताबारे जनमानसमा चेतना जगाउने र समाजमा भैरहने आर्थिक एवं भौतिक परिवर्तनहरूको राम्ररी लेखाजोखा गर्ने, Monitoring गर्ने र उचित ढङ्गबाट Steering गर्ने गर्नु पर्दछ ।

काठमाडौं उपत्यका मानव जातिको लागि सृष्टि र प्रकृतिको एउटा ठूलो देन हो । यस उपत्यकाको प्राचीन शहर, घर, स्मारक, मन्दिर, सडक, गल्ली, उकालो, ओरालो, थुम्को, पहाड, डाँडा, पाखा, खेत, बारी, बगैंचा, वन, जङ्गल, हरियाली, जमीन, कांग्ला,

कन्दरा, पोखरी, तलाउ, नदी, नाला सब भएको Physical Environment वास्तुकलात्मक एवं प्राकृतिक वातावरण हुन् । यी सबै हाम्रा पुर्खाको माया, ममताले सयौं वर्षदेखि संरक्षित हुँदै आएका हुन् । यसै क्रममा हाम्रा पुर्खाले आफ्ना घर, मन्दिर, आँगन सबैको राम्रो हेरविचार, समय–समयमा मर्मत–सम्भार र पुनर्निर्माण समेत गुठी र अन्य निकायहरूको माध्यमद्वारा गर्दै आइरहेका पनि थिए। तसर्थ आज र भोलि आउने सन्तति अथवा काठमाडौंका बासिन्दाहरूलाई यी स्मारकहरू तथा यिनीहरूको वातावरणलाई बिथोल्न पर्ने, आघात पुऱ्याउनु पर्ने, विरूप पार्नु पर्ने कुनै अधिकार, कारण र खण्ड पनि छैन् । यदि हामीले हाम्रा पुर्खाहरूले झैं आज यी स्मारकहरूलाई उचित आदर, सत्कार र मान्यता दिन सकेनौं, यिनीहरूको समुचित संरक्षण गर्न सकेनौं भने यिनीहरूको मात्र अनादर, अपहेलना हुने होइन, बल्की हामी काठमाडौंका सम्पूर्ण बासिन्दा, हामी नेपाली सबैको नै अनादर र अपहेलना हुनेछ । हाम्रो भविष्यका सन्ततिको लागि ठूलो श्राप हुनेछ।

यूनेस्कोको सत्रौं साधारण सभाले सन् १९७२ मा विश्वको सांस्कृतिक एवं प्राकृतिक सम्पदाको संरक्षणको लागि एक कन्भेन्सन (सम्झौता) तयार गरी पारित गरेको छ । उक्त कन्भेन्सनमा नेपालले सन् १९७८ अगष्टमा हस्ताक्षर गरी यसको सहभागी बनेको छ । त्यसको करीब एक वर्षपछि सन् १९७९ को अक्टोबर महीनामा नेपालले आफ्नो राष्ट्रको सर्वोत्तम अन्तर्राष्ट्रिय महत्त्वका सांस्कृतिक सम्पदा स्वरूप रहेका काठमाडौं उपत्यकाका सात वटा विभिन्न स्मारक तथा स्मारक क्षेत्रहरूलाई विश्व सम्पदा सूचीमा समावेश गर्न सफल भएको छ। वर्ल्ड हेरिटेज कन्भेन्सनले कुनै पनि स्मारकहरू, वास्तुकलाका कृतिहरू जुन ऐतिहासिक, कलात्मक र विज्ञानको दृष्टिकोणले अति उच्चकोटीको अन्तर्राष्ट्रिय महत्त्वका छन्, भवनहरूको समूह जुन वास्तुकलाको दृष्टिले वा तिनीहरूको एकरूपताले गर्दा वा प्राकृतिक वातावरण (Landscaping) मा तिनीहरूको विशेष स्थानले गर्दा ऐतिहासिक, कलात्मक तथा वैज्ञानिक दृष्टिकोणले उच्चकोटीका अन्तर्राष्ट्रिय महत्त्वका छन् वा मानव निर्मित वा मानव तथा प्रकृतिले मिलेर निर्माण गरेका तथा पुरातात्त्विक स्थलहरू समेत जुन ऐतिहासिक, सौन्दर्य बोधता, जातित्व तथा नृतत्त्वको दृष्टिकोणले अति उच्चकोटीका एवं महत्त्वपूर्ण छन्, ती स्थलहरूलाई सांस्कृतिक सम्पदा भनी परिभाषित गरेको छ । तसर्थ हाम्रा काठमाडौं उपत्यकाका विश्व सम्पदा सूचीमा समावेश भएका स्मारक तथा स्मारक क्षेत्रहरू कतिको महत्त्वपूर्ण रहेछन् भनी यहाँ भनिरहनु पर्ला जस्तो लाग्दैन । यिनीहरूको संरक्षण भन्नु नै यी स्मारक तथा यस क्षेत्रको वातावरणको संरक्षण हो । सिङ्गो एउटा काष्ठमण्डप र त्यसको चारैतिर नेपाल बैङ्क भवन जस्ता ठूलठूला घरहरूको कलपना गरौं । दृश्य कस्तो होला ? यसरी नै स्वयम्भूको विशाल स्तूपको चारैतिर नाङ्गो डाँडो । कस्तो होला? यसरी नै पशुपतिको चारैतिर बिरामी, माग्ने, गाई–गोरूको गोबर, फोहर, अनि अनगिन्ती पर्यटक र तीर्थयात्रुहरू । कस्तो होला ? हनुमान् ढोका दरबार, पाटन दरबार र भक्तपुर दरबार अगाडि बनेका विशाल विशाल घरहरू, रोलिङ्ग सटर भएका पसलहरू, अनगिन्ती मोटर, मोटर साइकलहरू, जथाभावी राखेका बिजुलीका खम्बा र तारहरू, बाटो बाटोमा राखिएका नाङ्ले क्यूरियो पसलहरू, दरबार स्क्वायरका मन्दिर पाटी, पौवामा बस्ने माग्नेहरू, मन्दिर वरपरका शौचालयहरू एकै छिन कल्पना गरौं । न त हाम्रा मन्दिरहरूमा पूजाआजा गर्न जाँदा सन्तोष मिल्छ, न त हाम्रा ऐतिहासिक एवं कलात्मक कृतिहरूको अवलोकन गर्न जाँदा हामीलाई आनन्द मिल्छ । तेस्रो सार्क शिखर सम्मेलनको समय धेरै नै वातावरणीय सुधारहरू भए, तर अपशोच त्यो स्थायी हुन सकेन ।

Visual Pollution लाई नै लिउँ । बौद्धको स्तूप केही वर्ष अघिसम्म पशुपति क्षेत्र र चाबहिलबाट प्रष्टै देखिन्थ्यो । तर आज बौद्धको त्यो विशाल स्तूप हेर्न मूल ढोकाबाट भित्र पसेर मात्र हेर्न सकिन्छ । एकैछिन कल्पना गरौं– बौद्धको त्यो विशाल स्तूपको वरपर दुई तल्ले पराले छानाका काँचा ईंटाका स–साना घरहरू कति राम्रा र रमाइला थिए ।

जेहोस्, मानव जातिको सृजनात्मक शक्तिको

उच्चतम अभिव्यक्तिको रूपमा हाम्रा यी स्मारकहरू आज विश्व सामु छन् । आज यी स्मारकहरू हाम्रो मात्र नभै विश्व मानव समुदायकै सम्पत्ति भैसकको छ । यदि हामीले नै यी स्मारकहरूको संरक्षण र सुरक्षा गर्न सकेनौं भने हामीले हाम्रो राष्ट्र र राष्ट्रियताको संरक्षण कसरी गर्न सकौंला । हाम्रा पुर्खाले छाडेर गएका यी अमूल्य सम्पदाको अरूले हैन, हामीले नै कदर गर्नु परेको छ ।

स्मारक तथा स्मारक क्षेत्रहरूमाथि आधुनिकीकरण, जनसंख्या बृद्धि, सामाजिक मान्यताहरूमा ह्रास र परिवर्तन आदिले गर्दा अतिक्रमण र अपहेलना दिनपर दिन बढ्दैछ । स्मारक तथा स्मारक क्षेत्रलाई सुरक्षा तथा संरक्षण प्रदान गरिनु मात्र जरूरी नभै ती क्षेत्रहरूको वातावरणलाई नै स्वच्छ र सन्तुलन बनाइराख्नु पर्दछ । स्मारक नै स्मारक, मन्दिर नै मन्दिरको यो सुन्दर "अलकापुरी कान्तिपुरी नगरी"लाई साँच्चीकै स्वर्ग बनाउने हो भने हाम्रा ती स्मारक तथा स्मारक क्षेत्रहरूमा परिरहेका, आइरहेका विकृतिहरूलाई समयमै हटाउनु पर्दछ, काबुमा राख्नु पर्दछ । स्मारक क्षेत्रहरूको वातावरणलाई स्वच्छ, सुन्दर र वातावरण अनुकूल बनाइराख्नु पर्दछ, नत्रभने भविष्यमा हामी र हाम्रा सन्ततिले यसबाट अपूरणीय क्षति र दुःख भोग्न बाध्य हुनेछौं ।

# संरक्षित स्मारक क्षेत्रको वातावरण संरक्षण कार्यमा विभिन्न निकायहरूको दायित्व

–प्रफुल्लमान सिंह प्रधान

संरक्षित स्मारक क्षेत्रको वातावरण संरक्षण कार्यमा विभिन्न निकायहरूको दायित्वबारेमा चर्चा गर्नु अघि वातावरण संरक्षण गर्ने सम्बन्धमा विद्यमान वस्तु-स्थिति व्यवस्था इत्यादिको विश्लेषण गरी सो व्यवस्थाले प्रभावकारी रूपमा स्मारक क्षेत्रको वातावरणलाई संरक्षण गर्न सकेको छ वा छैन, यदि छैन भने के कस्ता बाधा अड्चन वा समस्याहरू छन् भन्ने सम्बन्धमा विस्तृत रूपमा जानकारी हासिल गर्न अत्यावश्यक छ । हुन त संरक्षित स्मारक क्षेत्र भन्नाले उक्त क्षेत्रभित्र रहेका स्मारकहरू, स्मारक वरिपरिका भवनहरू तथा अन्य सम्बन्धित क्रिया-कलापहरूलाई समेत जनाए तापनि यस कार्यपत्रमा स्मारक वरिपरिका भवनहरू तथा अन्य क्रियाकलापहरूलाई मात्र समावेश गरिएको छ ।

## १) संरक्षणका विद्यमान साधनहरू

संरक्षित स्मारक क्षेत्रको वातावरण संरक्षण गर्नको लागि उपयोगी साधनहरूमध्ये प्राचीन स्मारक संरक्षण ऐन, २०१३, संरक्षित स्मारक क्षेत्रको व्यवस्था सम्बन्धी निर्दे-शिका, २०४१, नगर विकाससम्बन्धी व्यवस्था गर्न बनेको ऐन, २०४५ तथा नगर विकास समितिको प्रचलित मापदण्डलाई लिन सकिन्छ ।

### प्राचीन स्मारक संरक्षण ऐन, २०१३

स्मारक क्षेत्रलाई संरक्षण गर्ने कार्यको लागि प्राचीन स्मारक संरक्षण ऐनको व्यवस्था गरिएको छ । स्मारक क्षेत्रको वातावरणलाई संरक्षण गर्ने कार्यमा सबै-भन्दा ठूलो भूमिका स्मारकको वरिपरि गरिने भवन निर्माण तथा अन्य क्रियाकलापहरूले खेलेको छ । यी निर्माण तथा अन्य क्रियाकलापहरूलाई आवश्यक नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यको लागि यथेष्ट कानूनी व्यवस्था प्राचीन स्मारक संरक्षण ऐनले प्रदान गरेको देखिन्छ ।

संरक्षित स्मारक क्षेत्रको वातावरण संरक्षण गर्ने सन्दर्भमा ऐनमा व्यवस्था गरिएको निम्न अनुसारका बुँदाहरू अति महत्त्वपूर्ण देखिन्छन् ।

(क) संरक्षित स्मारक क्षेत्रभित्र कसैले आफ्नो हक भोगको जग्गामा नयाँ घर वा भवन निर्माण गर्दा वा साबिक आकारप्रकारमा परिवर्तन हुने गरी आफ्नो घरको मर्मत, थपघट वा पुनर्निर्माण गर्दा त्यस्तो क्षेत्रभित्रको घर वा भवनको शैलीसित मिल्ने गरी पुरातत्त्व विभागले तोकेको मापदण्ड बमोजिम निर्माण, मर्मत, थपघट वा पुनर्निर्माण गर्नु पर्नेछ ।

(ख) पुरातत्त्व विभागले दिएको आदेश नमानी निर्माण,

मर्मत, थपघट वा पुनर्निर्माण गरेको भवन वा घर-लाई स्थानीय हाकिमले पैंतीस दिनको म्याद दिई भत्काउन आदेश दिन सक्नेछ । त्यस्ता आदेश उपर चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र श्री ५ को सरकारमा उजूरी दिन सक्नेछ ।

(ग) कुनै प्राचीन स्मारक क्षेत्रभित्र रहेको निजी वा संस्थागत स्वामित्वको घर जग्गा श्री ५ को सरकारले स्मारक तथा स्मारक क्षेत्रको वातावरण संरक्षणको दृष्टिकोणले आवश्यक ठानेमा मूल्याङ्कन-को आधारमा मूल्य दिई किन्न सक्नेछ ।

(घ) संरक्षित स्मारक क्षेत्रभित्र कसैले टेलिफोन वा विद्युत लाइन जडान गर्न, खानेपानी वा ढलको लागि जमीन खन्न, सडक बनाउन वा मर्मत गर्न, चलचित्र सुटिङ्ग गर्न, पर्व मेला, नाचगान वा सवारीको साधन पार्किङ्ग गर्न वा पोष्टर तस्बीर राख्न पुरातत्त्व विभागले तोकिए बमोजिम स्वीकृति लिनु पर्नेछ ।

## नगर विकाससम्बन्धी व्यवस्था गर्न बनेको ऐन, २०४५

संरक्षित स्मारक क्षेत्रको वातावरण संरक्षण गर्ने कार्यमा नगर विकाससम्बन्धी व्यवस्था गर्न बनेको ऐन, २०४५ को निम्न अनुसार बुँदाहरू अति महत्त्वपूर्ण देखिन्छ ।

(क) समितिले समय–समयमा स्पष्टरूपले सार्वजनिक रूपमा सूचना प्रकाशन गरी नगर योजना क्षेत्र-भित्र कुनै प्रकारको भवन, कार्यालय वा अन्य कुराहरूको नयाँ निर्माण गर्न वा विस्तार गर्न पुरातात्त्विक, धार्मिक, ऐतिहासिक स्थलहरू र आवादी तथा पर्ति जग्गाहरू एवं अचल सम्पत्तिको उपभोग र प्रयोग गर्न आवश्यकता अनुसार निय-मित नियन्त्रण वा निषेध गर्न सक्नेछ र त्यसरी नियमित नियन्त्रण वा निषेध गरिएका काम कुराहरू समितिको पूर्व स्वीकृति विना कसैले गर्न गराउनु हुँदैन ।

(ख) समितिले नियमित नियन्त्रण वा निषेध गरेका काम कुराहरू कसैले समितिको पूर्व स्वीकृत विना गरेमा वा समितिले स्वीकृत दिंदा कुनै शर्त तोकी दिएको-मा त्यस्तो शर्त विपरीत हुने गरी गरेमा समितिले त्यस्तो काम तत्काल रोक्ने आदेश दिन सक्नेछ र त्यस्तो कामको सिलसिलामा कुनै निर्माण गरेको रहेछ भने समितिले ३५ दिनको म्याद दिई सम्ब-न्धित व्यक्तिलाई त्यसरी स्वीकृति विना वा शर्त विपरीत निर्माण गरेको जति भाग भत्काउन वा हटाउन आदेश दिन सक्नेछ ।

(ग) कसैले समितिले नियमित नियन्त्रण वा निषेध गरेका काम कुराहरू समितिको पूर्व स्वीकृति विना गरेमा वा समितिले स्वीकृति दिंदा कुनै शर्त तोकी दिएको भए त्यस्तो शर्त विपरीत हुने गरी गरेमा त्यस्तो व्यक्तिलाई समितिले अपराधको गांभीर्यता र अभियुक्तको हैसियत हेरी बढीमा पचास हजार रुपैयाँसम्म जरीवाना गर्न सक्नेछ ।

## संरक्षित स्मारक क्षेत्रको व्यवस्थासम्बन्धी निर्देशिका, २०४१

प्राचीन स्मारक संरक्षण ऐनको परिधिभित्र रही संरक्षित स्मारक क्षेत्रको वातावरण संरक्षण गर्ने हेतुले पुरातत्त्व विभागले उपर्युक्त निर्देशिकाको व्यवस्था गरि-एको छ ।

संरक्षित स्मारक क्षेत्रको व्यवस्था सम्बन्धित निर्देशिकामा उल्लेख गरिएका निम्नानुसार बुँदाहरू वातावरण संरक्षण गर्ने सन्दर्भमा अति महत्त्वपूर्ण देखिन्छन् ।

(क) संरक्षित स्मारक क्षेत्रभित्र बस, ट्रक, मिनीबस, कार जस्ता सवारी साधन पार्किङ्ग गर्न निषेध गरिएको छ ।

(ख) संरक्षित स्मारक क्षेत्रभित्र निर्माण गरिने घरहरू पारम्परिक नेपाली शैलीको हुनु पर्ने ।

(ग) इँटा, चुना, सुर्की, काठ, झिङ्गटी जस्ता पारम्परिक निर्माण सामग्री प्रयोग हुनु पर्दछ । 'क' र 'ख' क्षेत्रमा कुनै अवस्थामा पनि सिमेन्ट, लोहा जस्ता आधुनिक निर्माण सामग्री प्रयोग गर्न पाइने छैन ।

(घ) नयाँ बन्ने घर मर्मत सुधार गरिने घरको उचाइ, झ्याल, बार्दली, छाना र कौसीको आकारप्रकार निर्देशिकामा तोकिए अनुसार हुनु पर्ने ।

### काठमाडौं उपत्यका नगर विकास समितिको प्रचलित मापदण्ड

नयाँ घर निर्माण, मर्मत, थपघट, पुनर्निर्माण इत्यादिको लागि काठमाडौं उपत्यका नगर विकास समितिले ऐनको परिधिभित्र रही काठमाडौं उपत्यकाका तीनै नगरहरूको लागि मापदण्ड तोकेको छ ।

काठमाडौं तथा ललितपुर नगरका लागि प्रचलित मापदण्ड संरक्षित स्मारक क्षेत्रको वातावरण संरक्षण गर्ने कार्यको लागि पर्याप्त देखिदैन । नगर विकास समितिको भक्तपुर नगरको लागि प्रचलित भवनसम्बन्धी निर्देशिकाले भने स्मारक क्षेत्रका वातावरण संरक्षण गर्ने कार्यमा निकै सहयोग पुऱ्याउन सकिने देखिन्छ ।

## (२) संरक्षणको विद्यमान वस्तुस्थिति

हालसम्म संरक्षित स्मारक क्षेत्रभित्र पुरातत्त्व विभागले तोकेको मापदण्ड विपरीत वातावरणलाई प्रतिकूल असर पर्ने गरी कयौं नयाँ घरहरू निर्माण भएका छन् । आकार–प्रकार तथा शैलीमा परिवर्तन गरी पुनः निर्माण तथा सुधार गरिएका छन् । तोकिएको पारम्परिक निर्माण सामग्री प्रयोग नगरी आधुनिक निर्माण सामग्री प्रयोग गरी घरहरू बनेका छन् । यी सबै अनियमित कार्यहरू गर्ने उपर के हामीले कुनै कार्यवाही गर्न सकेका छौं ? ऐनमा व्यवस्था भए झैं मापदण्ड विपरीत बनेका कति घरहरू हामीले भत्काउन सकेका छौं ? स्मारक क्षेत्रमा निषेध गरिएका के कति क्रियाकलापहरूलाई हामीले प्रभावकारी रूपमा लागू गर्न सकेका छौं ? यी सबै प्रश्नहरूको जवाफ सन्तोषजनक रूपमा दिन हामी असमर्थ छौं । अर्को शब्दमा भन्ने हो भने संरक्षित स्मारक क्षेत्रको वातावरण संरक्षण गर्नको लागि ऐन तथा नियमको व्यवस्था भए तापनि हामीले प्रभावकारी रूपमा ऐन नियमको प्रयोग गरी वातावरण संरक्षण गर्ने कार्य गर्न सकेका छैनौं । उल्टो संरक्षित स्मारक क्षेत्रको वातावरण दिन पर दिन बिग्रँदै गएको सम्बन्धित सबैले महसूस गरेको छ र प्रत्यक्ष रूपमा अनुभव समेत गर्दै आएको छ ।

ऐन नियमको व्यवस्था हुँदाहुँदै पनि के कति कारणले हामीले संरक्षित स्मारक क्षेत्रको वातावरणलाई संरक्षण गर्न सकेका छैनौं भन्नेतर्फ केलाएर हेर्दा निम्न अनुसारको समस्याहरू तगारोको रूपमा देखा पर्दछन्–

### (क) ठोस कार्यविधि नभएको

पुरातत्त्व विभागले मापदण्ड विपरीत निर्माण गर्नेहरू उपर कार्यवाही गर्ने सम्बन्धमा हालसम्म कुनै ठोस कार्यविधि अपनाएको देखिदैन । प्राचीन स्मारक संरक्षण ऐन अन्तर्गत कानूनी कार्यवाही गरी अनियमित घर भत्काउने हो भने ठोस कार्यविधि अपनाउनु पर्ने हुन आउँछ ।

### (ख) दरबार हेरचाह अड्डाको प्रारूप

दरबार हेरचाह अड्डाको प्रारूपको व्यवस्था हेर्दा स्मारकहरूको संरक्षणलाई प्राथमिकता दिई वातावरण संरक्षणलाई प्राथमिकता नदिएको देखिन्छ । प्राचीन स्मारक संरक्षण ऐन अन्तर्गत कार्यवाही गर्ने हो भने दरबार हेरचाह अड्डाको प्रारूपलाई सुदृढीकरण गरी अर्धन्यायिक संस्थाको प्रारूपमा परिवर्तन गर्न अत्यावश्यक छ ।

### (ग) स्थानीय हाकिमको जिम्मेवारी अनुसार जनशक्ति, स्रोत तथा साधनको अभाव

पुरातत्त्व विभागले दिएको आदेश नमानी निर्माण, मर्मत, थपघट वा पुनर्निर्माण गरेको घर वा भवनलाई स्थानीय हाकिमले पैंतीस दिन म्याद दिई भत्काउने आदेश दिन सक्ने र सो म्यादभित्र नभत्काएमा स्थानीय हाकिमले त्यस्तो घर भत्काउन सक्नेछ भन्ने कानूनमा व्यवस्था भएको छ । उक्त व्यवस्था काठमाडौं उपत्यका बाहिर अत्यावश्यक छ, तर उपत्यकाभित्र सम्भव छैन । जोसुकैलाई उक्त अधिकार भए तापनि आवश्यक जनशक्ति, स्रोत तथा साधनहरूको स्थायी व्यवस्था हुनु अत्यावश्यक छ । उपत्यकाको सन्दर्भमा स्थानीय प्रशासनको व्यस्ततालाई ध्यानमा राख्दा उक्त अधिकार या त पुरातत्त्व विभागमा नै हुनु पर्दछ या त नगर विकास समितिलाई सुम्पनु पर्छ ।

पशुपति क्षेत्रको हकमा पशुपति क्षेत्र विकास कोषको व्यवस्था गर्न बनेको ऐनको दफा १७ अनुसार समितिले गर्नुपर्ने कार्य काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिले गर्नेछ भनी नयाँ घर निर्माण, मर्मत, सुधार इत्यादि कार्यको सिफारिश गर्ने, नियन्त्रण गर्ने, साथै मापदण्ड विपरीत निर्माण गर्नेलाई नगर निर्माण योजना कार्यान्वयन ऐन, २०२९ अन्तर्गत कानूनी कार्य-वाही गर्ने जिम्मेवारी समेत सुम्पेको छ।

## (घ) कुन ऐन अनुसार कार्यवाही गर्ने ?

मापदण्ड विपरीत अथवा स्वीकृत नक्सा विपरीत भए गरेको निर्माण कार्यको कार्यवाही कसले र कुन ऐन अन्तर्गत गर्ने, स्पष्ट भएको देखिदैन, नगर पञ्चायतले नगर पञ्चायत ऐन अन्तर्गत गर्ने हो कि नगर विकास समितिले नगर विकास ऐन अन्तर्गत गर्ने हो वा पुरातत्त्व विभागले प्राचीन स्मारक संरक्षण ऐन अन्तर्गत कार्यवाही गर्ने हो– सजायको हद यी तीनै ऐनमा फरक फरक हुनाले प्रायःजसो अनियमित निर्माणकर्ताहरू नगर पञ्चायत-को शरणमा जाने गर्दछन्।

## (ङ) ठाडो कार्यवाहीको व्यवस्था नभएको

प्रायःजसो मापदण्ड विपरीत निर्माण गर्ने वा स्वीकृत बिना नै निर्माण गर्ने व्यक्तिहरूलाई पुरातत्त्व विभागले तथा नगर विकास समितिले समयमा निर्माण कार्य रोकी उपस्थित हुन आदेश दिने गरेको छ, तापनि उपस्थित नै नभई निर्माण कार्य चालू राख्ने वा उपस्थित भएर कार्यवाही हुँदाहुँदै पनि निर्माण कार्य चालू राखेको पाइन्छ। एकातिर कार्यवाही चलिराख्ने अर्कोतिर निर्माण कार्य भने चालू नै रहने हुनाले अन्य सम्बन्धित व्यक्तिहरू पनि हतोत्साहित नभई प्रोत्साहित हुने गरेको देखिन्छ। यदि समयनै सम्बन्धित व्यक्तिलाई थुनछेक गर्न सकेको भए अनियमित निर्माण कार्य गर्नेहरू प्रोत्साहित हुने थिएनन्। थुनछेक वा ठाडो कार्यवाही न त नगर विकास समितिले गर्न सक्दछ न त पुरातत्त्व विभागले गर्न सक्दछ। यी दुवै निकायहरू आफ्नै आँखा अगाडि जबर्जस्ती स्वीकृति विना वा स्वीकृति विपरीत निर्माण भएको हेरी बस्न बाध्य भएका छन्। खासगरी काठमाडौं उपत्यका स्थानीय प्रशासनको पनि आफ्नै व्यस्तताले गर्दा आवश्यक सहयोग पुऱ्याउन सकेको देखिदैन।

## (च) समय लाग्ने कानूनी कार्यवाही

कानूनको कुरा गर्ने हो भने अनियमित निर्माण गर्ने घरलाई ठाडो कार्यवाही नगरी कानूनी कार्यवाही नै गर्नु पर्ने हुन आउँछ र जहाँसम्म नगर विकास समिति-को प्रश्न छ– संरक्षित स्मारक क्षेत्र वरिपरि पुरातत्त्व विभागको स्वीकृत विना वा निर्देशिका विपरीत निर्माण गरेका प्रायःजसो सबै व्यक्तिहरूलाई कार्यवाहीमा राखेको छ वा कार्यवाही गरिसकेको छ। प्रायःजसो कार्यवाही भइसकेकाहरूको हकमा नियमित हुन सक्ने निर्णयहरूमा जरीवाना गरी नियमित गराउन समय दिइएको छ भने नियमित नै हुननसक्ने खालका निर्माण कार्यहरूमा अनिय-मित भाग जति भत्काउने र बढीमा ६ हजार रुपैयाँसम्म जरीवाना गर्ने गरेको छ। नगर विकास समितिले भत्काउन निर्णय गरेका सबै व्यक्तिहरूले ऐनमा व्यवस्था भए अनुसार श्री ५ को सरकारमा पुनरावेदन दिएका छन् र पुनरावेदनबाट पनि हारेका व्यक्तिहरूले सर्वोच्च अदालतमा मुद्दा दायर गरेका छन्। सर्वोच्च अदालतमा पुगेपछि प्रायःजसो मुद्दाहरू सम्बन्धित व्यक्तिहरूले जित्ने गरेको छ। एकातर्फ कानूनी कार्यवाही गर्दा समय बढी लाग्ने अर्कोतर्फ सम्बन्धित व्यक्तिहरूले मुद्दा जित्ने कैयौं उदाहरणहरूले गर्दा निर्माणकर्ताहरू झन् प्रोत्साहित हुने गरेको छ।

## (छ) सम्बन्धित निकायहरूका बीच समन्वयको अभाव

ऐनले संरक्षित स्मारक क्षेत्रको वातावरण संरक्षण गर्ने अधिकार पुरातत्त्व विभागलाई तथा केही हदसम्म नगर बिकास समितिलाई दिइए तापनि अन्य विभिन्न निकायहरू छन् जसको भूमिका पनि महत्त्वपूर्ण छन्, तर ती निकायहरू बीच न त नगर विकास समितिले न त पुरातत्त्व विभागले समन्वय स्थापना गर्न सकेको छ।

## (ज) विद्यमान मापदण्ड व्यावहारिक तथा पर्याप्त नभएको

मापदण्ड अनुसार भवनहरू निर्माण नहुनाको एक

मुख्य कारण विद्यमान मापदण्ड व्यावहारिक तथा पर्याप्त नहुनु पनि हो। नगर विकास समितिको प्रचलित मापदण्ड (काठमाडौं र ललितपुरको) ले संरक्षित स्मारक क्षेत्रको वातावरण संरक्षणमा खास सहयोग गर्दैन, सोही प्रकारले पुरातत्त्व विभागबाट तयार गरिएको मापदण्ड पनि व्यावहारिक तथा पर्याप्त देखिंदैन। उदाहरणको लागि काठ, झिङ्गटी जस्ता पारम्परिक सामग्री प्रयोग हुनु पर्छ र 'क' तथा 'ख' क्षेत्रमा कुनै अवस्थामा सिमेन्ट, लोहा जस्ता आधुनिक निर्माण सामग्री प्रयोग गर्न पाउने छैन भन्ने नियम कत्तिको व्यावहारिक हुन्छ। के हामीले यी नियमहरू प्रभावकारी रूपमा लागू गर्न सक्छौं ? के काठ तथा झिङ्गटी सजिलैसंग बजारमा उपलब्ध छ ? के काठ तथा झिङ्गटी अन्य निर्माण सामग्रीहरूभन्दा सस्तो छ ? यी सबै प्रश्नहरूको हामीले स्पष्ट जवाफ दिन नसकुन्जेल प्रस्तावित नियमहरू पनि प्रभावकारी हुन सक्दैन। के पारम्परिक नेपाली शैलीको घर बनाउन आधुनिक निर्माण सामग्री विना सम्भव छैन ? हाल लागू भइरहेको नगर विकास समितिको मापदण्डले १०० प्रतिशत जमीन ग्रोगट्न पाउने व्यवस्था गरेको छ। पुरातत्त्व विभागले तयार गरेको मापदण्डले यस सम्बन्धमा केही सोचेको देखिंदैन। सोही प्रकारले यी मापदण्डहरूले Set back तथा अनिवार्य सुविधाहरूको सम्बन्धमा केही उल्लेख गरेको पाईंदैन। मापदण्डमा उल्लेखित प्रत्येक नियमहरूको ठोस आधार हुनु पर्दछ। सोही प्रकारले प्रत्येक प्रश्नको जवाफ हुनु पर्दछ। संरक्षित स्मारक क्षेत्रको वातावरणलाई असर पार्ने खालका अन्य धेरै क्रियाकलापहरू छन् जसलाई निषेध गर्नेबारे हालसम्म सोचिएको देखिंदैन।

### (झ) प्रचार-प्रसारको कमी

संरक्षित स्मारक क्षेत्रको वातावरणलाई संरक्षण गर्ने सन्दर्भमा प्रचार-प्रसारको कमी स्पष्ट रूपमा देखापरेको छ। संरक्षित स्मारक क्षेत्रभित्र बस्ने व्यक्तिहरूले यस क्षेत्रमा लागू भएका मापदण्डहरू तथा निषेधित क्रियाकलापहरूबारे जानकारी तथा यस क्षेत्रको महत्त्वबारे जानकारी नहुँदा पनि अनियमित कार्यहरू हुने गरेको छ।

### (ञ) नगर पंचायत मार्फत नक्सा सम्बन्धित हेरचाह अड्डामा पठाउनुपर्ने

यस प्रक्रियाले गर्दा नक्सा पास गर्न समय धेरै लाग्ने तथा सम्बन्धित व्यक्तिले अनावश्यक झन्झट हुने महसूस गरी नक्सा पास नै नगरी आफूखुशी निर्माण गरेका छन्।

### (ट) स्रोत, साधन तथा जनशक्तिको कमी

विद्यमान स्रोत, साधन तथा जनशक्तिको कुरा गर्ने हो भने संरक्षित स्मारक क्षेत्रको वातावरण संरक्षण गर्ने सन्दर्भमा न त पुरातत्त्व विभाग नै सक्षम छ न त नगर विकास समिति नै। यदि कथंकदाचित घर भत्काउनु परेमा यी दुवै निकायहरूसंग न त कुनै व्यक्ति छ न त केही मेशीनरी औजार नै छ।

## (३) संरक्षित स्मारक क्षेत्रको वातावरण संरक्षण कार्यमा संलग्न निकायहरू

संरक्षित स्मारक क्षेत्रको वातावरण संरक्षण गर्ने कार्यमा धेरै निकायहरूको भूमिका भए तापनि हाल पुरातत्त्व विभाग तथा नगर विकास समितिको मुख्य भूमिका रहेको छ र पुरातत्त्व विभाग नगर विकास समिति तथा यस अन्तर्गतका कार्यालयहरूले आफ्नो क्षमताले भ्याएसम्म संरक्षण कार्यमा संलग्न रहेको देखिन्छ। अन्य संलग्न निकायहरूमा स्थानीय प्रशासन तथा नगर पञ्चायतहरू देखापरेका छन्।

स्मारकहरूको संरक्षण गर्ने कार्यमा पुरातत्त्व विभागलाई शायद कुनै अन्य निकायको सहयोगको आवश्यक नपर्ला, तर वातावरण संरक्षण भन्नासाथ पुरातत्त्व विभागले मात्र गरेर सम्भव देखिंदैन, वातावरणलाई नै प्रतिकूल असर पर्ने खालका निर्माणकार्यहरू भए गरेको सम्बन्धमा पुरातत्त्व विभागले प्रहरी, स्थानीय प्रशासन, नगर विकास तथा नगर पञ्चायत इत्यादिमा सहयोगको लागि पत्राचार गरे तापनि निर्माणकर्ताले जबर्जस्ती निर्माण गरेर वातावरणलाई नै बिगार्दै गएको विभिन्न उदाहरणहरू छन्। नगर पञ्चायत वा नगर विकास समितिले कार्यवाही गरी दण्ड जरीवाना समेत गरी घर

भत्काउने निर्णय गरे तापनि श्री ५ को सरकारमा पुनरावेदन दिन सक्ने, पुनरावेदनबाट हारे पनि रीट दिन सक्ने भएको हुनाले सम्बन्धित मन्त्रालय तथा सर्वोच्च अदालत समेत यस वातावरण संरक्षण कार्यमा संलग्न भएको मान्नु पर्दछ।

संरक्षित स्मारक क्षेत्रको वातावरण संरक्षण गर्ने कार्यलाई महत्त्व दिई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने हो भने सम्बन्धित प्रत्येक व्यक्ति तथा निकायहरूले आ–आफ्नो दायित्व बुझ्नु पर्दछ र सो दायित्व प्रभावकारी रूपमा निभाउनु समेत पर्दछ।

## (४) संरक्षित स्मारक क्षेत्रको वातावरण संरक्षणसंग सम्बन्धित निकाय तथा व्यक्तिहरू

संरक्षित स्मारक क्षेत्रको वातावरण संरक्षण कार्यमा पुरातत्त्व विभागको मुख्य भूमिका रहे तापनि अन्य धेरै निकाय तथा व्यक्तिहरू छन् जसले आ–आफ्नो भूमिकाहरू प्रभावकारी रूपमा निभाउनु पर्दछ। सरसर्ती हेर्दा निम्न अनुसारका व्यक्ति तथा निकायहरू संरक्षित स्मारक क्षेत्रको वातावरण संरक्षण कार्यसंग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बन्धित छन्।

१) पुरातत्त्व विभाग
२) नगर विकास समिति
३) नगर पञ्चायत
४) स्थानीय प्रशासन
५) निर्माण सामग्री आपूर्ति गर्ने संस्थानहरू, जस्तै– इँटा टायल कारखाना, टिम्बर कर्पोरेशन इत्यादि।
६) ट्राफिक प्रहरी
७) डिजाइनर
८) सम्बन्धित व्यक्ति।

संरक्षित स्मारक क्षेत्रको वातावरण संरक्षण गर्ने कार्यमा माथि उल्लेखित सबै निकायहरू वा व्यक्तिहरूको आ–आफ्नो स्पष्ट भूमिकाहरू छन्। सबैको आ–आफ्नो दायित्व छन् र ती दायित्वहरू पूरा गर्न अति महत्त्वपूर्ण छन्। धेरैजसो निकायहरूका भूमिकाहरू एक अर्काको पुरकको रूपमा रहेका छन्। सबै निकायहरू आ–आफ्नो दायित्व पूरा गरेमा संरक्षित स्मारक क्षेत्रको वातावरण संरक्षण गर्न जरूर पनि सम्भव हुनेछ। तसर्थ प्रत्येक निकायहरूले आ–आफ्नो दायित्व बुझी सो अनुसारको भूमिका निभाउनु जरूरी छ। मेरो आफ्नो विचारमा माथि उल्लेखित निकायहरूको दायित्व निम्न अनुसार हुनु पर्ने देखिन्छ।

### (१) पुरातत्त्व विभाग

(क) संरक्षित स्मारक क्षेत्रको वातावरण संरक्षण गर्ने कार्यमा मुख्य भूमिका निभाउने।

(ख) सम्बन्धित विभिन्न निकायहरूबीच समन्वय कायम राख्ने।

(ग) संरक्षित स्मारक क्षेत्रको लागि नगर पञ्चायत तथा नगर विकास समितिको सहयोगलाई विस्तृत तथा व्यावहारिक मापदण्ड बनाउने (निर्माण तथा वातावरणसंग सम्बन्धित क्रियाकलापसम्बन्धी)।

(घ) मापदण्ड अनुसार नक्सा सिफारिश गर्ने कार्य नगर विकास समितिलाई सुम्पने।

(ङ) अनियमित निर्माण कार्य गर्नेहरू उपर आवश्यक संस्थागत विकास गरी मातहतका कार्यालयहरू–मार्फत् कार्यवाही गर्ने वा नगर विकास समितिलाई नगर विकास ऐन, २०४५ अन्तर्गत कार्यवाही गर्न दिने (पशुपति क्षेत्र विकास समितिले गरे झैं)।

(च) संरक्षित स्मारक क्षेत्रको नक्सा तथा मापदण्डहरू प्रत्येक स्मारक क्षेत्रमा टाँग्ने तथा संरक्षित क्षेत्रको महत्त्वबारे प्रचार–प्रसार गर्ने।

(छ) प्रत्येक वर्ष सबैभन्दा राम्रो घर बनाउनेलाई पुरस्कारको व्यवस्था गर्ने।

(ज) विभागमा डिजाइन यूनिट खडा गरी नक्सा बनाउनमा सहयोग गरिदिने।

(झ) सम्भव भएसम्म विद्यमान घरको शैली यथावत राखी मर्मत सम्भार गर्न आर्थिक सहयोग उपलब्ध गराउने।

(ञ) महत्त्वपूर्ण तथा संवेदनशील घर तथा जग्गा श्री ५ को सरकारको स्वामित्वमा राख्ने, साथै मर्मत–सम्भार गर्न नसक्ने वा नचाहने तथा अनियमित निर्माण गरेका घरहरू श्री ५ को सरकारको स्वामित्वमा राख्ने।

यस कार्यको लागि श्री ५ को सरकार तथा कर्पोरेशनहरूले काठमाडौं उपत्यकामा कार्यालय भवन निर्माण तथा भाडामा गर्ने खर्चलाई परिचालन गर्न सकिन्छ ।

(ट) गोष्ठी, तालीम आदिको व्यवस्था गर्ने ।

### (२) नगर विकास समिति

(क) संरक्षित स्मारक क्षेत्रको मापदण्ड बनाउन पुरातत्त्व विभागलाई सहयोग गर्ने ।

(ख) संरक्षित स्मारक क्षेत्रको भौतिक योजनाको प्रारूप तयार पार्ने जसले विभिन्न निकायहरूको लागि आधार नक्साको काम गर्नेछ ।

(ग) निर्माण कार्यको नियन्त्रण गर्ने तथा अनियमित निर्माण गर्नेहरू उपर कानूनी कार्यवाही गर्ने ।

(घ) आवश्यक दक्ष जनशक्तिको व्यवस्था गर्ने ।

(ङ) वातावरण सुधार कार्यक्रमहरू सञ्चालन गर्ने ।

(च) वातावरण संरक्षणमा प्रतिकूल असर पर्ने खालका क्रियाकलापहरूलाई निषेध तथा नियन्त्रण गर्ने ।

### (३) नगर पंचायत

(क) संरक्षित स्मारक क्षेत्रभित्रको नक्सा स्वीकृत गर्ने ।

(ख) निर्माणको सन्दर्भमा हुने तेरो–मेरो सम्बन्धमा हुने झै–झगडाको निपटारा गर्ने ।

(ग) संरक्षित स्मारक क्षेत्रको मापदण्ड बनाउन पुरातत्त्व विभागलाई सहयोग गर्ने ।

(घ) संरक्षित स्मारक क्षेत्रलाई सफासुग्घर राख्ने ।

### (४) स्थानीय प्रशासन

(क) संरक्षित स्मारक क्षेत्रको वातावरण सुधार गर्ने कार्यको सन्दर्भमा शान्ति सुरक्षाको व्यवस्था गरिदिने ।

(ख) महत्त्वपूर्ण तथा संवेदनशील घर तथा जग्गा श्री ५ को सरकारको स्वामित्वमा राख्न पुरातत्त्व विभागलाई आवश्यक सहयोग गर्ने ।

(ग) अनियमित निर्माण कार्य गर्नेहरूलाई प्रहरी मार्फत् उपस्थित गराउन आवश्यक सहयोग गर्ने ।

(घ) निषेध गरिएका क्रियाकलापहरू गर्ने व्यक्तिहरूलाई आवश्यक कार्यवाही गर्ने ।

(ङ) निर्णय कार्यान्वयन गर्न आवश्यक शान्ति सुरक्षा प्रदान गरिदिने ।

(च) प्रारम्भिक अवस्थामा नै अवाञ्छनीय निर्माण कार्य रोक्न ठाडो कार्यवाही गर्ने ।

### (५) ट्राफिक प्रहरी

सवारीको आवागमन वा सवारीको आवतजावत, सवारीको पार्किङ्ग इत्यादि क्रियाकलापहरूले संरक्षित स्मारक क्षेत्रको वातावरणलाई प्रतिकूल असर पार्ने हुनाले ट्राफिक प्रहरीको वातावरण संरक्षणमा निम्न अनुसारको भूमिका हुन्छ–

(क) वातावरणलाई प्रतिकूल असर नपर्ने गरी स्मारक क्षेत्रभित्र सवारीको आवत–जावतको व्यवस्था गर्ने वा नियन्त्रण गर्ने ।

(ख) वातावरणलाई प्रतिकूल असर नपर्ने गरी सवारीको पार्किङ्गको व्यवस्था गर्ने ।

(ग) स्मारक क्षेत्रहरूलाई सकभर Traffic free गर्न आवश्यक व्यवस्था गर्ने ।

### (६) निर्माण सामग्री आपूर्ति गर्ने संस्थाहरू

एकातर्फ पुरातत्त्व विभागले परम्परागत निर्माण सामग्री प्रयोग गर्न अनिवार्य गर्ने भने अर्कोतर्फ आपूर्ति हुन नसकेमा नियम प्रभावकारी नहुने हुँदा यस सन्दर्भमा निर्माण सामग्री उत्पादन वा आपूर्ति गर्ने संस्थाहरूको भूमिका पनि महत्त्वपूर्ण हुन्छ । यी संस्थाहरूले पुरातत्त्व विभागको सिफारिशमा संरक्षित स्मारक क्षेत्रभित्र घर बनाउने व्यक्तिहरूलाई प्राथमिकता दिई निर्माण सामग्री जस्तै– काठ, इँटा, झिङ्गटी, टायल इत्यादि उपलब्ध गराइदिनु पर्दछ ।

### (७) डिजाइनर

नयाँ भवन निर्माण, पुनर्निर्माण तथा सुधार गर्ने सन्दर्भमा डिजाइनरको भूमिका पनि उत्तिकै महत्त्वपूर्ण छ । पुरातत्त्व विभागले तोकेको मापदण्डको पूरा जानकारी हासिल गर्न डिजाइनरको दायित्व हुन आउँछ । प्रचलित मापदण्ड अनुसार घर डिजाइन गरिदिने र सोको अनिवार्यता तथा महत्त्वबारे घर धनीलाई जानकारी दिने कर्त्तव्य डिजाइनरको हुन आउँछ । घर धनीलाई अनियमित निर्माण कार्य गर्नबाट रोक्ने दायित्व पनि

डिजाइनरको हुन आउँछ । उदाहरणको लागि मापदण्ड अनुसार तीन तल्ला बनाउन पाउने हो भने ६ तल्लाको लागि जगको व्यवस्था गर्न उचित हुँदैन ।

## (८) सम्बन्धित व्यक्ति

सम्बन्धित व्यक्तिले आफ्नो घर निर्माण गर्ने सन्दर्भमा पुरातत्त्व विभागले तोकेको मापदण्डलाई पालना गर्न आवश्यक छ भन्ने बुझ्नु पर्दछ । मापदण्ड विपरीत निर्माण गरेमा घर भत्काउन सकिने दण्ड र सजायँको भागी हुनुपर्ने र संरक्षित क्षेत्रको वातावरणलाई प्रतिकूल असर पर्न सक्छ भन्ने बुझ्नु अत्यावश्यक छ ।

## (९) पुनरावेदन समिति तथा अदालत

अनियमित कार्य गर्नेहरूलाई सम्बन्धित निकायहरूले दण्ड सजायँ गरेपछि ३५ दिनभित्र पुनरावेदन दिने तथा पुनरावेदनबाट पनि निर्णय सदर भएमा पनि सर्वोच्च अदालतसम्म मुद्दा दावी गर्ने बाटो छ । यस प्रकारले एउटा मुद्दा किनारा लाग्न निकै समय लाग्ने हुनाले एकातर्फ कार्यवाही नै भएको छैन भन्ने धारणा सबैमा हुने गरेको तथा अर्कोतर्फ अन्य व्यक्तिहरू समेत प्रोत्साहित हुने गरेको हुनाले यी निकायहरूले स्मारक क्षेत्रसम्बन्धी मुद्दाहरूको छिटो–छरिटो रूपबाट निर्णय गर्न अति जरूरी छ ।

# संरक्षित स्मारक क्षेत्र र सोको संरक्षणसम्बन्धी कानूनी प्रावधान

-भीमप्रसाद नेपाल

कला एवं वास्तुकलाको दृष्टिले महत्त्वपूर्ण पुरातात्त्विक एवं ऐतिहासिक स्थलहरू, धार्मिक एवं सांस्कृतिक क्षेत्र तथा स्मारकहरू नेपालमा असीमित मात्रामा रहेका छन् । यी हाम्रा सांस्कृतिक सम्पदाहरू हाम्रो देशको जिउँदो इतिहास हुन् । यी हाम्रा राष्ट्रिय गौरवका वस्तुहरू हुन् जसलाई हाम्रा पूर्वजहरूले हाम्रो निम्ति छाडेर गएका छन्, तिनीहरूको संरक्षण गर्नु हामी नेपाली मात्रको परम कर्त्तव्य एवं दायित्व हो, यिनको संरक्षण गरी पूर्वजहरूको आशयलाई पूरा गर्नु र अब आउने पिंढीहरूलाई ती सांस्कृतिक निधिहरूको बारेमा जानकारी लिनसक्ने अवस्थामा राख्नु र संरक्षण गर्न अभिप्रेरित गर्नु हाम्रो जिम्मेवारी एवं कर्त्तव्य हो । अतएव यस्ता स्मारक एवं क्षेत्रहरूलाई बेहिसाब हुन गर्न नदिन र सो क्षेत्रको ऐतिहासिक एवं वास्तुकलाको वातावरण संरक्षण गर्न त्यस्ता क्षेत्रहरूलाई संरक्षित स्मारक क्षेत्र घोषित गर्नु जरूरी हुन आयो ।

नेपालमा पहिलो पटक प्राचीन स्मारक एवं पुरातात्त्विक वस्तुहरूको संरक्षण गर्न र सो सम्बन्धी व्यवस्था गर्ने उद्देश्यले २०१३ सालमा प्राचीन स्मारक संरक्षण ऐन, २०१३ लागू भयो र उक्त ऐन पटक पटक संशोधन भएको देखिन्छ । उक्त ऐन २०४३ सालमा तेस्रो संशोधन हुनुभन्दा अगाडिसम्म उक्त ऐनको दफा ३ मा श्री ५ को सरकारले कुनै प्राचीन स्मारकलाई संरक्षित स्मारक भनी घोषित गर्न सक्ने व्यवस्था मात्र थियो । तर यसमा स्मारक क्षेत्र नभनी प्राचीन स्मारक मात्र भनिएको थियो । साथै संरक्षित स्मारक क्षेत्रमा के गर्न हुने, के गर्न नहुने, घर वा भवन निर्माण, मर्मत, थपघट गर्न चाहनेले कसरी गर्ने, कुन कुन निकायहरूको स्वीकृति लिनुपर्ने, स्वीकृति नलिएमा के गर्ने, स्वीकृत लिएर पनि विपरीत कार्य गरेमा के गर्ने आदि कुराहरूको उल्लेख भएको पाइँदैन ।

उपर्युक्त तथ्यहरूलाई हृदयङ्गम गरी प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को तेस्रो संशोधन हुनु आवश्यक मात्र होइन, अनिवार्य नै हुन आयो । फलस्वरूप २०४३ सालमा उक्त ऐनको दफा ३ पूर्ण रूपले संशोधन गरी समयानुकूल र स्पष्ट बनाई उक्त क्षेत्रमा के के गर्न हुने, के के गर्न नहुने, घर वा भवनको नक्सा स्वीकृतिसम्बन्धी प्रक्रिया, पुरातत्त्व विभागको मापदण्ड विपरीत कार्य गरेमा रोक्का गर्ने र भत्काउने आदिको स्पष्ट व्यवस्था भएको छ ।

## संरक्षित स्मारक क्षेत्र घोषित गर्ने प्रक्रिया

प्राचीन स्मारक संरक्षण ऐन (संशोधन सहित), २०१३ को दफा ३ को उपदफा (१) मा श्री ५ को सरकारले कुनै प्राचीन स्मारक रहेको ठाउँ वा क्षेत्रलाई संरक्षित स्मारक क्षेत्र घोषित गर्न सक्ने व्यवस्था भएको छ। यसप्रकार संरक्षित स्मारक क्षेत्र घोषित गर्दा सो क्षेत्रको चार किल्ला खोली सोको सूचना सो ठाउँमा र नजीकैको सार्वजनिक स्थलमा पनि टाँस्नु पर्ने व्यवस्था ऐनले गरेको छ।

उक्त ऐनको दफा ३ को उपदफा (२) ले उपर्युक्त बमोजिम सूचनामा चित्त नबुझ्ने व्यक्तिले उक्त सूचना टाँस भएको मितिले ३५ दिनभित्र श्री ५ को सरकार समक्ष उजूर दिन सक्ने व्यवस्था गरेको छ। यस सम्बन्धमा श्री ५ को सरकारले अन्तिम निर्णय दिन सक्ने व्यवस्था उक्त दफाको उपदफा (३) मा भएको छ। उपर्युक्त अनुसार उजूर परेमा अन्तिम निर्णय भएपछि र उजूरी नपरेको अवस्थामा उजूर गर्ने हद म्याद समाप्त भएपछि श्री ५ को सरकारले राजपत्रमा सूचना प्रकाशित गरी कुनै प्राचीन स्मारक रहेको ठाउँ वा क्षेत्रलाई चार किल्ला खोली संरक्षित स्मारक क्षेत्र घोषित गर्न सक्ने व्यवस्था उक्त ऐनको दफा ३ को उपदफा (४) ले गरेको छ। यस प्रकार राजपत्रमा सूचना प्रकाशित भइसकेपछि कानूनी रूपमा संरक्षित स्मारक क्षेत्र घोषित भएको मानिनेछ र उक्त क्षेत्रमा जुनसुकै कार्य गर्नु परेमा पुरातत्त्व विभागको स्वीकृति लिनु पर्ने व्यवस्था भएको छ। प्राचीन स्मारक संरक्षण ऐनमा भएको प्रस्तुत व्यवस्था अनुसार उपर्युक्त अनुसार घोषित क्षेत्रलाई संरक्षित स्मारक क्षेत्र भनिएको छ।

श्री ५ को सरकारले प्राचीन स्मारक संरक्षण ऐनले दिएको अधिकारको प्रयोग गरी २०३५ सालमा प्राचीन स्वयम्भूनाथ क्षेत्रलाई, २०४१ सालमा हनुमान्ढोका दरबार क्षेत्र, बौद्धनाथ क्षेत्र, प्राचीन ललितपुर दरबार क्षेत्र, भक्तपुर दरबार क्षेत्र र चाँगुनारायण क्षेत्रलाई संरक्षित स्मारक क्षेत्र घोषित गरिसकेको छ।

## संरक्षित स्मारक क्षेत्रमा विद्युत् लाइन जडान गर्ने, सडक खन्ने आदि कार्य गर्न पुरातत्त्व विभागको स्वीकृति लिनुपर्ने व्यवस्था

संरक्षित स्मारक क्षेत्रहरू विभिन्न दृष्टिले महत्त्वपूर्ण र संवेदनशील हुन्छन्। जमीन बाहिर कला, वास्तुकलाको दृष्टिले महत्त्व राख्ने वस्तुहरू रहेका हुन्छन्, इतिहास बोध गराउने सामग्रीहरू रहेका हुन्छन्। साथै यस्ता क्षेत्रका जमीनभित्र पनि अमूल्य पुरातात्त्विक वस्तुहरू रहन सक्ने बलियो सम्भावना हुन्छ। यस्ता क्षेत्रहरूमा समय–समयमा विशिष्ट पाहुनाहरू दृश्यावलोकन गर्न आइरहेका हुन्छन् भने दिन–दिनै पर्यटकहरूको घुइँचो पनि उत्तिकै हुने गर्दछ। अत: यस तथ्यलाई दृष्टिगत गरी उक्त क्षेत्रहरू सधैं सफा–सुग्घर राख्नु, दृश्यावलोकन गर्न आउनेहरूका लागि सधैं वातावरणमा अनुकूल बनाउने उद्देश्यले र उक्त क्षेत्रमा जथाभावी हुन नदिने आशयले प्राचीन स्मारक संरक्षण ऐन (संशोधन सहित) को दफा ३ को उपदफा (५) मा संरक्षित स्मारक क्षेत्रहरूमा सामान्य कार्यहरू गर्न पनि पुरातत्त्व विभागको स्वीकृति लिनुपर्ने व्यवस्था भएको छ। संरक्षित स्मारक घोषित क्षेत्रमा टेलिफोन लाइन, विद्युत् लाइन जडान गर्न, खानेपानी वा ढलको लागि जमीन खन्न, सडक निर्माण गर्न वा मर्मत गर्न, चलचित्र सुटिङ्ग गर्न, पर्व–मेला लगाउन, नाच–गानको व्यवस्था गर्न वा पोष्टर, तस्बीर टाँस्नको निमित्त समेत पुरातत्त्व विभागको स्वीकृति लिनु पर्ने व्यवस्था उक्त दफा ३ को उपदफा (५) ले गरेको छ। तर परम्परागत रूपमा प्रचलित नाचगान, पर्व–मेला गर्न चलाउन भने पुरातत्त्व विभागको स्वीकृति लिइरहनु नपर्ने व्यवस्था पनि उक्त ऐनले गरेको छ।

ऐनले गरेको उपर्युक्त अनुसारको व्यवस्था नि:सन्देह उत्साहजनक र आवश्यकीय कदम मान्नु पर्दछ, तर उक्त कार्य व्यावहारिक रूपमा कति हदसम्म कार्यान्वयन हुन सकेको छ, कस्ता प्रकारका समस्याहरू देखापरेका छन् आदि सान्दर्भिक पक्षहरूलाई पनि यस परिप्रेक्ष्यमा नियाल्नु उत्तिकै जरूरी हुन आउँछ।

प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को २०४३ सालमा भएको तेस्रो संशोधनमा उक्त व्यवस्था भएको हो र उक्त कार्यहरू गर्न स्वीकृति पुरातत्त्व विभागले दिने गरेको छ। तर हालसम्मको अनुभवबाट के देखिएको छ भने टेलिफोन लाइन, बिजुलीको लाइन जडान गर्न, पोष्टर तथा तस्बीर टाँस्न पुरातत्त्व विभागको स्वीकृति लिन कोही पनि आएको पाइएको छैन। खानेपानीको र ढलको पाइप बिछ्याउनको निमित्त जमीन खन्न केही मानिसहरूले स्वीकृतिको निमित्त निवेदन दिएको र पुरातत्त्व विभागबाट स्वीकृति भै गएका पनि छन्। पुरातत्त्व विभागले पूर्व अवस्थामा उक्त खनेको ठाउँ बनाइदिने गरी स्वीकृति दिने गरेको छ। तर व्यवहारमा भने कतिपय संरक्षित स्मारक क्षेत्रमा यस विभागको स्वीकृति नलिकन पनि उक्त कार्यहरू गर्ने गरेको, स्वीकृति लिएर पनि खनेको ठाउँ पूर्व अवस्थामा नबनाइदिने, गरेको बनाइदिए पनि राम्रोसंग नबनाइदिने गरेका प्रशस्त उदाहरणहरू पाइन्छन्।

## संरक्षित स्मारक क्षेत्रमा निर्माण, मर्मत हुने घरहरूको नक्सा स्वीकृतिसम्बन्धी प्रक्रिया

विगत केही वर्ष यतादेखि संरक्षित स्मारक क्षेत्रहरूमा आधुनिक निर्माण सामग्रीहरूको प्रयोग गरी आधुनिक आकार–प्रकारका अग्ला–अग्ला घर भवनहरूको निर्माण कार्यले गर्दा हाम्रा अमूल्य सांस्कृतिक निधिहरूलाई नराम्रो प्रभाव पार्दै गइरहेको तथ्यलाई हृदयङ्गम गरी अब आइन्दा उक्त क्षेत्रहरूमा निर्माण, मर्मत, पुनर्निर्माण थपघट हुने गर्ने घर भवनहरूको नक्सा, पुरातत्त्व विभागबाट स्वीकृत गराउनु पर्ने व्यवस्था प्राचीन स्मारक संरक्षण ऐन (संशोधन सहित), २०१३ ले गरेको छ।

उक्त ऐनको दफा ३ को उपदफा (६) मा संरक्षित स्मारक क्षेत्रभित्र कसैले आफ्नो हक भोगको जग्गामा नयाँ घर वा भवन निर्माण गर्दा वा साबिक आकारमा परिवर्तन हुने गरी आफ्नो घर वा भवनको मर्मत, थपघट वा पुनर्निर्माण गर्दा पुरातत्त्व विभागले तोकेको मापदण्ड बमोजिम निर्माण, मर्मत, थपघट वा पुनर्निर्माण गर्नुपर्ने व्यवस्था भएको छ। नगर पञ्चायत क्षेत्रभित्र पर्ने संरक्षित स्मारक क्षेत्रभित्र घर वा भवन निर्माण, मर्मत, थपघट वा पुनर्निर्माण गर्न चाहने व्यक्तिले सम्बन्धित नगर पञ्चायतमा पेश गरेको नक्सा नगर पञ्चायतले प्रचलित कानून बमोजिम उक्त नक्सा पास गर्नुभन्दा अगावै पुरातत्त्व विभागको स्वीकृति लिनुपर्ने र नगर पञ्चायतबाट स्वीकृतिको लागि प्राप्त नक्सा अध्ययन गरी पुरातत्त्व विभागले स्वीकृति दिन, संशोधन सहित स्वीकृति दिन वा स्वीकृति नदिन सक्ने व्यवस्था प्राचीन स्मारक संरक्षण ऐन (संशोधन सहित), २०१३ को दफा ३ को उपदफा (७) ले गरेको छ। तर केही यस्ता उदाहरणहरू पनि पाइएका छन् कि संरक्षित स्मारक क्षेत्रभित्र घर निर्माण गर्न नगर पञ्चायतमा स्वीकृतिको निमित्त पेश भएका नक्साहरू पुरातत्त्व विभागको स्वीकृति नलिई नक्सा स्वीकृति भइगएका पनि छन्। त्यस्तै संरक्षित स्मारक क्षेत्रमा केही सम्बन्धित न. पं. वडा अध्यक्षले घरहरू मर्मत, छाना फेर्न, तल्ला थप्न, टहराहरू राख्न स्वीकृति दिने गरेको पनि पाइएको छ। यसरी स्वीकृति दिने परम्पराको नियन्त्रण हुनु जरूरी छ।

## स्वीकृत नक्सा वा पुरातत्त्व विभागको मापदण्ड विपरीत निर्माण कार्य भएमा गरिने कार्यवाहीको प्रक्रिया

### (क) निर्माण कार्य रोक्न आदेश दिने

उपर्युक्त बमोजिम पुरातत्त्व विभागले तोकेको मापदण्ड वा स्वीकृत नक्सा विपरीत घर वा भवनको निर्माण, मर्मत, थपघट वा पुनर्निर्माण गरेमा सो कार्य रोक्का गर्न पुरातत्त्व विभागले आदेश दिन सक्ने व्यवस्था उक्त ऐनको दफा ३ को उपदफा (८) ले गरेको छ। यसको कार्यान्वयन गर्न पुरातत्त्व विभागले भोग्नु परेको समस्या यस परिप्रेक्ष्यमा उल्लेख गर्नु बढी प्रासङ्गिक होला। पुरातत्त्व विभागले तोकेको मापदण्ड विपरीत वा स्वीकृत नक्सा विपरीत निर्माण, मर्मत, थपघट वा पुनर्निर्माण कार्य प्रशस्त मात्रामा हुने गरेको पाइएको छ र यस्ता कार्य रोक्का गर्नको निमित्त पुरातत्त्व विभागले

सम्बन्धित घर धनीलाई रोक्कापत्र लेख्ने गरेको छ। हालसम्मको अनुभवबाट के देखिएको छ भने पुरातत्त्व विभागबाट लेखिएका रोक्कापत्रहरू सम्बन्धित घर धनी-हरूले नबुझिदिने अर्थात् बुझाउने समस्या, घर धनीको नाम कसैले पनि भन्न नचाहने, रोक्कापत्र टाँस्न खोज्दा टाँस्ने मानिसलाई हतोत्साही तुल्याउने आदि जस्ता समस्याहरू छन्। अर्कातिर रोक्कापत्र बुझेर पनि घर वा भवनको निर्माण, मर्मत, थपघट वा पुनर्निर्माण कार्य रोक्का नगरेका प्रशस्त उदाहरणहरू छन्। यसको निमित्त पुरातत्त्व विभागले ठोस कदम चाल्नु आवश्यक मात्र होइन, अनिवार्य भइसकेको छ।

**(ख) भत्काउन आदेश दिने**

उक्त ऐनको दफा ३ को उपदफा (९) मा उप दफा (८) बमोजिम पुरातत्त्व विभागले दिएको आदेश नमानी घर वा भवनको निर्माण, मर्मत, थपघट वा पुर्ननिर्माण गरेमा त्यस्तो घर वा भवनलाई स्थानीय हाकिम (प्रमुख जिल्ला अधिकारी) ले पैंतीस दिनको म्याद दिई भत्काउन आदेश दिन सक्नेछ। त्यस्तो आदेश उपर चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र श्री ५ को सरकारमा उजूरी दिन सक्नेछ र सो सम्बन्धमा श्री ५ को सरकारको निर्णय अन्तिम हुने व्यवस्था छ। यसको कार्यान्वयनको सम्बन्धमा पुरातत्त्व विभागले सम्बन्धित जिल्ला कार्यालयलाई अनुरोध गर्ने गरिएको छ।

उपर्युक्त अनुसार उजूर परेकोमा श्री ५ को सरकारको निर्णय भएको मितिले पैंतीस दिनभित्र र उजूरी नपरेकोमा उपदफा (९) बमोजिम स्थानीय हाकिमले आदेश दिएको मितिले पैंतीस दिनभित्र सम्बन्धित व्यक्तिले आफ्नो घर वा भवन भत्काउनुपर्ने र उक्त म्यादभित्र नभत्काएमा स्थानीय हाकिम (प्रमुख जिल्ला अधिकारी) ले त्यस्तो घर वा भवन भत्काउन सक्नेछ र त्यसरी भत्काउँदा लागेको खर्च सम्बन्धित व्यक्तिबाट असूल उपर गरिने व्यवस्था उक्त ऐनको दफा ३ को उपदफा (१०) ले गरेको छ।

## प्राविधिक समितिको व्यवस्था

प्राचीन स्मारक संरक्षण ऐन (संशोधन सहित), २०१३ को दफा ३ (क) मा प्राविधिक समितिको व्यवस्था भएको छ। यस समितिले, संरक्षित स्मारक क्षेत्र भित्रका निजी हकभोगको जग्गामा निर्माण गरिने घरको शैली तथा मापदण्डका सम्बन्धमा पुरातत्त्व विभागलाई परामर्श दिनसक्ने व्यवस्था ऐनले गरेको छ।

## श्री ५ को सरकारले किन्न सक्ने व्यवस्था

कुनै व्यक्तिको निजी सम्पत्तिको रूपमा रहेको प्राचीन स्मारक वा कुनै प्राचीन स्मारक क्षेत्रभित्र रहेको निजी वा संस्थागत स्वामित्वको घर जग्गा श्री ५ को सरकारले स्मारक तथा स्मारक क्षेत्रको वातावरण संरक्षणको दृष्टिकोणले आवश्यक ठानेमा मूल्याङ्कनको आधारमा मूल्य दिई किन्न सक्ने व्यवस्था प्राचीन स्मारक संरक्षण ऐनको दफा ४ ले गरेको छ।

## प्राचीन स्मारक संरक्षण नियमावली

प्राचीन स्मारक संरक्षण ऐन, २०१३ का विभिन्न दफाहरूलाई प्रभावकारी ढङ्गबाट कार्यान्वयन पक्षमा ल्याउनको निमित्त प्राचीन स्मारक संरक्षण नियमावली तयार गर्ने सम्बन्धमा कार्यवाही भइरहेको छ। नियमावलीको अभावमा संरक्षित क्षेत्रहरूको वातावरण संरक्षण गर्ने कार्यलाई प्रभावकारी ढङ्गबाट कार्यान्वयन गर्न ठूलो बाधा परिरहेको तथ्य यस परिप्रेक्ष्यमा नकार्न सकिँदैन।

## संरक्षित स्मारक क्षेत्रसम्बन्धी निर्देशिका एवं मापदण्ड

श्री ५ को सरकारले संरक्षित स्मारक घोषित क्षेत्रहरू (हनुमान्ढोका दरबार क्षेत्र, ललितपुर दरबार क्षेत्र, भक्तपुर दरबार क्षेत्र, स्वयम्भूनाथ क्षेत्र, बौद्धनाथ क्षेत्र, चाँगुनारायण क्षेत्र) को दुरुपयोग वा त्यसमा कुनै किसिमको बेहिसाब हुन, गर्न नदिन उक्त क्षेत्रहरूको प्राचीनता, मौलिकता र स्वच्छ वातावरण कायम राख्नका लागि "संरक्षित स्मारक घोषित व्यवस्थासम्बन्धी निर्देशिका, २०४१" लागू गरेको छ।

उक्त निर्देशिकामा संरक्षित स्मारक क्षेत्रमा निर्माण हुने घर वा भवनहरूको मापदण्ड तोकिएको छ र यस निर्देशिका बमोजिमको काम कार्यान्वयनको निमित्त र साथै प्राप्त नक्सा अध्ययन र स्थलगत निरीक्षण समेत

गरी उक्त निर्देशिकामा उल्लेखित मापदण्डको आधारमा सो नक्सा स्वीकृत, संशोधन सहित स्वीकृत वा अस्वीकृत गर्ने कार्य गर्नको निमित्त समितिहरूको व्यवस्था पनि उक्त निर्देशिकाले गरेको छ। यस समितिमा पुरातत्त्व विभागका प्रतिनिधि र आर्किटेक्ट, सम्बन्धित दरबार हेरचाह अड्डाका प्रमुख, गुठी संस्थानका प्रतिनिधि, उपत्यका नगर विकास समितिका प्रतिनिधि र सम्बन्धित नगर पञ्चायतका प्रतिनिधि रहने व्यवस्था छ र हाल सम्बन्धित नगर पञ्चायतहरूबाट पुरातत्त्व विभागको स्वीकृतिको निमित्त प्राप्त नक्साहरू यसै समितिले पेश गरेको प्राविधिक परामर्श प्रतिवेदनको आधारमा पुरातत्त्व विभागले स्वीकृत, संशोधन सहित स्वीकृत वा अस्वीकृत गर्ने गरिएको छ।

## ऐतिहासिक, पुरातात्त्विक एवं धार्मिक स्थलहरू र त्यस्ता स्मारक एवं वस्तुहरूको सम्बन्धमा पनि उल्लेख भएका अरू ऐनहरू

यस प्रतिप्रेक्ष्यमा प्राचीन स्मारक संरक्षण ऐनका अतिरिक्त अन्य त्यस्ता ऐनहरूको बारेमा पनि संक्षेपमा उल्लेख गर्नु प्रासङ्गिक नै हुनेछ जसले प्राचीन स्मारक क्षेत्र तथा ऐतिहासिक, पुरातात्त्विक एवं धार्मिक स्थलहरूका बारेमा र यस दृष्टिकोणबाट महत्त्वपूर्ण वस्तु एवं स्मारकहरूको सम्बन्धमा पनि केही व्यवस्था गरेको छ।

### नगर निर्माण योजना कार्यान्वयन ऐन, २०२९

नगर निर्माण योजना कार्यान्वयन ऐन, २०२९ को दफा ५ मा समितिको अधिकार तोकिएको छ। सोही दफाको उपदफा (१) मा समितिले नियमित वा निषेध गर्ने भनी सूचना गरी आदेश दिएका पुरातात्त्विक, धार्मिक एवं ऐतिहासिक स्थलहरूको उपभोग र प्रयोग गर्नको निमित्त समितिको पूर्व स्वीकृति विना कसैले केही गर्न हुँदैन भन्ने उल्लेख भएको छ। साथै निर्माण कार्यको स्वीकृति दिने, रोक्का गर्न सक्ने, भत्काउन सक्ने आदि व्यवस्था पनि भएको पाइन्छ। ऐन नियम विपरीत भए गरेमा दण्ड सजायँको व्यवस्था पनि उक्त ऐनको दफा ६ ले गरेको छ।

### नगर विकास ऐन, २०४५

केही समयअघि प्रकाशमा आएको नगर विकास ऐन, २०४५ को दफा ९ को उपदफा (१) मा पुरातात्त्विक, धार्मिक, ऐतिहासिक स्थलहरूको उपभोग र प्रयोग गर्ने नगर विकास समितिको स्वीकृति लिनु पर्ने र यस्ता क्षेत्रमा कुनै कार्य गर्न समितिले निषेध गर्न सक्ने व्यवस्था छ।

उक्त ऐनको दफा ११ को उपदफा (१) मा प्राचीन स्मारकसम्बन्धी प्रचलित नेपाल कानूनको अधीनमा रही नगर योजना क्षेत्रमा कुनै सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको समुचित विकास तथा सम्भारको लागि आवश्यक परियोजना बनाई कार्यान्वयन गर्नसक्ने व्यवस्था भएको छ। समितिले निषेध गरेका काम कुराहरू गरेमा निर्माण कार्य रोक्न वा भत्काउन आदेश दिन सक्ने व्यवस्था पनि उक्त ऐनको दफा १० को उपदफा (१) ले गरेको छ।

### नगर पंचायत ऐन, २०१९

संरक्षित स्मारक क्षेत्रहरू स्थानीय नगर पञ्चायत क्षेत्रभित्र पनि पर्ने भएकोले र संरक्षित स्मारक क्षेत्रमा निर्माण हुने घर वा भवनहरूको नक्सा पुरातत्त्व विभागको सिफारिशमा सम्बन्धित नगर पञ्चायतले स्वीकृति दिने व्यवस्था भएकोले यस सन्दर्भमा नगर पञ्चायत ऐन, २०१९ मा भएको व्यवस्था पनि उल्लेखनीय हुन आउँछ। उक्त ऐनको परिच्छेद ७ मा नगर पञ्चायत क्षेत्रभित्र घर वा भवन निर्माण गर्न सम्बन्धित नगर पञ्चायतबाट स्वीकृति लिनु पर्ने व्यवस्था छ र स्वीकृति नक्सा विपरीत निर्माण कार्य भएमा प्रधानपञ्चले भत्काउन आदेश दिनसक्ने प्रावधान रहेको छ।

### स्थानीय प्रशासन ऐन, २०२८

स्थानीय प्रशासन ऐन, २०२८ को दफा ९ को उपदफा ६ मा प्रमुख जिल्ला अधिकारीले आफ्नो जिल्ला भित्रका सार्वजनिक धारा, कुवा, पोखरी, पधेंरा, पाटी, पौवा, सत्तल, धर्मशाला, मन्दिर, गुफा, पुल आदिको लगत लिइराख्नुपर्ने व्यवस्था भएको छ र यस्ता स्मारकहरू भत्की बिग्री नोक्सान हुन लागेमा त्यसको धनी,

वारिस, स्थानीय पञ्चायत वा गुठी संस्थानद्वारा मर्मत गर्न लगाउनुपर्ने व्यवस्था पनि उक्त दफाले गरेको छ ।

## हालसम्मको अनुभवबाट महसूस भएका केही समस्या र समाधानका उपायहरू

उपर्युक्त अनुसार संरक्षित स्मारक क्षेत्रहरूको ऐतिहासिक एवं वास्तुकलाको वातावरण संरक्षण गर्न, उक्त क्षेत्रको र स्मारकहरूको बेहिसाब हुन गर्न नदिन प्राचीन स्मारक संरक्षण ऐन र नगर निर्माण योजना कार्यान्वयन ऐन तथा नगर विकास ऐन, नगर पञ्चायत ऐन आदिले गरेका व्यवस्थाहरू सफलतापूर्वक कार्यान्वयन हुनसकेको खण्डमा यस्ता क्षेत्रहरूको वातावरण संरक्षण गर्ने कार्यमा महत्त्वपूर्ण योगदान पुग्न सक्ने कुरामा दुइमत हुँदैन । ऐन–कानूनमा भएका कुराहरूलाई कार्यान्वयन पक्षमा ल्याउन सम्पूर्ण सरकारी, अर्धसरकारी निकायहरू र संघ–संस्थाहरूको सहयोग एवं समन्वयको आवश्यकता पर्दछ– यो निर्विवाद सत्य हो । संरक्षित स्मारक क्षेत्रहरूको वातावरण संरक्षण गर्ने अभियानलाई सफल पार्न सम्बन्धित घर मालिकहरूले र उक्त क्षेत्रमा रहने नागरिकहरूले अझ उल्लेखनीय भूमिका निर्वाह गर्न सक्ने कुरामा पनि दुइमत हुन सक्दैन । स्मारक र यस्ता क्षेत्रहरूको संरक्षण गर्न प्रचलित ऐन, कानून र सम्बन्धित निकायहरूको मात्र मुख नताकी सबैले आ–आफ्नो क्षेत्रबाट योगदान पुऱ्याउनु पर्ने पनि आजको आवश्यकता छ ।

हालसम्मको अनुभवबाट के देखिएको छ भने ऐनमा भएका प्रावधानहरू पूर्ण रूपले कार्यान्वयन हुन सकेको छैन । कार्यान्वयन गर्न पनि निकै समस्याहरू देखा परेका छन् । पुरातत्त्व विभागको मापदण्ड विपरीत र स्वीकृत नक्सा विपरीत प्रशस्त निर्माण, मर्मत, थपघट वा पुनर्निर्माण कार्यहरू हुने गरेका र भएका छन् । यस अवस्थामा पुरातत्त्व विभागले सर्वप्रथम सम्बन्धित घर मालिकहरूलाई निर्माण कार्य रोक्काको लागि आदेश दिने गरिएको छ । साथै सम्बन्धित नगर पञ्चायत र काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिको कार्यालयलाई पनि अनुरोध गरिन्छ । यसपछि पनि निर्माण कार्य कायम नै राखेमा सम्बन्धित जिल्ला कार्यालयलाई निर्माण कार्य रोक्काको लागि अनुरोध गर्ने गरिएको र जिल्ला कार्यालयले सम्बन्धित जिल्ला प्रहरी कार्यालयलाई निर्माण कार्य रोक्काको लागि अनुरोध गर्ने व्यवस्था छ । यस प्रकार पुरातत्त्व विभाग र सम्बन्धित निकायहरूले दिएको आदेशको बेवास्ता गरी निर्माण कार्य गरेका प्रशस्त उदाहरणहरू छन् ।

ऐनमा रहेको प्रावधान अनुसार पुरातत्त्व विभाग उक्त क्षेत्रहरूको संरक्षण गर्ने आधिकारिक सरकारी निकाय हो । तर यसैले यस कार्य प्रयोजनको निमित्त केवल पत्राचार मात्र गर्न सक्छ । पर्याप्त मात्रामा जनशक्ति, स्रोत एवं साधनको अभावमा पुरातत्त्व विभागले उक्त कार्यहरूको निरन्तर निरीक्षण गर्न नसकेको पनि महसूस हुन्छ । कार्य क्षेत्रमा गई पुरातत्त्व विभागको मापदण्ड विपरीतका कार्यहरू रोक्का गर्न मौखिक भन्ने पनि गरिएको छ, तर पनि नियन्त्रण गर्न निकै समस्या परेको छ ।

संरक्षित स्मारक क्षेत्रभित्र स्वीकृत नक्सा विपरीत घर, भवन निर्माण भएमा कुन ऐन बमोजिम कारवाही गर्ने भन्ने समस्या पनि महसूस हुन थालेको छ । प्राचीन स्मारक संरक्षण ऐन (संशोधन सहित), २०१३ बमोजिम कार्यवाही गर्ने कि ?, नगर निर्माण योजना कार्यान्वयन ऐन, २०२९ बमोजिम कार्यवाही गर्ने कि ? अथवा नगर पञ्चायत ऐन बमोजिम कार्यवाही गर्ने ? यस अवस्थामा कहिले दुवै वा तीनै तर्फबाट कार्यवाही हुन सक्ने सम्भावना पनि हुन सक्छ भने कुनै केसमा कतैबाट कार्यवाही नहुन पनि सक्छ । यस प्रकार ऐन बाझिएको अवस्थामा कार्यवाही गर्ने निकायहरूलाई द्विविधा उत्पन्न हुनु स्वाभाविकै हो । तसर्थ एउटै ऐन अनुसार कार्यवाही हुने व्यवस्था हुन जरूरी देखिन्छ ।

ऐनमा पुरातत्त्व विभागले भत्काउन सक्ने प्रावधान पनि नहुनु र विभागसंग पर्याप्त मात्रामा जनशक्ति, स्रोत र साधन पनि नहुनुको कारणले भत्काउने कार्य पुरातत्त्व विभागबाट हुनु कम सम्भावना छ । जिल्ला कार्यालय र जिल्ला प्रहरी कार्यालयहरूको आफ्नो दैनिक कार्य व्यस्तताले गर्दा पुरातत्त्व विभागको मापदण्ड विपरीतका घर भवनहरूको निर्माण कार्य प्रभावकारी ढङ्गबाट रोक्का गर्न कठिनाई हुन गएको महसूस भइरहेको छ । प्रहरीहरूले निर्माण कार्य रोक्काको लागि आदेश दिंदा पनि सम्बन्धित घर मालिकहरूले रोक्का गरेका छैनन् । प्रहरी-

हरू सधैं घर निर्माण भइरहेको ठाउँमा बस्न पनि सम्भव छैन, प्रहरीहरू हिंड्नासाथ घर वा भवनको निर्माण कार्य घर धनीहरूले रातारात गर्ने गर्दछन् । यस अवस्थामा ऐनमा भएको व्यवस्था अनुसार जिल्ला कार्यालयहरूले भत्काउने कार्य पूरा गर्न निकै समस्या देखिन्छ । तर पनि निर्माण कार्य रोक्का र भत्काउन प्रमुख जिल्ला अधिकारी र प्रहरीहरूको सहयोग आवश्यक हुने कुरा पनि नकार्न सकिंदैन । त्यसकारण प्राचीन स्मारक संरक्षण ऐन (संशोधन सहित), २०१३ को दफा ३ को उपदफा (९) र (१०) मा व्यवस्था भए अनुसारको प्रमुख जिल्ला अधिकारीको अधिकार क्षेत्रलाई कायमै राख्नु पर्ने र प्रमुख जिल्ला अधिकारीले पनि उक्त कार्यको कार्यान्वयन गर्दा काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समिति मार्फत् नै गराउने व्यवस्था हुनु व्यावहारिक देखिन्छ ।

संरक्षित स्मारक क्षेत्रहरूको वातावरण संरक्षण कार्यमा पुरातत्त्व विभाग, नगर विकास समिति, सम्बन्धित नगर पञ्चायत र प्रमुख जिल्ला अधिकारीको संलग्नता अनिवार्य हुन्छ । काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिमा उपर्युक्त सबैको संलग्नता हुन्छ र संरक्षित स्मारक क्षेत्रहरूको केसमा पुरातत्त्व विभागलाई पनि आमन्त्रित गर्ने गरिएको छ । नगर निर्माण योजना ऐन, २०२९ र हालसालै प्रकाशका आएको नगर विकास ऐन, २०४५ मा पनि नगर विकास समितिले पुरातात्त्विक, ऐतिहासिक, सांस्कृतिक एवं धार्मिक स्थलहरूको संरक्षणसम्बन्धी व्यवस्था गर्नु पर्ने प्रावधान छ । त्यसकारण यस कार्य प्रयोजनको निमित्त पनि काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिलाई नै सक्रिय बनाउँदै लग्नु पर्ने बढी व्यावहारिक देखिन्छ । उक्त कार्यान्वयन समितिमा प्रहरी जवानहरू सहितको पर्याप्त मात्रामा जनशक्ति, स्रोत एवं साधनको व्यवस्था हुनु अनिवार्य छ र पुरातत्त्व विभागको मापदण्ड र स्वीकृत नक्सा विपरीतका घर भवनहरू तत्कालै भत्काउने व्यवस्था हुनु पर्दछ । साथै संरक्षित स्मारक क्षेत्रहरूका घर भवनहरूसम्बन्धी प्रशासनिक प्रक्रिया कुनै पनि हालतमा लम्बिनु हुँदैन । यस सन्दर्भमा हाल भएको पुनरावेदनसम्बन्धी प्रक्रिया त्यति व्यावहारिक देखिंदैन । प्रशासनिक प्रक्रियाहरू किनारा लाग्न निकै समय लाग्दा उता सम्बन्धित घर मालिकहरूले घर वा भवनको निर्माण कार्य पूरा गरिसक्छन् । त्यसकारण पुनरावेदनसम्बन्धी प्रक्रियामा छिटो छरितो किनारा लाग्ने गरी केही संशोधन हुनु आवश्यक देखिन्छ ।

पुरातत्त्व विभाग, काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समिति, जिल्ला कार्यालय लगायतका सम्बन्धित निकायहरूले निर्माण कार्य रोक्काको लागि दिएको आदेशको बेवास्ता गरी जबर्जस्ती निर्माण कार्य चालू राखेमा तत्कालै कार्यवाही गर्ने ठोस व्यवस्था हुनु अनिवार्य छ। पुरातत्त्व विभागको मापदण्ड र स्वीकृत नक्सा विपरीतका घर वा भवनहरू निर्माण भइसकेपछि भत्काउनेतर्फ कार्यवाही गर्नुपर्ने परिस्थितिको सृजना हुनु भन्दा पहिले नै त्यस्ता घर भवनहरू निर्माण गर्न नदिने र निर्माण कार्य भइरहेको अवस्थामा नै प्रभावकारी ढङ्गबाट निर्माण कार्य रोक्का गर्न लगाई वातावरण अनुकूल निर्माण गर्नेतर्फ अभिप्रेरित गर्नु बढी व्यावहारिक हुन सक्ने कुरा निर्विवाद छ । तर हाल यही विषय जटिल समस्याको रूपमा देखापरेको छ । त्यसकारण यसतर्फ नै बढी ध्यान दिनु नै आजको पहिलो आवश्यकता देखिन्छ । उपर्युक्त व्यवस्था भएको खण्डमा हाल देखापरेका समस्याहरू केही मात्रामा भए पनि समाधान गर्न सकिने आशा गर्न सकिन्छ ।

# हनुमान्ढोका दरबार संरक्षित स्मारक क्षेत्रको परिचय, वातावरण संरक्षणमा देखापरेका समस्या र समाधानका उपायहरू

–तेजरत्न ताम्राकार

नेपाल अधिराज्यमा भएका विभिन्न प्राचीन दरबारहरूमध्ये हनुमान्ढोका दरबार एक प्रसिद्ध दरबार-को रूपमा रहेको छ। यस दरबारले नेपालको धार्मिक, सामाजिक एवं सांस्कृतिक इतिहासमा अद्वितीय भूमिका निर्वाह गरिरहेको छ। यो दरबारको नाम नसुन्ने विरलै नेपाली होलान्। काठमाडौं उपत्यकाका तीन वटा दरबार क्षेत्रहरूमध्ये हनुमान्ढोका दरबार क्षेत्रले सबैभन्दा धेरै स्मारकहरू तथा क्षेत्रफल ओगटेको छ।

यो दरबार कहिले र कुन राजाको पालामा स्थापना भयो ? यसबारे ठोस प्रमाण हालसम्म भेटिएको छैन।

लिच्छविकालभन्दा पूर्व काठमाडौं उपत्यकाको नाम मञ्जुपतन, पूर्णवती आदि रहेको किंवदन्ती छ भने लिच्छविकालका ऐतिहासिक सामग्री केलाएर हेर्‍यौं भने यहाँ लिच्छविकालीन दरबार भएको संकेत पाइन्छ। लिच्छविकालमा काठमाडौं शहरलाई दक्षिण कोलिग्राम र कोलिग्राम नामबाट दुई भागमा विभाजन भएको थियो।

दक्षिण कोलिग्राममा त्यस बखत एउटा राजकुल (राजदरबार) थियो। सो राजकुल दक्षिण कोलिग्राममा बनेको हुनाले दक्षिण राजकुलको नामले प्रसिद्ध थियो। यो कुरा जैशीदेवलबाट लगन जाने बाटोमा घरको भित्ता-मा ठड्याएर राखिएको संवत् ५३५ (वि. सं. ६७०) को अभिलेखबाट थाहा हुन्छ।

दक्षिण राजकुल कहाँसम्म फैलिएको थियो भन्ने थाहा पाउन केही वर्ष पहिले देगु तलेजु मन्दिरमुनि पाएको लिच्छविकालीन अभिलेखले मद्दत गरेको छ। सो अभिलेखमा अहिले संवत् देखिदैन। यो अभिलेख कसले राखिएको हो, सोको नाम यसमा देखापरेको छैन। लिपिको आधारमा यो शिलापत्र राजा अंशुवर्माको पाला-को भएको इतिहासकारहरूको भनाइ रहेको छ। यस अभिलेखमा लिच्छवि राजाको पुरानो दरबारको जीर्णोद्धार गरिदिएको कुरा परेको छ। साथै यस अभिलेखमा सर्वप्रथम किराँत भन्ने शब्द उत्कीर्ण गरिएको पाइएको छ। यस अभिलेखबाट लिच्छविकालमा यहाँ किराँत भएको प्रमाणित गर्दछ। यो महत्त्वपूर्ण शिलालेख हाल हनुमान्ढोका दरबारभित्र रहेको संग्रहालयमा सुरक्षितका साथ प्रदर्शन गरिराखेको छ। प्रस्तुत शिलालेखबाट राजा अंशुवर्माले आफूभन्दा अघिका लिच्छवि राजाले बनाएर गएका पुरानो दरबार पुनर्निर्माण गरेको र त्यसैको उपलक्ष्यमा यो शिलापत्र राख्न लगाएको देखिन्छ।

साथै यस दरबारको प्राचीनता प्रकाश पार्ने अर्को प्रमाण हनुमान्ढोकामा अघिदेखि चलिआएका सांस्कृतिक एवं धार्मिक जात्राको रूपमा चांगुनारायणको जात्रा लिन सकिन्छ। यो जात्रा वर्षको दुई पटक यस दरबारमा भित्रिन्छ। चांगुनारायायण लिच्छवि राजा मानदेवको समयभन्दा पनि पुरानो देवता हुन्। यस जात्राले हनुमान्-ढोका दरबार प्राचीनकालदेखि नै राजदरबारको रूपमा रहेको अनुमान गर्न सकिन्छ।

यसपछि मध्यकालमा हनुमान्ढोका दरबारको नाम गुनपो राजकुलको नामबाट प्रसिद्ध भएको देखिन्छ। प्रताप मल्लले हनुमान्को मूर्ति ने. सं. ७९२ (वि. सं. १७२८) मा स्थापना गरेका थिए। ने. सं. ७९९ सम्म पनि गुनपो राजदरबारको नाम उल्लेख भएको ठ्यासफु पाइन्छ। दरबारको ढोकासंगै हनुमान्को मूर्ति स्थापना पछि गुनपो राजदरबारको बदलामा हनुमान्ढोका दरबार-को नामकरण हुन गयो जुन आजसम्म कायमै रहेको छ। तसर्थ हनुमान्ढोका दरबारको नामकरण गर्ने श्रेय शाह्-वंशीय राजाहरूमा जान्छ।

वि. सं. १८८७ मा मन्दिर र चोकहरूको नापीमा हनुमान्ढोकाको इलाका अहिलेभन्दा धेरै परसम्म फैलिएको थियो। त्यसबखत यस दरबारमा ३५ वटा चोक र पटाङ्गिनी थिए। तर आज १० वटा चोक बाँकी रहेको छ। विशाल बजार, भूगोल पार्क पछाडि नेपाल बैंक लिमिटेडको प्रधान कार्यालयको भवनसम्म पनि हनुमान्ढोका दरबारको इलाकाभित्र थियो भन्ने कुरा प्रत्यक्ष देख्नेहरू काठमाडौंमा अहिलेसम्म पनि बाँकी छन्।

वि. सं. १९९० को महाभूकम्पपछि जुद्ध सडक बन्यो। त्यस बेलादेखि हनुमान्ढोकाको इलाका तितर–वितर भएको देखिन्छ।

## वातावरण संरक्षणमा देखापरेका समस्याहरू

आज हनुमान्ढोका दरबारको प्रसिद्धि स्वदेशमा मात्र नभै विदेशमा समेत दिन प्रतिदिन बढ्दै गैरहेको छ। काठमाडौं आउने स्वदेशी तथा विदेशी पर्यटकहरू यस दरबारको अवलोकन नगरी फर्कने शायदै होलान्। साँच्चै भन्ने हो भने हनुमान्ढोका दरबार क्षेत्र एउटा नेपाली वास्तुकलाको खुल्ला संग्रहालयको रूपमा रहेको छ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको राज्यारोहण पछि नेपालमा सांस्कृतिक सम्पदा-हरूको वैज्ञानिक ढङ्गबाट संरक्षण तथा सम्बर्द्धन भएको पाइन्छ। मौसूफ सरकारको निर्देशनमा अव्यवस्थित रूपमा रहेको हनुमान्ढोका दरबारको पहिलो पटक वैज्ञानिक ढङ्गबाट संरक्षण तथा सम्बर्द्धन भयो। यस दरबारको उच्चकोटीको मानव निर्मित वास्तुकलाका कृतिहरू भएको हुँदा सन् १९७८ को अगष्ट महीनामा नेपालले वर्ल्ड हेरिटेज कन्भेन्सनमा हस्ताक्षर गऱ्यो। त्यसको करीब नौ महीनापछि सन् १९७९ को मे महीनामा नेपालले वर्ल्ड हेरिटेज कमिटीमा आफ्नो राष्ट्रको सर्वोत्तम अन्तर्राष्ट्रिय महत्त्वका सांस्कृतिक सम्पदा स्वरूप रहेका काठमाडौं उपत्यकाका सात वटा विभिन्न स्मारक क्षेत्रहरूलाई "वर्ल्ड हेरिटेज लिष्ट" (विश्व सम्पदा सूची) मा समावेश गर्न अनुरोध गरिएकोमा १९७९ अक्टोबर महीनामा काहिरा-मा बसेको विश्व सम्पदा कमिटीको बैठकले मान्यता प्रदान गऱ्यो। ती सात वटा विभिन्न सांस्कृतिक, धार्मिक तथा ऐतिहासिक दृष्टिकोणले अन्तर्राष्ट्रिय महत्त्वका स्मारक तथा स्मारक क्षेत्र हुन्– (१) काठमाडौं (हनुमान्ढोका) दरबार क्षेत्र (२) पाटन दरबार क्षेत्र (३) भक्तपुर दरबार क्षेत्र (४) स्वयम्भू क्षेत्र (५) बौद्धनाथ क्षेत्र (६) पशुपति क्षेत्र (७) चाँगुनारायण क्षेत्र। यसरी हनुमान्ढोका दरबार क्षेत्रलाई विश्व सम्पदा सूचीमा समावेश भएपछि ती क्षेत्रको संरक्षण तथा सम्बर्द्धन गर्ने जिम्मेवारी झन बढ्यो।

हनुमान्ढोका भित्रको लोहं चोकको सम्पूर्ण खण्ड-को जीर्णोद्धार कार्य कलाप्रेमी राजा श्री ५ महाराजा-धिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारबाट निगाहा साथ बक्सेको मौसूफ सरकारको निजी कोषबाट सम्पन्न भएको छ। यहाँ भैरहेको संरक्षण कार्यले नेपाली कला र कलाकारहरूलाई संरक्षण प्रदान गर्ने परम्परा अझ बढी सक्रियताका साथ अङ्गिकार गरिएको छ। १७।१८ वर्ष

पहिलेको हनुमानढोका दरबार र आजको हनुमानढोका दरबारमा आकाश र जमीनको अन्तर आइसकेको छ।

हनुमानढोका दरबारभित्र परम्परागत बडादशैं, श्रीपञ्चमी, चैते दशैं र इन्द्रजात्रामा हल्चोक भैरवलाई रांगा दिने समारोहमा श्री ५ महाराजाधिराज सरकार सवारी हुने गरेकोमा श्री ५ महाराजाधिराज सरकार तथा श्री ५ बडामहारानी सरकारको शुभजन्मोत्सव समारोह यसै दरबारमा मनाउने परम्परा चलाइबक्सियो। साथै यस क्षेत्रभित्र पर्ने काष्ठमण्डपमा नेपालको राजकीय भ्रमणको सिलसिलामा पाल्नु हुने राष्ट्राध्यक्षहरूको स्वागत र काठमाडौं नगरको साँचो हस्तान्तरण समारोह समेत चलाई बक्सी संरक्षित स्मारक क्षेत्रको गरिमा अझ बढाइबक्सेको छ।

हनुमानढोका संरक्षित क्षेत्रको महत्त्व दिन प्रतिदिन बढ्दै जानु हामी सबै नेपालीलाई खुशी लाग्नु स्वाभाविकै हुन्। तर यस क्षेत्रको वातावरण दूषित गर्ने क्रियाकलापहरू दिन प्रतिदिन बढ्दै जानाले यस क्षेत्रको वातावरण संरक्षण गर्न एक समस्या खडा भएको छ। दरबार क्षेत्रको चारैतिर अमिल्दा अग्ला अग्ला घरहरूको निर्माण हुनु र सो बेरूप घर मुनि बनेको सटर पसलहरू आदिले हाम्रो नेपाली वास्तुकलामा विकृति देखापरेको छ। कुनै पनि नजीकैको मन्दिरको गजूरको उचाइभन्दा अग्लो हुने गरी गृह निर्माण गर्न हुँदैन भन्ने हाम्रो संस्कृति र परम्परा आज कता गयो कता। सबैलाई सिमेन्टको पिलर लगाई ढलान गरिएको आधुनिक घरमा बढी झुकाव रहन गएको छ। यस क्षेत्रको बसन्तपुर दरबार, तलेजु मन्दिर, माजु देवल मन्दिरहरू आज ती मन्दिरको आँगनमा नपुगी देख्न सकिंदैन। तर यस क्रमलाई नियन्त्रण गरी वातावरण संरक्षण गर्न श्री ५ को सरकारले प्राचीन स्मारक संरक्षण ऐनको दफा ३ को अधिकार प्रयोग गरी हनुमानढोका दरबार क्षेत्रलाई निम्न सिमानासम्म रहने गरी २०४१ साल श्रावण १५ गते राजपत्रमा सूचना प्रकाशित गरी संरक्षित क्षेत्र घोषणा गरियो।

पूर्व– इन्द्रचोकबाट दक्षिण शुक्रपथ हुँदै श्री ३ जुद्ध शम्शेरको सालिक सम्म।


पश्चिम– मरू सत्तल, महादेव मन्दिर, काष्ठमण्डप, मरू गणेश स्थान र जोशी आगम हुँदै प्याफल यटखा कुमारी स्थानसम्म।

उत्तर– यटखा कुमारी स्थानबाट पूर्व कम्पुकोट गल्ली हुँदै महेन्द्रेश्वर महादेव तथा मखन गणेश स्थान हुँदै मखन बजारबाट इन्द्रचोकको आकाश भैरवसम्म।

दक्षिण– भूगोल पार्क, श्री ३ जुद्ध शम्शेरको सालिकबाट पश्चिम गंगापथ, बसन्तपुर ग्वाछे मंगल छिचोली मरूसम्म।

यसरी हनुमानढोका दरबार क्षेत्रलाई संरक्षित क्षेत्र घोषणा भैसकेपछि सो क्षेत्रमा केही मात्रामा बढी उचाइको घर बनाउने प्रवृत्ति कम देखिए तापनि आशा गरे अनुसार भएको छैन। सो क्षेत्रभित्रको घर निर्माण गर्न नगर पञ्चायत, नगर विकासका प्रतिनिधि समेतको सिफारिशमा घर निर्माण गर्न स्वीकृति दिइयो। त्यस बखत संरक्षित क्षेत्रको सिमाना सडकको मध्य रेखाबाट लगिराखेको हुँदा सिमानाका घरहरूले मनपरी शैली र उचाइको घर बनाउने मौका पाएको देखिन्छ। यसको उदाहरण बसन्तपुर अगाडिको कुनाको घर र झोछेंबाट लायकुशाल जाने कुनाको विशाल घरलाई लिन सकिन्छ। साँच्चै भन्ने हो भने यी दुई घरले हनुमानढोकाको वातावरणमा नराम्रो असर पारेको छ। नगर पञ्चायत तथा नगर विकासले घर निर्माण गर्न स्वीकृति दिएपछि स्वीकृत नक्सा अनुसार घर निर्माण भैरहेको छ छैन, अनुगमन गर्ने व्यवस्था नभएको कारणले त्यस बेला हनुमानढोका क्षेत्रभित्र अमिल्दा घरहरू मखन बजार र प्याफलतर्फ निकै बढेको देखिन्छ।

यसरी अमिल्दा आधुनिक घरको निर्माणले गर्दा हनुमानढोका संरक्षित स्मारक क्षेत्रको वातावरणीय सन्तुलनमा प्रतिकूल असर परेको महसूस गरी सो क्षेत्रको दुरुपयोग वा त्यसमा कुनै किसिमको बेहिसाब गर्न नदिन प्राचीनता, मौलिक स्वच्छता र अनुकूलीय वातावरण कायम राख्नका लागि संरक्षित स्मारक घोषित क्षेत्रको व्यवस्थासम्बन्धी निर्देशिका २०४१ लागू गरियो। सो निर्देशिका अनुसार संरक्षित क्षेत्रभित्र नयाँ घर या



हनुमानढोका, संरक्षित स्मारक क्षेत्र

भैरहेको घरमा तल्ला थप्न, घर मर्मत सुधार आदि गर्न पुरातत्त्व विभागका प्रतिनिधि, संरक्षण अधिकृत, स्मारक संरक्षण क्षेत्र (दरबार हेरचाह अड्डा) का प्रमुख, नगर विकास कार्यान्वयन समितिका प्रतिनिधि, नगर पञ्चायतका प्रतिनिधि र गुठी संस्थानका प्रतिनिधि रहेको समितिले अध्ययन गरी सिफारिशका साथ स्वीकृति दिनका लागि नगर पञ्चायतमा पठाउने व्यवस्था गरियो । व्यक्तिगत घरको उचाइ छानाको धुरीसम्म ३२ फीटभन्दा बढी बनाउन नपाइने, शैलीको हकमा पारम्परिक नेपाली शैलीको हुनु पर्ने भयो । नेपाली वास्तुकला अनुरूप पेटी, कार्नेस, वलेसी, पाखा या छानाको पाखा राख्ने, देखिने गरी इँटाको गारो, आँखीझ्याल, खापाझ्याल हुनुपर्ने व्यवस्था भयो । छाना झिङ्गटीको हुनुपर्ने र घरमा प्रयोग हुने सामग्री इँटा, चुना, सुर्की, काठ आदि हुनु पर्ने तर सिमेन्ट, डण्डी, जस्ता प्रयोग गर्न नपाउने भयो ।

हनुमान्ढोका संरक्षित क्षेत्रभित्र कसैले अनियमित किसिमसंग घर निर्माण गर्न खोजेमा हनुमान्ढोका हेरचाह अड्डाले तुरुन्त निर्माण कार्य रोक्न सम्बन्धित निकायलाई पत्र लेखी कार्यवाही गर्न सहयोप पुऱ्याएको छ । संरक्षित क्षेत्र घोषणा भएपछि सो क्षेत्रमा केही सुधार आएको देखिन्छ । तर साबिकको संरक्षित स्मारक क्षेत्रको सिमाना सडकको मध्य रेखाबाट गैरहेको हुँदा सिमानाका घरहरूले आफूखुशी उचाइको घर निर्माण गर्न मौका पाएको देखिएको र स्मारक क्षेत्र पनि केही विस्तार गर्नु पर्ने महसूस गरी श्री ५ को सरकारले २०४४ आषाढ १६ गते प्राचीन स्मारक संरक्षण ऐन २०१३ को दफा ३ बमोजिम निम्न बमोजिम हनुमान्ढोका दरबार क्षेत्रको संरक्षित स्मारक क्षेत्र विस्तार गरियो ।

पूर्वमा— इन्द्रचोकबाट दक्षिणतर्फ विशाल बजारको छेउसम्म हाल कायम भैरहेको स्मारक क्षेत्रको सिमानाबाट ४५ फीट पूर्वसम्म विशाल बजारको भवनको पछाडिबाट सीधै भूगोल पार्कको पूरै भागसम्म ।

दक्षिणमा— भूगोल पार्कको पछाडि नेपाल बैंक पस्ने बाटोदेखि लायकुसाल गल्लीसम्म । त्यहाँबाट झोछें छिचोली बसन्तपुर ग्वाछेमुग गल्ली छिचोली मरू निस्कने र त्यहाँबाट सीधा अट्कोनारायण स्थानको कम्पाउण्डसम्म सडकको बायाँतर्फ ४५ फीटसम्म र दायाँतर्फ अट्कोनारायण मन्दिरको कम्पाउण्डबाट सीधा पश्चिम भीमसेन स्थान जाने सडकस्थित सत्तलसम्म ।

पश्चिममा— भीमसेनस्थान जाने मूल सडकबाट उत्तर मरू सिंहसत्तल महादेव मन्दिर, काष्ठमण्डप, मरू गणेशस्थान, जोशी आगमघर हुँदै प्याफल, यटखा, कुमारीस्थानसम्म साबिक कायम भएको संरक्षित रेखाबाट ४५ फीट पश्चिमसम्म ।

उत्तरमा— यटखा, कुमारी स्थानदेखि का. न. पं. वडा नं. १९ को सिमाना गल्लीसम्म साबिक कायम भएको संरक्षित क्षेत्रबाट ४५ फीट उत्तर सम्म र त्यहाँबाट कम्पुकोट, महेन्द्रेश्वर महादेव मन्दिर, मखन बजारको शिवलिङ्ग स्थानसम्म साबिक कायम भएको संरक्षित क्षेत्रबाट १५० फीट उत्तर सार्ने र शिवलिङ्ग स्थानबाट मखन बजार हुँदै इन्द्रचोकको आकाश भैरव मन्दिरसम्म साबिक कायम भएको संरक्षित क्षेत्रबाट ४५ फीट उत्तरसम्म ।

श्री ५ को सरकारबाट समयमै संरक्षित क्षेत्र विस्तार गरेपछि हनुमान्ढोका संरक्षित क्षेत्रभित्र परेका घर धनीहरूलाई ठूलो मर्का परेको गुनासो पनि सुनियो । साथै विस्तार भएका स्थानको अधिग्रहण गर्ने समेत विभिन्न हल्ला चल्यो । सो बखत दिनको ३०।४० जना मानिस हनुमान्ढोका हेरचाह अड्डामा आई अधिग्रहण गर्ने हो वा होइन भन्ने जानकारी लिन आएका थिए । उनीहरूलाई संरक्षित क्षेत्रभित्र बनिने घरको शैली र मापदण्डमा नियन्त्रण गर्न खोजिएको, अधिग्रहण गर्ने होइन भनी बुझाएर पठाइएको थियो ।

स्मारक क्षेत्र विस्तार भएपछि विशाल बजारको थप्न बाँकी सात तल्लाको निर्माण कार्य, होटेल क्रिष्टलको पछाडिको खाली ठाउँमा निर्माण हुन लागेको नयाँ निर्माण कार्य पूर्णतया रोक्का भयो । यसको साथै मखन टोलमा

निर्माण भैरहेको कमलादेवी तुल्स्यानको घरको नक्सा पहिले नै पास गरिराखेको भए तापनि केही हदसम्म उचाइमा नियन्त्रण भयो। सो घर निर्माण हुँदैमा पनि शैली र मापदण्ड विषयमा पुरातत्त्व विभागको स्वीकृति लिनु पर्नेबारे कैयौं पटक पत्र लेख्दालेख्दै रातारात उक्त घर निर्माण भयो। संरक्षित क्षेत्र विस्तार नहुँदा उक्त घरको नक्सा पास गरिएको भए तापनि उचाइमा स्वीकृति नक्सा भन्दा एक तल्ला कम गरी निर्माण गरियो। तर उक्त घरको शैली मिलाउने सम्बन्धमा अझै प्रयास जारी छ।

राष्ट्रको सांस्कृतिक स्मारकहरूको संरक्षण, स्मारक जगेर्ना गर्न श्री ५ को सरकारले विभिन्न नीति तथा कार्यक्रमहरू तर्जुमा गरिएको छ। उक्त कार्यक्रम सफल पार्न कानूनमा समेत संशोधन गर्नुपर्ने महसूस गरी प्राचीन स्मारक संरक्षण ऐन २०१३ लाई २०४३ सालमा तेस्रो पटक संशोधन गरी लागू गरिएको छ। सो ऐनको दफा ६ र ७ अनुसार घोषित संरक्षित स्मारक क्षेत्रभित्र नयाँ निर्माण, थपघट, मर्मत आदि गर्न पुरातत्त्व विभागले तोकिदिएको मापदण्ड र शैली अनुसार घर पुनर्निर्माण, थपघट गर्न पाइने भयो। घरको शैली र उचाइ सम्बन्धमा निर्णय सोही ऐनको दफा ३ बमोजिम प्राविधिक समितिको सिफारिशलाई पुरातत्त्व विभागका महानिर्देशकले ठीक छ छैन हेरी स्वीकृति दिइन्छ। घर निर्माण, थपघट आदि गर्न सर्वप्रथम नगर पञ्चायतबाट संरक्षित क्षेत्रभित्रको घरहरूको नक्सा पुरातत्त्व विभागमा स्वीकृतिको लागि पठाइन्छ।

उक्त ऐन अनुसार घोषित स्मारक क्षेत्रभित्र पुरातत्त्व विभागले तोकिदिएको मापदण्ड अनुसार बनाइएको छ छैन, हनुमान्ढोका हेरचाह अड्डाले निरीक्षण गर्दछ। यदि तोकिदिएको मापदण्ड बमोजिम नबनाएमा तुरुन्त रोक्का गर्न पुरातत्त्व विभाग, जिल्ला कार्यालय, नगर विकास, नगर पञ्चायत र प्रहरी कार्यालयमा अनुरोध पत्र पठाइन्छ। सोही पत्रको आधारमा सम्बन्धित निकायहरूले घर निर्माण रोक्का गर्न घर धनीलाई पत्र पठाइन्छ। तर घर धनीले यस्तै बखत रातारात श्री ५ को सरकारको आदेशलाई वास्ता नगरी घर निर्माण गरेको पाइन्छ। किनभने छाना हालेपछि घर भत्काउन पाइँदैन भन्ने धारणा जनमानसमा रहेको पाइन्छ। घर भत्काउनका लागि पनि सूचना आउने र त्यो सूचनाको आधारमा ३५ दिनभित्र श्री ५ को सरकार समक्ष उजूरी गर्न पाइने प्रावधान घर धनीलाई जानकारी छ। अहिलेसम्म घर भत्काइएको ज्यादै नै कम भएको पाइन्छ।

जबर्जस्ती घर बनाइएको ज्वलन्त उदाहरण हामीले हनुमान्ढोका दरबार हाताभित्र रहेको ठूलो घण्टा पछाडिको घरलाई लिन सकिन्छ। पुरातत्त्व विभागले स्वीकृति दिएको मापदण्ड विपरीत घर निर्माण गरिएको हुँदा शुरूदेखि नै पछि समस्या आउला भनी यस अड्डाले सो घर धनीलाई सम्झाउँदै आएको थिए। अटेर गरिएको हुँदा यस अड्डाका हाकिम र पुरातत्त्व विभागका अधिकृतहरू समेत गै जमीन तल्ला ढलान हुँदै खेरी रोक्ने प्रयास गरिएको थियो। घर धनीले जबर्जस्ती रातारात अझ बिदाको दिन पारेर जोडतोडले घर निर्माण गरियो। सो रोक्न समयमै प्रहरी गै निर्माण रोक्का गर्न प्रयास गरिएको थियो। प्रहरी घरमा पुग्दा रोकेको जस्तो नाटक खेल्ने र प्रहरी फर्केपछि, पुनर्निर्माण कार्य शुरू गरिन्थ्यो। यसरी पत्र लेखेको लेखै, पत्र बुझाउन पठाए कामदारले घर धनी नभएको भन्दै पत्र बुझ्न मान्दैन। यस कारण काम गर्ने कामदारलाई समेत प्रहरीले समातेर लानुपर्‍यो। यति गर्दा गर्दै पनि निज घर धनीले श्री ५ को सरकारलाई चुनौती दिई तीन तल्लासम्म ढलानको कार्य भयो जुन दुःखलाग्दो कुरा हुन्। स्मरण रहोस्, सो घरको निर्माण गर्न ठूलो घण्टाको प्लाट फर्मभन्दा माथि नआउने गरी स्वीकृति दिइएको थियो। ठूलो घण्टा प्लाट फर्मभन्दा अब ४ फीट जति माथि उठिसक्यो। यसले ठूलो घण्टाको ऐतिहासिक गरिमामा नराम्रो असर पारेको छ। साथै घर धनीले ठूलो घण्टाको गारोमा समेत प्वाल पारेर ठाउँ–ठाउँमा बिम घुसाई प्राचीन स्मारकलाई समेत क्षति पुऱ्याएको छ। पुरातत्त्व विभाग तथा काठमाडौं उपत्यका नगर विकास कार्यान्वयन समितिको संयुक्त प्रयासबाट सो घरको एक तल्ला भत्काउने निर्णय भैसकेको छ। यसको कार्यान्वयन छिटो हुनु पर्दछ।

**समस्या समाधानका उपायहरू**

स्वीकृत विपरीत निर्माण कार्य चालू राखेको घरको निर्माण कार्य रोक्काको लागि पुरातत्त्व विभागले

दिएको आदेश नमानी निर्माण कार्य जारी नै राखेको खण्डमा प्राचीन स्मारक संरक्षण ऐन (संशोधन सहित) २०१३ को दफा ३ को उपदफा (९) मा निम्न व्यवस्था भएको छ–"उपदफा (८) बमोजिम पुरातत्त्व विभागले दिएको आदेश नमानी निर्माण, मर्मत, थपघट वा पुन–र्निर्माण गरेको घर वा भवनलाई स्थानीय हाकिम (प्रमुख जिल्ला अधिकारी) ले पैंतीस दिनको म्याद दिई भत्काउन आदेश दिन सकिनेछ । त्यस्तो आदेश उपर चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र श्री ५ को सरकारमा उजूरी दिन सक्नेछ। त्यस्तो उजूरीको सम्बन्धमा श्री ५ को सरकारको निर्णय अन्तिम हुनेछ।"

गत साल हनुमान्ढोका दरबार क्षेत्रको संरक्षित स्मारक क्षेत्रको थप विस्तार भएपछि धेरै हदसम्म सुधार आएको छ। प्रमुख जिल्ला अधिकारीको आफ्नै जिल्लाको प्रशासनिक कार्यमा बढी व्यस्त रहनु पर्ने हुन्छ। तसर्थ प्रमुख जिल्ला अधिकारीको आदेशले पुरातत्त्व विभागको मापदण्ड अनुसार नबनाइएका घरलाई नगर विकास कार्यान्वियन समिति मार्फत भत्काउन लगाएमा बढी प्रभावकारी हुने देखिन्छ। यस कामका लागि चाहिने जनशक्ति, औजार र बजेटको व्यवस्था हुनु पर्छ। साथै सो काम सम्पन्न गर्न प्रहरी कार्यालय र नगर पञ्चायतको समन्वय हुनु अति जरूरी छ। भत्काउन निर्णय भएको घर तत्कालै भत्काउने व्यवस्था भएमा स्वतः समस्याको समाधान हुनेछ। घर धनीलाई धेरै मौका दिनु समस्या बढाउनु मात्र हुनेछ। नगर विकास कार्यान्वयन समितिलाई आवश्यक परेको खण्डमा कानूनी अधिकार अझ बढाउनु पर्ने देखिन्छ।

## सुझाव

संरक्षित स्मारक क्षेत्रभित्र परेका घरलाई थपघट, पुनर्निर्माण आदि गर्न घर धनीले चाहेमा यथाशक्य चाँडो स्वीकृति दिनु पर्दछ। सो काम प्रभावकारी ढङ्गबाट हुन निम्न सुझाव पेश गरिएको छ–

१) घोषित स्मारक क्षेत्रको बढी जानकारी दिई जनमानसमा सांस्कृतिक चेतना जगाउनु पर्ने।

२) घोषित स्मारक क्षेत्रको सिमाना कहाँसम्म हो, सर्वसाधारणले बुझ्ने गरी नक्सा र विवरण ठाउँ–ठाउँमा राख्नु पर्ने।

३) घोषित स्मारक क्षेत्रभित्र कुन कुन शैलीको घर कहाँ बनाउनु पर्ने हो, सो स्पष्टसंग वर्ग छुट्याइदिने र घरको शैली सम्बन्धमा नक्सा समेत तयार गरिराख्ने।

४) घोषित स्मारक क्षेत्रभित्र पर्ने वडा समितिका वडा अध्यक्ष तथा न. स. सं. हरूले सो क्षेत्रभित्र बनिने घरको निरीक्षण हुनु पर्ने र मापदण्ड विपरीत घर बनाएकोबारे सम्बन्धित निकायलाई तुरून्त सूचना दिनु पर्ने।

५) परम्परागत निर्माण सामग्री जस्तै– इँटा, दची अप्पा, काठ, झिङ्गटी, टायल आदि पुरातत्त्व विभाग वा नगर विकास कार्यान्वयन समितिको सिफारिशबाट सुलभ तरीकासंग घर धनीलाई उपलब्ध गराइदिनु पर्ने।

६) कुनै घर धनीले राम्रो शैलीसंग घर निर्माण गरिएमा त्यस्ता घर धनीलाई प्रोत्साहन स्वरूप पुरस्कारको व्यवस्था हुनु पर्ने।

७) घर निर्माण गर्न नक्सा स्वीकृति दिएपछि समय–समयमा सम्बन्धित निकाय जस्तै पुरातत्त्व विभाग, नगर विकास कार्यान्वियन समिति, नगर पञ्चायत–बाट पटक पटक निरीक्षण अनिवार्य रूपले गर्ने।

८) घर धनीलाई आवश्यक परेको खण्डमा निःशुल्क प्राविधिक सेवाको व्यवस्था श्री ५ को सरकारले गरिदिने।

९) घोषित स्मारक क्षेत्रभित्र बनिसकेका अमिल्दा घर–हरूको उचाइ र शैली परिवर्तन गर्नुपर्ने।

१०) संरक्षित स्मारक क्षेत्रमा सवारी आवागमन बन्द गर्नुपर्ने।

११) संरक्षित स्मारक क्षेत्रभित्रको स्मारकहरूमा माग्ने–हरू हटाउने।

१२) संरक्षित स्मारक क्षेत्रमा नियमित सरसफाइ र मर्मत–सम्भारको व्यवस्था मिलाउने।

घोषित संरक्षित स्मारक क्षेत्रको वातावरण स्वच्छ पार्न सो क्षेत्रमा बनिने घरहरू सो क्षेत्रको

वास्तुकलासंग मिल्ने हुनु पर्दछ। शाहकालमा बनेका घर भए शाहकालीन वास्तुकलाकै आधारमा नयाँ निर्माण हुनु पर्दछ, मल्लकालीन वास्तुकलामा होइन।

वातावरणलाई दूषित पार्ने क्रियाकलापहरूलाई रोक्न श्री ५ को सरकारको निकायहरू जतिसुकै सक्षम र सक्रिय भए तापनि यदि जनस्तरमा प्राचीन सांस्कृतिक सम्पदाको संरक्षण गर्ने चेतना र भावना नभएमा सफल हुन सक्दैन। तसर्थ नेपाली जनतालाई आफ्नो राष्ट्रिय सांस्कृतिक सम्पदाहरूप्रतिको माया, मोह र चाख बढाउन सांस्कृतिक सम्पदासम्बन्धी शिक्षामा विशेष जोड दिनु परेको देखिन्छ। जबसम्म यी स्मारकहरू र यी सांस्कृतिक सम्पदाहरू हाम्रो पुर्खाले छोडेर गएका अमूल्य सम्पदा हुन्, राष्ट्र र समाजको गौरव र प्रतिष्ठाका प्रतीकहरू हुन् भनी बुझ्दैनन्, तबसम्म कुनै पनि सरकारी निकायले ठोस काम गर्ला भन्न सकिन्न।

# स्वयम्भू संरक्षित स्मारक क्षेत्रको परिचय, महत्त्व, वातावरण संरक्षणमा देखापरेका समस्या र समाधानका उपायहरू

–ऋद्धि प्रधान

स्वयम्भू महाचैत्य बौद्ध धर्मावलम्बीहरूमध्ये महायानी बौद्धमार्गीहरूको निमित्त एक पुण्य पावन क्षेत्रको रूपमा रहिआएको छ। यस महाचैत्य काठमाडौं शहरबाट तीन किलोमिटर पश्चिम समुद्री सतहबाट करीब १४२५ मिटरमाथि एउटा डाँडामा अवस्थित छ। यो क्षेत्र धर्मको साथै पर्यटकको दृष्टिकोणबाट पनि उत्तिकै महत्त्वपूर्ण छ। यस डाँडाबाट काठमाडौं उपत्यकाको मनोरम दृश्य मात्र होइन, उच्च हिमाल शृङ्खलाहरूको सौन्दर्यता पनि दृश्यावलोकन गर्न सकिन्छ। वर्षेनी लाखौं स्वदेशी तथा विदेशी तीर्थाटन गर्ने बौद्ध धर्मावलम्बीहरूका साथसाथै पर्यटकहरू यस पवित्र स्थलमा आउने जाने गर्दछन्।

यस डाँडालाई विभिन्न युगमा विभिन्न नामले पुकारेको देखिन्छ। सत्य युगमा यसलाई पद्मगिरी, त्रेतायुगमा बज्रकुट, द्वापरयुगमा गोशृङ्ग तथा कलियुगमा गोपुच्छ पर्वत नामले कहलिन्थ्यो।

स्वयम्भू महाचैत्यको उत्पत्ति काठमाडौं उपत्यकाको इतिहाससंग सम्बद्ध छ। यदि पौराणिक कथनलाई मान्ने हो भने यो चैत्य काठमाडौं उपत्यकाको इतिहास–भन्दा पुरानो छ।

स्वयम्भू पुराण अनुसार, काठमाडौं उपत्यकामा मानव बस्ती शुरू हुनुभन्दा पहिले एउटा विशाल ताल थियो जुन कालीन्हद वा नागन्हद भनिन्थ्यो। भौगर्भिक अध्ययनबाट पनि उक्त ताल प्रमाणित गरिन्छ। प्रथम मानव बुद्ध यस सौन्दर्यबाट प्रभावित भै कमलको बीजारोपण गरे। सोही बीउबाट ६ महीनापछि पञ्चरङ्ग मिश्रित स्वयम्भू आदिबुद्ध उत्पन्न भए। पछि शिखीबुद्ध सोही रश्मिमा लीन भए र शिखीबुद्धकै अस्तुमाथि स्वयम्भू महाचैत्य निर्माण गरेको हो भन्ने कथन छ। महाचीनबाट मञ्जुश्री आई चोभार डाँडालाई काटी यस भूमिलाई मानव बसोबास युक्त बनाए।

स्वयम्भूको वर्णन सुनी गौडका राजा प्रचण्डदेवले यहाँ आई गुणाकार भिक्षुबाट दीक्षा लिई आफ्नो नाउँ शान्तिश्री राखे। यही शान्तिश्री पछि आएर शान्तिकराचार्य नामबाट प्रसिद्ध भए। यिनै शान्तिकराचार्यले यस पञ्च दिव्य रश्मिलाई छोपी सोमाथि चैत्य बनाए। त्यसपछि मात्र स्वयम्भू महाचैत्यको रूपमा कहलिन थाल्यो। स्वयम्भू महाचैत्यको निर्माणपछि त्यस चैत्यलाई प्राकृतिक प्रकोपबाट बचाउन चारैतिर पाँचपुर ६ भैरव बनाइदिए।

स्वयम्भू संरक्षित स्मारक क्षेत्र



| पाँचपुर | ६ भैरव |
|---|---|
| १. शान्तिपुर वा सम्वरपुर (आकाश) | १. आकाश भैरव |
| २. बसुपुर (पृथ्वी) | २. पृथ्वी भैरव |
| ३. नागपुर (पानी) | ३. असिताङ्ग भैरव |
| ४. वायुपुर (हावा) | ४. वायु भैरव |
| ५. अग्निपुर (आगो) | ५. पाताल भैरव |
| | ६. शून्य भैरव |

शान्तिकराचार्यले माथि उल्लेखित कार्य सम्पन्न गरी शान्तिपुरभित्रै समाधिमा गए ।

यी माथि उल्लेखित पौराणिक धारणालाई हिजो-आजसम्म पनि जनमानसले मान्दै आएको छ । यसको ऐतिहासिक तथ्यको खोजी जारी नै छ ।

## पुरातात्त्विक महत्त्व

स्वयम्भू क्षेत्रमा पाइएका सबभन्दा पुरानो शिलापत्र अनुसार लिच्छवि राजा मानदेवका बाजे सम्भवतः शङ्करदेवले स्वयम्भूस्थित विहारलाई जग्गा प्रदान गरेको उल्लेख छ । इतिहासकारहरूले यस शिलापत्रलाई चौथो शताब्दीको भन्ने दावी गरेका छन् । श्री हेमराज शाक्य तथा श्री हरिराम जोशीको भनाइ अनुसार उक्त शिलालेख काठमाडौं उपत्यकाभित्र पाइएका शिलालेखहरूमध्ये सबैभन्दा पुरानो हो ।

स्वयम्भू महाचैत्यको निर्माणसम्बन्धी आजसम्म कुनै ऐतिहासिक तथ्य जुटाउन सकिएको छैन । तर यो महाचैत्य नेपाल अधिराज्यको कपिलवस्तु जिल्लामा प्राप्त स्तूपहरू पछिको सबैभन्दा पुरानो मानिन्छ । हालसम्म प्राप्त शिलालेखहरूमध्ये स्वयम्भूको वर्णनसम्बन्धीको सबभन्दा पुरानो शिलालेखहरू (सातौं शताब्दीको) लिच्छवि राजा अंशुवर्माको गोकर्ण तथा हाडीगाउँमा पाइएका शिलालेखहरू नै हुन् ।

विद्वान् राजेन्द्र रामको भनाइ अनुसार महाचैत्य भारतको बौद्धधर्मका पण्डित शान्त रक्षितले आफ्नो नेपाल भ्रमणको सिलसिलामा (ई. स. ७४३–७४९) स्वयम्भू महाचैत्य निर्माण गरेका हुन् र यस शान्त रक्षित र माथि उल्लेखित शान्तिकराचार्य एकै व्यक्ति हुन् । हामिल्टनले यो महाचैत्य आठौं शताब्दीतिर बनेको हो भन्ने विचार व्यक्त गरेको छ । त्यस्तै नेपाल अधिराज्यमा उपलब्ध ध्यानीबुद्धका मूर्तिहरू सातौं शताब्दी अथवा पछि बनेका हुन् भनी प्राध्यापक कृष्णदेवको भनाइ छ । निष्कर्षमा प्राप्त शिलालेखहरूको आधारमा यही भन्न सकिन्छ कि यस महाचैत्य काठमाडौं उपत्यकाको प्राचीनतम् स्मारकहरूमध्ये एक हो जुन १५०० वर्ष अगाडि नै बनिसकिएको थियो ।

यस महाचैत्यको निर्माणकालदेखि हालसम्म समयगति (Wear ond tear) समय–समयको प्राकृतिक प्रकोप, जान वा अनजानमा गरिएका मानव दुष्कृत्यहरू (Vandalism) को कारणबाट धेरै नोक्सानी पुऱ्याएको भए तापनि शुरूदेखि यसप्रति राजा, जनता र छिमेकी मित्रराष्ट्रहरू समेतबाट पाएको आस्था र सहयोगबाट यसको समय–समयमा संरक्षण तथा जीर्णोद्धार भैआएकोले आजसम्म अटल रूपमा खडा हुनसकेको छ ।

## धार्मिक महत्त्व

स्वयम्भू महाचैत्य गुम्बज आकारमा इँटाले बनाई अनगिन्ती पटक चुनाले पोतिएको छ । साधारणतया गर्भको चार दिशामा चार ध्यानीबुद्ध तथा गर्भभित्र वैरोचन स्थापना गर्ने चलन छ । तर स्वयम्भू महाचैत्यमा पाँचै ध्यानीबुद्धहरू गर्भ बाहिर छन् । यसको यो आफ्नै विशेषता हो । यी पाँच ध्यानीबुद्धहरूले विपश्वी बुद्धले वीजारोपण गरेको कमलको गानोबाट सृष्टि भएको कमलको फूलमाथिको पाँच रङ्गहरूलाई प्रतिनिधित्व गर्दछ । समष्टि रूपमा स्वयम्भू चैत्यलाई आदिबुद्ध भनी भनिन्छ ।

धार्मिक दृष्टिकोणले यस महाचैत्यको अति महत्त्वपूर्ण छ । वज्रयानी बौद्धमार्गीहरूले स्वयम्भूलाई सबैभन्दा उच्च स्थान दिई ठूलो आदर गरिआएको छ । उदाहरणका लागि वर्षेनी पाटनमा चलाउने मच्छेन्द्रनाथ जात्रामा रथको सबभन्दा माथि नै स्वयम्भू चैत्य राखिन्छ । त्यस्तै बाह्र वर्षे सम्यकजात्रा समारोहमा तेंत्तीस कोटी देवताहरूको माथि स्वयम्भू भगवान्को मूर्ति नै राखिन्छ । बाहाः पूजाको शुरूबाट नै स्वयम्भू महाचैत्यबाट हुन्छ ।

फेरि प्रत्येक विहार तथा वहीले आफ्नो मूल देवताहरू पञ्चबुद्ध मान्दै आएको र उक्त विहार वहीको मूल थकालीहरूले पञ्चबुद्ध टोपी र बज्राचार्यहरूले पञ्चबुद्ध मुकुट लगाएको हुन्छ । यस स्वयम्भूलाई बौद्धमार्गीहरूले मात्र होइन, हिन्दूमार्गीहरूले पनि उत्तिकै आदर गर्दै आएको छ । श्री पशुपतिनाथको मुखोष्टमीको दिन पञ्च बुद्धात्मक स्वयम्भू अङ्कित मुकुट लगाई पशुपतिनाथको पूजा गरिन्छ । त्यस्तै बूढानीलकण्ठ भगवान्को शिरमाथि समेत अक्षोभ्यबुद्ध अङ्कित गरेको भनिन्छ । हिन्दूहरू राजालाई विष्णु अवतारको रूपमा पुजिन्छ भने बौद्धमार्गीहरू बाह्र वर्षे सम्यक पूजामा राजालाई बोधिसत्त्वको रूपमा पूजा गर्ने चलन छ । यी नेपालीहरूको आफ्नै धार्मिक विशेषता हो ।

स्वयम्भू चैत्यको उत्कृष्ट कला तथा शान्त शौरभले गर्दा शताब्दियौंदेखि यसको महत्त्व रहिरहेको छ । यी बाहेक यहाँका अन्य ऐतिहासिक स्मारकहरू जस्तै– वायुपुर, वसुपुर, शान्तिपुर, नागपुर, अग्निपुर, अनन्तपुर, प्रतापपुर, हारतीमाताको मन्दिर आदिले यस क्षेत्रको महत्त्व अझ बढाएको छ । यस क्षेत्रको सांस्कृतिक सम्पदा, ऐतिहासिक महत्त्वका कलाकृतिहरू विश्वप्रख्यात छन् । यहाँ छरिएर रहेका ऐतिहासिक महत्त्वका अनेक मूर्तिहरू, शिलालेखहरू, चैत्यहरू तथा वास्तुकलाले पर्यटकहरूको लागि एक खुल्ला संग्रहालयको रूप ( Open Museum) दिएको छ ।

श्री ५ को सरकारले स्वयम्भू तीर्थ क्षेत्रहरूको दुरुपयोग वा त्यसमा कुनै किसिमको बेहिसाब हुन नदिन स्वयम्भूनाथको डाँडोलाई परिक्रमा गर्ने पीच सडक भित्रको क्षेत्रलाई सन् १९७८ (२०३५ भाद्र) मा संरक्षित स्मारक क्षेत्र घोषित गरी सो क्षेत्रलाई आफ्नो नियन्त्रणमा लियो ।

यसको महिमा बुझी यूनेस्को (UNESCO) (अन्तर्राष्ट्रिय शिक्षा, विज्ञान तथा सांस्कृतिक सङ्घ) ले पनि सन् १९७९ मा स्वयम्भूनाथ क्षेत्रलाई विश्व सम्पदा सूचीमा समावेश गरियो ।

श्री ५ को सरकारले उक्त क्षेत्रको विकास गर्न सन् १९८५ (वि. सं. २०४२) देखि राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना तोकी पुरातत्त्व विभागबाट उक्त क्षेत्रको सम्भार संरक्षण गर्न सालिन्दा बजेटको व्यवस्था गरी निम्न कार्यहरू गर्दै आएको छ ।

१. ढल निकास तथा शौचालयको विकास तथा संभार ।
२. ढुङ्गे सिढी, पर्खाल, पेटी, चोक, कौशी आदिको मर्मत सम्भार ।
३. यस विभागको आर्थिक स्रोतमा अन्य विभागहरू जस्तै भू तथा जलाधार संरक्षण विभाग, वागमती जलाधार आयोजनाले मोटर पार्कबाट स्वयम्भूमाथि जाँदा सिढीको बायाँ पश्चिमतर्फ भूक्षय रोकथामको लागि गेबिन वाल लगाइएको छ । खानेपानी तथा ढल निकास संस्थानलाई स्वयम्भूमाथि नयाँ पानी ट्याङ्की जडान गर्न आवश्यक व्यवस्थाको लागि गत सालमै रकम छुट्याई उक्त संस्थानलाई उपलब्ध गराइसकिएको छ, सो कार्य उक्त संस्थानबाट सम्पन्न गरिनेछ ।
४. सन् १९६८ देखि स्वयम्भू डाँडाको दक्षिण पूर्व भागमा पहिरो जान शुरू भएकोमा १९८० सम्ममा यूनेस्कोको आर्थिक तथा प्राविधिक सहयोगमा उक्त स्थानमा भूक्षय रोकथाम गर्ने कार्य सम्पन्न भयो । उक्त कार्यमा संलग्न विशेषज्ञ श्री इ. जे. कोर्डिङको प्रतिवेदन अनुसार उक्त भूक्षय हुनुको मुख्य कारण डाँडामाथि पछि थप्दै गएका बोझिला खालका निर्माण कार्य (रिटेनिङ वाल) तथा थुप्रिएका अनावश्यक फोहरको बोझले निकासमा अवरोध आई पानी बग्न नसकी जमीनभित्रै जम्मा हुन गएकोले भूस्खलन हुनगएको र उक्त डाँडाको मुख्य कमजोर भागहरू दक्षिण–पूर्व, उत्तर–पूर्व र संग्रहालय रहेको भागमा भएकोले नापी विभागको समतलन नापी डिभिजनले उक्त डाँडाको विभिन्न ठाउँहरूमा समतलन नापी प्रविधिद्वारा निरन्तर वर्षमा दुई पटक स्थायी आधार विन्दुहरू (Settlement Points) स्थापना गरी उक्त डाँडाको भूस्थिरताको अध्ययन कार्य जारी राखिएको छ ।

सन् १९७८ देखि १९८७ सम्म गरिएको उक्त नापी अध्ययनबाट सो डाँडा माथिको तिब्बेतीयन गुम्बा र भजन खलक बीचको भागमा प्रतिवर्ष ७ मि. मि. ले धसिरहेको र संग्रहालय संगैको सिंढी इलाकामा प्रतिवर्ष ६ देखि ७ मि. मि. का दरले लगातार धसिरहेको पाइयो ।

५. श्री ५ को सरकारको अनुरोधमा संघीय गणतन्त्र जर्मनीले स्वयम्भू क्षेत्रको गुरुयोजना तयार गरिएको छ । भविष्यमा गर्नुपर्ने स्वयम्भू संरक्षित स्मारक क्षेत्रभित्रको कार्यहरू उक्त गुरुयोजनाले निर्देशित गरिएको छ। हाल उक्त गुरुयोजना तयार गरी श्री ५ को सरकारलाई हस्तान्तरण गर्ने कार्य सम्पन्न भैसकेको छ र आगामी आर्थिक वर्षदेखि स्वयम्भू क्षेत्रमा उक्त गुरुयोजना लागू गरिने लक्ष्य राखिएको छ।

पुरातत्त्व विभागलाई बढी प्रभावकारी बनाउन श्री ५ को सरकारले सन् १९५७ देखि लागू गरेको प्राचीन स्मारक संरक्षण ऐन, २०१३ लाई पटक पटक संशोधन गर्दै लगिएको छ । सन् १९८६ (वि. सं. २०४३) सम्ममा यसको चौथो संशोधन भएको छ ।

विगत वर्षहरूमा श्री ५ को सरकारबाट संरक्षण गर्दागर्दै पनि केही दशकदेखि यस क्षेत्रभित्र विना योजनाका ठूल–ठूला आधुनिक निजी घरहरू, स्कूल, गुम्बाहरूको निर्माण कार्य तीव्र रूपले बढेको पाइन्छ ।

यी सबै हुनुको मूलकारण श्री ५ को सरकारले उक्त क्षेत्रलाई संरक्षित स्मारक क्षेत्र घोषित गरी आफ्नो नियन्त्रणमा लिए तापनि उक्त क्षेत्रमा निर्माण हुने भवनहरूको मापदण्ड निर्धारण नहुनु, २०४१ सालको मापदण्ड विपरीत निर्माण भए तापनि रोक्न तथा भत्काउनेबारे स्पष्ट कानूनी व्यवस्था नहुनु तथा त्यससम्बन्धी कानूनी अधिकार पुरातत्त्व विभागलाई नहुनाले वातावरण विपरीतका निर्माण कार्यलाई प्रभावकारी ढङ्गबाट नियन्त्रण गर्ने समस्या खडा भएको देखिन्छ ।

उपर्युक्त समस्यालाई महसूस गरी श्री ५ को सरकारले प्राचीन स्मारक संरक्षण ऐन, २०१३ लाई तेस्रो संशोधन गरी संरक्षित स्मारक क्षेत्रहरूमा निर्माण, मर्मत, थपघट र पुनर्निर्माण गर्ने घर, भवन आदिको नक्सा स्वीकृतिसम्बन्धी सम्बन्धित नगर पञ्चायतले स्वीकृत दिन अगावै पुरातत्त्व विभागको सहमति लिई मात्र स्वीकृत गर्नसक्ने व्यवस्था भए ।

नियम विपरीत निर्माण कार्य भएमा सम्बन्धित जिल्ला कार्यालय मार्फत् पुरातत्त्व विभागले सो कार्य रोक्ने, भत्काउने स्पष्ट कानूनी व्यवस्था भएको छ ।

यस संशोधित ऐन बमोजिम कार्य गर्दा पनि त्यस क्षेत्रमा केही समस्याहरू देखापरेका छन् ।

## समस्या तथा सोको समाधान

१. संरक्षित स्मारक क्षेत्र घोषित स्वयम्भूभित्र यस ऐन विपरीत नक्सा स्वीकृत नगराई निर्माण तथा भैरहेको घर, गुम्बा, चैत्य आदिको मर्मत, थपघट, पुनर्निर्माण आदि कार्यको रोक्काको लागि लेखिएको यस विभागका पत्रहरू सम्बन्धित व्यक्तिले सकभर बुझ्दै नबुझ्ने, बुझे पनि जबर्जस्ती निर्माण कार्य गर्ने प्रवृत्तिले समस्या खडा भएको छ । उदाहरणको लागि आनन्द कुटी विद्याश्रमका भवनहरू, आकाश जोगिनी माताले गुम्बाको लागि गरेको निर्माण कार्य, मोटर पार्कदेखि उत्तर–पश्चिम डाँडामा नयाँ चैत्य निर्माण आदि ।

२. स्वयम्भू महाचैत्य वरपर धेरै अघिदेखि वातावरण विपरीत बनेका तथा मर्मत भएका घर, गुम्बा, मन्दिर आदिले वातावरण संरक्षणको निमित्त जटिल समस्या ल्याएको छ । जस्तै–

क) कर्मराज महाविहारको विशाल भवन रहेको स्थल भूस्खलनको दृष्टिकोणले कमजोर रहेको भाग भन्ने युनेस्कोको सल्लाहकार श्री कोडिङको प्रतिवेदनमा उल्लेख भएको उक्त गुम्बा चर्किसकेको, हाल नापी विभागको अध्ययनबाट पनि सो क्षेत्र प्रतिवर्ष ७ मिलीमिटरले धसिंदै गै कमजोर देखापरेको भन्ने भएको हुनाले उक्त भव्य भवनको बोझ घटाउन अति आवश्यक देखिएको र साथै त्यस क्षेत्रको वातावरण अनुकूल बनाउन पनि उक्त भवनको हालको उचाइ घटाउन आवश्यक भैसकेको छ ।

ख) त्यस्तै मुख्य स्तूप वरपरका सत्तल, आगंछें,

अन्तर्राष्ट्रिय बौद्ध पुस्तकालय रहेको घर, वायु-पुर, सिमेन्ट प्लास्टर गरिएको छाना भएको लगायत अन्य घर तथा मन्दिरहरूको थपघट, मर्मत, जीर्णोद्धार, निर्माण आदि कार्य गर्दा नयाँ निर्माण सामग्रीहरू प्रयोग गरी बनाइएकोले उक्त क्षेत्रको वातावरणलाई प्रतिकूल असर पारेको छ । तसर्थ उक्त घर मन्दिरहरूलाई वातावरण अनुकूल पार्न पुरातात्त्विक ढङ्गबाट मर्मत जीर्णोद्धार गर्न अत्यावश्यक देखिन्छ ।

ग) स्वयम्भू स्तूपको दक्षिण–पश्चिममा रहेको हाल-को संग्रहालय वातावरण अनुकूल नदेखिएको साथै त्यस क्षेत्रमा नापी विभागबाट गरिएको अध्ययन कार्यबाट कमजोर देखिएकोले यथाशीघ्र उक्त भवन हटाउन जरूरी देखिन्छ ।

घ) थप्दै गैरहेको निजी आवास घरहरू, बढ्दो जनसंख्या र स्वदेशी तथा विदेशी धर्मावलम्बी तथा पर्यटकहरूको आगमनको अनुपातमा भैर-हेको खानेपानी, ढल निकास तथा शौचालयहरू पर्याप्त नभएकोले जताततै फोहर भै धार्मिक स्थललाई दूषित तुल्याइएको छ । तसर्थ हाल भैरहेको खानेपानी, ढल निकास, शौचालय तथा फोहर सफा गर्नेतर्फ आवश्यक व्यवस्था गर्न अनिवार्य देखिन्छ ।

ङ) मञ्जुश्री डाँडामुनि रहेको स्कूल भवन, मञ्जुश्री डाँडामाथि थप्दै गएको गुम्बा एवं भवनहरू वातावरण अनुकूल नभएको र कतिपय चर्कंदै गएको साथै त्यस क्षेत्रको शान्त वातावरणपछि खलल हुने र भूस्खलन हुने समेत सम्भावना भएकोले त्यसतर्फ सम्बन्धित निकायबाट विस्तृत अध्ययन गरी आवश्यक कार्यवाही हुन जरूरी छ । त्यस्तै स्वयम्भू डाँडाको दक्षिण–पश्चिम-तर्फको ट्याक्सी पार्क नजीकैको सुमती मैत्री शासन महाविहार उक्त क्षेत्रको वातावरण अनु-कूल नमिलेकोले वातावरण अनुकूल संशोधन गरी बनाउन अनिवार्य देखिन्छ ।

च) चैत्य तथा मूर्तिहरूको कला नष्ट हुने गरी चुना पोत्ने गरिएको कार्य रोक्नु जरूरी छ ।

छ) मुख्य स्मारकहरूलाई अशोभनीय हुने गरी लगाइराखेको बिजुली तथा टेलिफोन तारहरू व्यवस्थित रूपले राख्न जरूरी देखिन्छ ।

## नयाँ चैत्य तथा गुम्बा निर्माणसम्बन्धी समस्या

यस क्षेत्रभित्र नयाँ चैत्य तथा गुम्बा निर्माणको लागि धर्मावलम्बीहरूबाट प्राप्त निवेदन संख्या यस विभागमा निकै बढिरहेको छ । साथै जबर्जस्ती बनाउने क्रम पनि देखिन्छ । यस समस्यालाई दृष्टिगत गर्दा मानिसहरूको धार्मिक भावनाको कदर गर्नु, कला एवं वास्तुकलाको विकासको लागि पनि परम्परागत नेपाली चैत्यकलाका मौलिक विशेषतालाई अनुकरण गरी चैत्यको हकमा मात्र नयाँ चैत्यहरू निर्माण गर्न पाउने व्यवस्था हुन आवश्यक छ । त्यसकारण स्वयम्भू महाचैत्यको क्षेत्रमा बाहेक अन्यत्र सम्भावित ठाउँको अध्ययन गरी तोकिएको ठाउँमा निर्धारित संख्यामा पुरातत्त्व विभागले निर्धारित निर्माण सामग्री, आकार–प्रकार र शैलीमा नयाँ चैत्यहरू निर्माण गर्न दिन समसामयिक नै हुनेछ ।

## प्राकृतिक एवं भूबनावटको समस्या

स्वयम्भू महाचैत्य तथा स्मारक क्षेत्र डाँडामाथि अवस्थित भै उक्त क्षेत्रको संरक्षण गर्न जटिल समस्या भएको छ । त्यसमाथि थप्दै गएका घर, भवन, स्कूल, गुम्बा तथा अन्य स्मारकहरूको बोझले उक्त क्षेत्र भासिंदै गई भूस्खलन भएको र हुने सम्भावना देखिएको छ । तसर्थ उक्त क्षेत्रलाई भूस्खलनबाट बचाउन स्वयम्भू डाँडा वरिपरि वृक्षरोपण गर्न, बोझिला खालका गुम्बा, घर, भवनहरूका उचाइ घटाउने वा हटाउन आवश्यक छ । डाँडा वरपरको चक्रपथ भित्रको भूभागमा कुनै पनि बोझिला खालका नयाँ निर्माण कार्य गर्न र कुनै पनि सवारी साधनको आगमन रोक्नेतर्फ सोच्न आवश्यक महसूस भएको छ । हाल भैरहेको बस, ट्याक्सी पार्क स्थान अपर्याप्त समेत महसूस गरी सोको सट्टा उक्त डाँडाको दक्षिणतर्फको फेदीमा व्यवस्था हुन पनि उत्तिकै आवश्यक देखिन्छ ।

स्वयम्भूको चक्रपथभित्रको क्षेत्र घोषित संरक्षित स्मारक क्षेत्रभित्र परेको तर सोही बीच सडकको अर्को-

तर्फ घोषित क्षेत्र बाहिर पनि नयाँ भव्य गुम्बा–भवनहरू बन्दै गरेकोले उक्त गुम्बा भवनहरूबाट संरक्षित स्मारक क्षेत्रलाई समेत असर पारेको देखिएकोले उक्त वातावरण कायम गर्न पीच सडकको दुवैतर्फको घरका अगाडिको मोहडा (Front Elevation) मात्र भए पनि वातावरण अनुकूल संरक्षण हुन आवश्यक देखिन्छ ।

घोषित संरक्षित स्मारक क्षेत्रभित्र बनिने घरहरूमा उक्त क्षेत्रको वातावरण अनुकूल बनाउँदा स्थानीय जनताले व्यक्तिगत इच्छा तथा आकांक्षामा केही बाधा पर्न जान पनि सक्ला । यसमा विचार गरी घोषित क्षेत्रभित्र तोकिएको मापदण्ड अनुसार निर्माण, मर्मत, थपघट आदि कार्य गर्दा सम्बन्धित व्यक्तिलाई प्रोत्साहनको रूपमा केही आवश्यक प्राविधिक सहयोग जुटाई दिन आवश्यक देखिन्छ ।

माथि उल्लेखित कुराहरू र उक्त क्षेत्रसम्बन्धी तयार भैराखेको गुरुयोजनामा उल्लेखित कुराहरूलाई पनि क्रमश: कार्यान्वयन गर्दै गएको खण्डमा स्वयम्भूनाथ संरक्षित स्मारक क्षेत्रको वातावरण संरक्षण कार्यमा महत्त्वपूर्ण योगदान पुग्न सक्ने कुरामा दुइमत हुन सक्दैन ।

स्वयम्भू संरक्षित स्मारक क्षेत्रको संरक्षण गर्ने कार्यमा पुरातत्त्व विभागको जति जिम्मेवारी छ, उत्तिकै सम्बन्धित नगर पञ्चायत, वडाध्यक्ष, जिल्ला कार्यालय तथा नगर विकास योजना र अन्त्यमा त्यहाँका बासिन्दाहरूको पनि जिम्मेवारी छ । तसर्थ यी सबै निकायहरूको संयुक्त प्रयासबाट मात्रै सो क्षेत्रको वातावरणको संरक्षण गर्नसक्ने कुरा निर्विवाद छ ।


# बौद्धनाथको परिचय, वातावरण संरक्षणमा देखापरेका समस्या र समाधानका उपायहरू

-श्रीमती शोभा श्रेष्ठ

प्राचीनकालदेखि नेपाली सीप र विवेकले सिर्जना गरेको उत्कृष्ट वास्तुकला, मूर्तिकला आदि विविध शिल्पकलाहरूको भण्डार यस काठमाडौं उपत्यकामा रहेको बौद्धनाथ नेपालमा रहेका स्तूपहरूमा सबैभन्दा ठूलो हो ।

इसापूर्व तेस्रो शताब्दीमा मौर्यवंशीय राजा अशोकले यस पुण्यभूमिमा तीर्थयात्रा गरी सो यात्राको यादगारको रूपमा पाटनका विभिन्न भागमा स्तूपहरू निर्माण गरेको कुरा तत्कालीन वंशावलीमा उल्लेख गरेको पाइन्छ । त्यसपछि यस भेगका धेरै मानिसहरूले बुद्धधर्म अपनाई धेरै बौद्ध मन्दिरहरू निर्माण गरेको कुरा विश्वास गरिएको छ । त्यसको लगत्तै पछि यहाँ पनि स्तूपहरूको निर्माण गर्ने परम्परा बढ्दै गई बौद्धनाथ स्तूपको पनि निर्माण भएको हुन सक्दछ । लिच्छवि राजा मानदेवको समय अथवा भनौं, पाँचौं शताब्दीमा बनेको उक्त स्तूप प्राचीन समयदेखि लुम्बिनी तथा बौद्ध, गया जाने तिब्बती तीर्थयात्रीहरूको लागि पनि एउटा पवित्र तीर्थस्थलको रूपमा रहेको पाइएको छ । लिच्छविकालमा बनेका मूर्तिकला, वास्तुकला, गुम्बा, बौद्ध विहार तथा मठ मन्दिर आदिले गर्दा लिच्छवि समयलाई नेपालको इतिहासमा स्वर्ण युग भनिन्छ । लिच्छविवंशीय राजा मानदेवलाई सर्व धर्म समन्वय कर्ताको रूपमा पनि मानिन्छ । किनभने उनले आफू वैष्णव धर्मावलम्बी भए तापनि शैव तथा बौद्धधर्मको प्रचार, प्रसार र उद्धारमा समान रूपले आदरभाव राखेको पाइएको छ । साँच्चै भन्ने हो भने लिच्छवि समयदेखि नेपालको इतिहासमा सांस्कृतिक परम्पराको शुरूवात भएको भन्न सकिन्छ ।

बौद्धनाथ स्तूपको उत्पत्ति तथा निर्माण कहिले र कसले गऱ्यो भन्नेबारे ठोस प्रमाणहरू पाइएका छैनन् । तर पनि लिच्छविकालमा भएको भन्ने कुरामा सबै एकमत छन् । किंवदन्ती अनुसार पनि लिच्छविकालमा एकजना सुखोन्तमा (काङमा) नाम गरेका आइमाईले बनाएको कुरा सबैले मानेको छ । देवकन्या भई स्वर्गमा जन्मिएकी यिनले इन्द्रको बगैंचाबाट फूल चोर्ने गरेकीले सोही अपराधको सजायँ स्वरूप स्वर्गलोकबाट च्युत भई काठमाडौं उपत्यकामा एक साधारण सुँगुर पालकको छोरी भई जन्म भएको थियो । तर तिनी धेरै धार्मिक प्रवृत्तिको भएको र आफ्नो चार छोराहरूको समेत जीविकोपार्जनको लागि हाँस पाल्न थालिन् । त्यसबाट बचेको द्रव्यबाट अमिताभ बुद्धको एउटा मन्दिर निर्माण गर्न राजासंग जग्गा मागिन् । त्यसबखत सबैले त्यस्तो छुद्र जातकी आइमाईले मन्दिर निर्माण गर्नु हुँदैन र जग्गा पनि दिनु हुँदैन भनेर राजालाई भनेका थिए । तर राजाले धार्मिक कार्यमा सघाउ पुऱ्याउनु पर्छ भनी जग्गा प्रदान गरेका थिए । राजाबाट जग्गा प्राप्त भएपछि स्तूप निर्माण कार्य शुरू गरिन् । तर



बौद्धनाथ संरक्षित स्मारक क्षेत्र

निर्माण कार्य पूरा नहुँदै तिनको मृत्यु भएकोले तिनका चार छोराहरूले कश्यप बुद्धका अस्तुधातु राखी उक्त स्तूपको निर्माण गरे र उक्त स्तूप निर्माणमा पूरा दुई हजार पाँच सय पचपन्न दिन लागेको कुरा बौद्धग्रन्थहरूमा उल्लेख छन् । जुन बखत यो स्तूप निर्माण गरियो, त्यति बेला शायद पाटनस्थित अशोक स्तूप जस्तै जमीनदेखि अलिकति मात्र माथि उठाएर बनाइएको पनि हुन सक्दछ । तर समय समयमा निर्माण र थपघटबाट उक्त स्तूप अहिलेको रूपमा पुगेको हुन सक्दछ ।

काठमाडौंबाट करीब ५ कि. मि. पूर्व बौद्ध बजारको मध्यमा पुण्यभूमि हिमालयको काखमा अवस्थित यस स्तूपको चम्किलो सुनौला गजूर टाढाबाट नै देखिए तापनि यसको वास्तविक आकार–प्रकार यकिन गर्न भित्री भागमा नै प्रवेश गर्नु जरूरी छ । यस स्तूपको मुख्य केन्द्रविन्दुको रूपमा रहेको भाग गुम्बज र त्यसमाथि निर्माण गरिएको तेह्र वटा चारपाते आकारको पिरामिड जस्तो घेरा छन् जसलाई बौद्धधर्म अनुसार तेह्र स्वर्गको प्रतीकको रूपमा मानिन्छ । सबैभन्दा टुप्पोमा रहेको सुन मोलम्बा गजूर पनि त्यतिकै महत्त्वपूर्ण छ । गुम्बज र पिरामिडबीच चारैतिर रहेका अर्धनिद्रित दिव्य चक्षुलाई करुणा तथा प्रज्ञाको रूपमा मानिने परम्परा पनि बौद्धमार्गीमा छ । गुम्बजको तल्लो भागमा सेतो र माथि पहेंलो रङ्ग लगाई स्तूपलाई पवित्र कमलको फुलको रूपमा बौद्धमार्गीहरू श्रद्धाभाव राख्दछन् । बौद्धनाथ गुम्बजका फेदमा (Base) चारैतिर १०८ खोपाहरू छन् जसमा बुद्ध बोधिसत्त्वका विभिन्न १०८ मूर्तिहरू राखिएका छन् । यस स्तूपको जमीन तहमा प्रदक्षिणा पथको चारैतिर पर्खालमा १४७ खोपा छन् र हरेकमा चार–पाँच वटा माने राखिएका छन् । यी मानेमा लेखिएको मन्त्र "ॐ मणि पद्मे हुँ" जप्दै जति धेरै पल्ट सक्यो उति घुम्ने परम्परा त्यहाँ बस्ने बौद्धमार्गीमा पाइन्छ । किनकि त्यसरी घुम्दा बढी धर्म हुन्छ भन्ने उनीहरूको विश्वास पनि छ ।

स्तूपको चारैतिर चार ध्यानीबुद्धको मूर्तिहरू पनि राखिएको छ । बौद्धनाथ स्तूप पस्ने ढोकामा एउटा सानो मन्दिरमा चाँदीको छ्वासकामिनी माईको मन्दिर छ र यसको पछाडि एउटा ठूलो माने पनि छ । यो माने राखिएको कोठाको गारोमा बुद्ध जीवनीसम्बन्धी चित्रहरू लेखिएका छन्, तर त्यहाँभित्र बालिने बत्तीको धुँवाले गर्दा अहिले केही पनि प्रष्ट देखिदैन । यस क्षेत्रमा बौद्ध मूर्ति साथसाथै केही हिन्दू मूर्तिहरू पनि पाइएका छन् जसले हिन्दू तथा बौद्धधर्मबीचको समन्वय र सहिष्णुताको पनि प्रतिनिधित्व गर्दछ । यस स्तूपको भूइँ सोह्र कुने मण्डलाकारमा निर्माण गरिएको छ । यसको ओरियन्टेशन पूर्व–पश्चिमबाट उत्तर–दक्षिण रहेको छ ।

चारैतिर आवासीय घरहरूको मध्यभागमा रहेको यो स्तूपले देवालय तथा आवासीय घरहरू बीचको सामञ्जस्यता र एक अर्काको पुरकको रूपमा पनि प्रष्ट पारेको छ । लिच्छवि राजाको समयमा निर्मित यस स्तूपको जीर्णोद्धार तथा मर्मत गोपाल वंशावली अनुसार राजा शिवदेव (छैटौं शताब्दी) (हिमवत्संस्कृति, वर्ष १, अङ्क १, पृष्ठ १०, राजा शिवदेव, वर्ष ४१ मा ३ तेन प्रतिष्ठित विहार शुभकृतं खासौचेन महाकुटं तत्पश्चात् मोतात देश भागतं), राजा प्रताप मल्ल (सत्रौं शताब्दी) र लामा मालिपा (बीसौं शताब्दी) मा भएको थियो ।

बौद्धनाथ क्षेत्रको वातावरणको झलक सो स्तूप–माथि उक्लेर चारैतिर हेरेपछि मात्र थाहा हुन्छ । पहिले–देखि व्यापारीको केन्द्र रहेको यस क्षेत्रमा पहिले नेवार समुदाय सुन चाँदीको गहना बनाई तिब्बतबाट आउने तीर्थयात्रीहरूलाई बेचबिखन गर्थे भने अहिले पर्यटकहरूलाई बेचिने क्यूरियोका सामानहरूको बढी व्यापार हुन्छ । बौद्धमार्गीहरूको मुख्य पर्व लोसरको समयमा तिब्बती तीर्थयात्रीहरू र उत्तरी भेगका भोटेहरू आई तीर्थ पनि गर्ने र व्यापार पनि गर्ने जुन परम्परा थियो चीनमा घटेको १९५९ को सांस्कृतिक आन्दोलनपछि प्रशस्त मात्रामा तिब्बती शरणार्थीहरू त्यहाँ बसोबास गर्न थालेकोले अब पहिलेको जस्तो व्यापार परम्परा छैन, तर अब त्यहाँ बस्ने तिब्बतीहरू चिनिया सामान व्यापारमा बढी ध्यान दिने गरेको पाइन्छ । त्यहाँ बसेका बौद्धमार्गीहरूबाट सो स्तूपको चारैतिर आफ्नो धर्म अनुसारको (न्याइङपा, शाक्यपा, कागलिपा र गेलुगपा) गुम्बाहरू बनाई बौद्ध धर्मसम्बन्धी अध्ययन–अध्यापन पनि गरेको पाइएको छ

जुन ज्ञान हासिल गर्न पश्चिमी मुलुकका धेरै युवावर्ग-हरू अहिले पनि त्यहाँ बसी अध्ययन गरेको देखिन्छ। लोसरको समयमा उक्त स्तूपलाई रङ्गीविरङ्गी ध्वजाले सिङ्गार्ने चलन अझै पनि छ। एउटा कुरा प्रष्ट छ कि धेरै समयदेखि उत्तरी भेगका शरणार्थीहरूको प्रमुत्व रहेकोले यस क्षेत्रमा उनीहरूकै परम्परा, रीतिरिवाज र रहनसहनको बढी प्रचलन देखिन्छ। तिब्बती भाषामा बौद्ध स्तूपलाई 'खासौचेन महाकूट चैत्य' भन्ने कुरा गोपाल वंशावलीमा पनि उल्लेख छ। अर्को कुरा के छ भने त्यहाँ बस्ने लामा-हरू जसरी माने घुमाई हिंडेको देखिन्छ त्यो काठमाडौं उपत्यकाका बौद्धमार्गीहरूमा पाइने चलन होइन। अहिले-सम्म पनि त्यहाँ दलाई लामाको प्रतिनिधिको रूपमा एक-जना लामा बस्ने गरेको पाइन्छ जसलाई चिनिया लामा भनिन्छ। चिनिया लामाको छनौटको प्रक्रिया बाबुबाट छोरामा जाने चलन छ। अहिलेसम्म त्यहाँ बस्ने लामाहरू चिनिया लामाको रेखदेख र अधीनमा बस्ने गरेको पनि पाइन्छ। बौद्धनाथ स्तूपको एउटा रमाइलो र भिन्न कुरा के छ भने यहाँ मानिसहरू माथिसम्म गएर चारैतिर घुम्न, हेर्न र हिमालयको पनि अवलोकन गर्न सक्दछन्। बौद्धनाथ स्तूपको चारैतिर बसेका बौद्धमार्गीहरूको दैनिक जीवन, उनीहरूको रहनसहन, संस्कृति तथा परम्परा विषय ज्ञान हासिल गर्न त्यहाँ रहेको कुनै एउटा गुम्बामा गई अवलो-कन गर्नु उपयुक्त नै हुन्छ। हुन त त्यहाँ रहेका सबै गुम्बा-हरूको बनोट, ढाँचा, र सजावट एकै प्रकारको छ। गुम्बाको भित्री भागको गारोमा बुद्ध जीवनसंग सम्बन्धित जातक कथाहरू चित्रण गरिएका छन्। खासगरी यी चित्रहरूमा सुनौला रङ्ग बढी प्रयोग गरेको पाइन्छ भने सिलिङ्गको बुट्टामा विविध रङ्ग प्रयोग गरेको पाइन्छ। बौद्ध परम्परा अनुसार पूजा कोठालाई एकदम सफा राख्ने गरेको पाइन्छ। एउटा सुविधा के छ भने कोही पनि व्यक्ति कुनै पनि बेला गएर त्यहाँ दर्शन गर्न सक्दछन्। तर त्यहाँको वास्तविक स्थितिको अनुभूति त्यहाँ हुने दैनिक पूजामा सम्मिलित भएपछि मात्र प्राप्त गर्न सकिन्छ।

वास्तुकला, मूर्तिकला, ऐतिहासिक भवनहरूको साथै प्राकृतिक सम्पदाले गर्दा नै नेपाल अधिराज्य विश्व-को जनसमूहको लागि एउटा आकर्षण स्थलको रूपमा रहेको छ। यी प्राचीन स्मारकहरू, देवालय, शिवालय, बौद्ध, मठ मन्दिर तथा गुम्बाहरूले गर्दा नै आज यहाँ पर्यटकहरूको संख्यामा बृद्धि हुँदै गएको छ। जति धेरै पर्यटकहरू यहाँ आउँछन् उति बढी प्रचार-प्रसार पनि हुँदै गएको छ। ई. स. १९५१ सम्म बाहिरी संसारको लागि यस उपत्यकाको ढोका बन्द प्राय: नै थियो र धेरै कम मात्रामा मात्र विदेशी विद्वान् तथा इतिहासकारहरू मात्र आउन पाउँथे। पछि १९५१–५२ मा यस उपत्यकाको ढोका विश्वका पर्यटकहरूको लागि खुलेपछि प्रशस्त मात्रामा विदेशी व्यक्तिहरू आउन थाले। फलस्वरूप यहाँको रहन-सहन, वातावरण, संस्कृति र सभ्यतामा उनीहरूको प्रभाव पर्न थाल्यो जुन स्वाभाविक पनि हो। साथसाथै देशको सांस्कृतिक सम्पदाको रूपमा रहेका बहु-मूल्य वस्तुहरू यहाँको मठ-मन्दिरबाट हराउँदै विदेशी संग्रहालयमा जम्मा हुने परम्परा हुन थालेपछि ई.सं.१९५६ (वि. सं. २०१३) मा यस्ता वस्तुहरूलाई विदेशिनबाट बचाउन प्राचीन स्मारक संरक्षण ऐन जारी गरिएको हो। समय-समयमा यसमा संशोधन पनि हुँदै गए र पछिल्लो पटक २०४३ सालमा भएको संशोधनबाट प्राचीन सम्पदा-लाई नाश गर्ने, मास्ने र चोरी निकासी गर्नेलाई कडा जरिवाना, सजायँ र कैदको समेत व्यवस्था गरेको छ। तर सबैभन्दा महत्त्वपूर्ण कुरा के छ भने नेपालको सांस्कृतिक सम्पदाको जगेर्ना गर्ने काम सरकारी निकायको मात्र होइन, सबैको हो भन्ने कुरा हामी सबैले बुझ्नु र महसूस गर्नु परेको छ।

प्राकृतिक प्रकोप तथा मानवीय क्रियाकलापबाट भत्कन बिग्रन लागेका काठमाडौं उपत्यकामा रहेका प्राचीन सांस्कृतिक सम्पदाको संरक्षण गर्न गुरुयोजना तर्जुमा गरी आवश्यक रकम सङ्कलन गर्न सहयोग गर्ने उद्देश्यले श्री ५ को सरकार, शिक्षा तथा संस्कृति मन्त्रालय, पुरातत्त्व विभागको अनुरोधमा सन् १९७५ मा यूनेस्कोले एउटा विशेषज्ञहरूको टोली पठाएको थियो। श्री ५ को सरकार-को सम्बन्धित निकायहरू र यूनेस्कोको टोलीको संयुक्त सहयोगबाट "Master Plan For The Conservation Of The Cultural Heritage In The Kathmandu Valley" तर्जुमा भएको हो। त्यस गुरुयोजनाको मुख्य

उद्देश्य राष्ट्रिय सांस्कृतिक सम्पदाको मर्मत सम्भार गर्नु, स्मारक क्षेत्रको मौलिक रूपको विकास गर्नु र त्यसबाट स्थानीय जनताका साथै बाहिरबाट आउने पर्यटकहरूलाई सुविधा पुऱ्याउनु रहेको छ। विभिन्न समयमा निर्माण भएका दरबारहरू, मन्दिर तथा गुम्बाहरूको मर्मत र सम्भार गर्न यूनेस्कोको सहयोगमा नेपालले सन् १९७८मा World Heritage Convention मा हस्ताक्षर गरेपछि सन् १९७९ मो यस उपत्यकाका सात प्रमुख स्थानहरूलाई विश्व सम्पदा सूचीमा समावेश गरिएका हुन्। यूनेस्कोले यी सम्पदाहरूको संरक्षणमा सघाउ पुऱ्याउन अन्तर्राष्ट्रिय सङ्घ-संस्थालाई आह्वान गरे अनुरूप विभिन्न देशहरूबाट सहयोग पनि प्राप्त भएको छ। विश्व सम्पदा सूचीमा परेका स्मारकहरूको संरक्षण र सम्भार गर्न प्राथमिकता दिने श्री ५ को सरकारको नीति पनि रहेको छ। विश्व सम्पदा सूचीमा परेका सात प्रमुख स्मारकहरूमध्ये बौद्धनाथ पनि एउटा हो। हुन त अहिलेसम्म बौद्धनाथ संरक्षित स्मारक क्षेत्रको वातावरणमा धेरै प्रतिकूल प्रभाव परिसकेको त छैन, तर पनि त्यस क्षेत्रमा बढ्दो आधुनिक शैलीका अग्ला अग्ला घरहरूको निर्माण कार्यमा आवश्यक नियन्त्रण गर्न श्री ५ को सरकारले २०४१ सालमा उक्त क्षेत्रलाई संरक्षित स्मारक क्षेत्र घोषित गरेको हो। तर सो कार्य हुनु अगावै उक्त क्षेत्रको वातावरणलाई प्रतिकूल प्रभाव पार्ने खालका घरहरू निर्माण हुन गएको तथ्यलाई नकार्न सकिंदैन। तर पनि अन्य क्षेत्रको तुलनामा बौद्धनाथ स्तूपको वरिपरि वातावरणलाई प्रतिकूल प्रभाव पार्ने खालका घर तथा भवनहरू निकै कम छन्। तर उक्त स्तूपदेखि बाहिरी भागमा भने यस्ता अग्ला अग्ला घरहरू प्रशस्त बनेका छन् र यसले अप्रत्यक्ष रूपमा भए पनि बौद्धनाथ स्तूप र सो क्षेत्रको वातावरणलाई केही मात्रामा भए पनि प्रतिकूल प्रभाव पारेको छ। यिनै तथ्यलाई हृदयङ्गम गरी श्री ५ को सरकारले प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा ३ को अधिकार प्रयोग गरी प्राचीन बौद्ध क्षेत्रको दुरुपयोग वा त्यसमा कुनै किसिमको बेहिसाब हुन गर्न नदिन बौद्ध क्षेत्रको निम्न बमोजिमको चार किल्लाभित्रको प्राचीन स्थललाई संरक्षित स्मारक क्षेत्र घोषित गरेको हो।

पूर्व– कित्ता नं. १०७, ३९४, ३०३, १५०; २३३, १५२, ३८८, ३९७, ३९८, ३९० र ३८५ बौद्ध वडा नं. २ मा।

पश्चिम- होल्गा खोंच, पोखरी तथा ढुंगेधारा।

उत्तर– कित्ता नं. १५, २३९, २१०, २०९, २१६, २३२, २२९
वडा नं. ३– कित्ता नं. १२०, १२१, २७२
वडा नं. २

दक्षिण– जोरपाटी पशुपति जाने मूल सडक।

(उक्त कुरा राजपत्र भाग ३, खण्ड ३४ मा २०४१ श्रावण १५ गते प्रकाशित भएको हो।)

यसरी श्री ५ को सरकारले बौद्धनाथ क्षेत्रलाई संरक्षित स्मारक क्षेत्र घोषित गरिए तापनि कार्यान्वयन पक्षमा ऐन कानूनमा प्रष्ट उल्लेख नभएकोले वातावरण संरक्षणमा ठोस उपलब्धि हुन सकेन। अतः संरक्षित स्मारक क्षेत्रसम्बन्धी सम्पूर्ण व्यवस्था ऐनमा हुनु जरूरी भयो र २०४३ सालमा प्राचीन स्मारक संरक्षण ऐन २०१३ को दफा ३ मा आमूल परिवर्तन गरी संरक्षित स्मारक घोषित क्षेत्रसम्बन्धी स्पष्ट व्यवस्था भएको छ। यसबाट अरू संरक्षित क्षेत्रमा जस्तै यहाँ पनि घर निर्माण गर्न स्वीकृतिको लागि न. पं. मा पेश गरेको नक्सा न. पं. ले स्वीकृति दिनु अगावै पुरातत्त्व विभागको स्वीकृति लिनु आवश्यक भएको छ। यस प्रकार स्वीकृतिको लागि प्राप्त नक्सालाई पुरातत्त्व विभागले स्वीकृत, संशोधन सहित स्वीकृत वा अस्वीकृत गर्न सक्ने व्यवस्था ऐनमा भए तापनि उक्त कार्यहरूको कार्यान्वयनमा आइपरेका समस्याहरूले बौद्धनाथको वातावरण संरक्षणमा निम्न समस्याहरू देखापरेका छन्।

१) संरक्षित स्मारक क्षेत्रभित्र निर्माण गरिने घरहरूको नक्सा स्वीकृत पुरातत्त्व विभागबाट समेत गरिनु पर्नेमा यस विभागको स्वीकृति विना नै घर तथा भवन निर्माण, मर्मत, थपघट वा पुनर्निर्माणको कार्य गरेका प्रशस्त उदाहरणहरू बौद्धनाथ स्मारक क्षेत्रमा पनि पाइएका छन्। उदाहरण स्वरूप तीर्थबहादुर लामाको घरको नक्सा स्वीकृतिको लागि पुरातत्त्व विभागमा नपठाई नगर पञ्चायतले

मात्र दिएको छ। त्यस्तै वडाध्यक्ष वा वडा समितिको स्वीकृतिले मात्र पनि घरको तल्ला थप्ने, पाली राख्ने र आफूले चाहे अनुरूप मर्मत गर्ने गरेका उदाहरणहरू पनि प्रशस्त मात्रामा पाइएको छ। उदाहरणको लागि जितेन्द्र लामालाई पाली मर्मत गर्न वडाध्यक्षबाट स्वीकृति दिएको देखिन्छ। त्यस्तै दोर्जे तामाङ्गले वडा समितिको स्वीकृति लिएर घर मर्मत गरी तल्ला थपेको देखिएको छ। यसरी स्वीकृति लिएर बनाइएका घरहरू उक्त स्मारक क्षेत्रको वातावरण अनुकूल नभएको देखिए तापनि घर धनीहरूमाथि कार्यवाही गर्न समस्या नै परेको छ।

२) पुरातत्त्व विभागले तोकेको मापदण्ड बमोजिमको घर निर्माण गर्न नचाहनु पनि एउटा समस्या नै छ। वातावरण अनुकूल झ्याल, ढोका नराख्नु, झ्यालहरूमा पनि काठको सट्टा ग्रील बढी प्रयोग गर्नु, झिङ्गटी अथवा टायलको बदलामा सिमेन्ट ढलान गर्नु, टप र क्यान्टी लेभर निकाल्नु आदि प्रमुख छन्। घरको उचाइका सम्बन्धमा त झन् समस्या जटिल नै छ। पुरातत्त्व विभागको स्वीकृति लिएर सोही मापदण्ड अनुसार घर निर्माण गर्छु भनी भने तापनि बनाउने बेला आफ्नो इच्छा अनुसार बनाएका उदाहरणहरू पनि पाइएका छन्।

३) केही वर्ष अगाडि मात्र बौद्ध स्तूप वरपर ध्वजा–पटाकाका लागि राखिएका फलामका खम्बाहरू पनि वातावरण प्रतिकूल भएको स्पष्ट छ।

४) बौद्धनाथ स्तूप वरिपरि निर्माण भएका धर्मराज शाक्यको सिद्धि सेन्टर लेखिएको घर, किरण लामाको घर र आधुनिक गुम्बाहरू र त्यसमा प्रयोग गरिएका विभिन्न रङ्गहरूले प्रत्यक्ष रूपमा बौद्ध स्तूपलाई र त्यहाँको वातावरणमा प्रभाव पारेको छ।

५) बौद्ध स्तूपको प्रदक्षिणा पथदेखि बाहिर जस्तापाताको छाना निकाली पसल राख्न बनाइएका टहराहरू पनि पूर्णतया वातावरण प्रतिकूल नै छन् भन्नमा कुनै सन्देह छैन।

६) उक्त स्तूपको प्रदक्षिणा पथको चारैतिर खाली स्थानमा प्रशस्त मात्रामा रहेका स–साना पसलहरू (जस्तै– लत्ता कपडा, क्यूरियो) ले त्यहाँको वातावरणलाई प्रतिकूल प्रभाव पारेको छ भने साथै त्यहाँ आउने पर्यटकहरूको लागि धेरै नै असुविधा भएको तथ्य प्रष्ट छ।

उपर्युक्त समस्याहरूको समयमै निराकरण गरी बौद्ध क्षेत्रको ऐतिहासिक एवं वास्तुकला तथा मौलिक वातावरणको संरक्षण गर्न निम्न कुराहरूमा ध्यान जानु आवश्यक देखिन्छ।

१) श्री ५ को सरकारको विभिन्न निकायहरूबीच समन्वय, सम्पर्क र समय समयमा छलफल हुनु अति आवश्यक छ।

२) बौद्ध संरक्षित स्मारक क्षेत्रको प्राचीनता र मौलिकता कायम राख्ने कार्यलाई प्रभावकारी ढङ्गबाट कार्यान्वयन गर्न पुरातत्त्व विभागले तयार गरेको मापदण्ड अनुसारको घरहरू निर्माण कार्य कार्यान्वयनमा प्रमुख जिल्ला अधिकारीको कार्यालय र काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिले प्रमुख भूमिका खेल्नु पर्दछ।

३) पुरातत्त्व विभागको स्वीकृति नलिई घरहरू, भवनहरू तथा गुम्बाहरूको निर्माणमा, मर्मत कार्यमा, थपघटमा समेत प्रभावकारी ढङ्गबाट नियन्त्रण गरिनु पर्दछ। सम्बन्धित नगर पञ्चायत वा वडा अध्यक्षहरूले जुन स्वीकृति दिने गरेको छ, त्यसलाई पनि पूर्ण रूपमा नियन्त्रण गर्नु अनिवार्य देखिन्छ।

४) पुरातत्त्व विभागबाट हाल तयार गरिएका मापदण्डलाई पनि केही संशोधन गरिनु आवश्यक छ। किनभने अहिले निर्माण सामग्रीहरू जस्तै– काठ, झिङ्गटी, इँटा सजिलैसंग उपलब्ध गराउन गाह्रो छ। एउटा कुरा के छ भने संरक्षित स्मारक क्षेत्रभित्र निर्माण गरिने घरहरूको नक्सा सम्बन्धित सरकारी निकायबाट निशुःल्क उपलब्ध गराइदिने व्यवस्था भएमा वातावरण संरक्षण कार्यया ठूलो सघाउ पुग्ने कुरा अनुमान गर्न सकिन्छ। यसको साथै उक्त संरक्षित स्मारक क्षेत्रभित्र घर, भवन

अथवा गुम्बा निर्माण गर्ने महानुभावहरूले पनि उक्त स्थलको महत्त्वलाई बुझेर सोही अनुसार कार्य गर्नु पर्ने कुरामा दुइमत हुन सक्दैन जस्तो लाग्दछ ।

हाल निर्माण भइरहेको बौद्ध स्तूप क्षेत्रको घरमा पुरातत्त्व विभागबाट घर बनाउन स्वीकृति दिंदा बाहिरी भागमा परम्परागत इँटा देखाई घर निर्माण गर्न स्वीकृति दिने गरेको देखिएको छ । तर अहिलेसम्म त्यहाँ भएका सबै पुराना आवासीय घरहरूमा चुना लगाएको देखिएकोले हामीले पनि चुना लगाउने गरी स्वीकृति दिएमा वातावरणसंग बढी मेल खाने थियो कि भन्ने अनुमान हुन्छ । स्मरण रहोस्, बौद्ध स्तूपमा पनि प्राचीन समयदेखि चुना नै लगाउने गरेको पाइएको छ ।

बौद्धनाथ स्तूपको वरिपरि विभिन्न भक्तजनहरूबाट स–साना चैत्यहरू निर्माण गर्न स्वीकृतिको लागि पुरातत्त्व विभागमा आउने गरेका छन् । त्यस प्रकारको चैत्य निर्माण गर्न स्वयम्भू क्षेत्रमा कहिलेकाहीं स्वीकृति दिने गरेको छ भने बौद्धनाथ क्षेत्रमा भने पूर्ण नियन्त्रण छ । यसो गर्दा हाम्रा वास्तुकलाले फष्टाउने मौका पाउलान् त ? निश्चित स्थान निर्धारण गरी यस प्रकारको चैत्य निर्माण गर्न स्वीकृति दिनु आवश्यक देखिन्छ । तब मात्र हाम्रो परम्परागत कलाको विकासको साथै धार्मिक भावनाले प्रेरित व्यक्तिहरूको पनि कदर हुने देखिन्छ ।

यी सबै कुराहरूका अतिरिक्त उक्त क्षेत्रलाई सधैं सफा सुग्घर राखी पर्यटकहरूलाई आकर्षक स्थलको रूपमा प्रस्तुत गर्नु अति आवश्यक छ । माथि उल्लेख गरिएका कार्यहरूलाई क्रमशः कार्यान्वयन गर्दै लगिएमा मात्र बौद्धनाथ संरक्षित स्मारक क्षेत्रको वातावरण संरक्षण गर्ने कार्य प्रभावकारी ढङ्गमा हुने कुरामा दुइमत हुन सक्दैन । अन्त्यमा, देशमा भएका सबै प्राचीन स्मारकहरू र सांस्कृतिक सम्पदाहरूको मर्मत–सम्भार र संरक्षण गर्नु हामी सबैको कर्त्तव्य हो भन्ने कुरा हामी सबैले बुझ्नु परेको छ, महसूस गर्नु परेको छ ।


# भक्तपुर दरबार संरक्षित स्मारक क्षेत्रको परिचय, महत्त्व, वातावरण संरक्षणमा देखापरेका समस्या र समाधानका उपायहरू

–विष्णुराज कार्की

मध्यकालीन काल र संस्कृतिको अनुपम उदाहरण आत्मसात गरेर उभिएको उपत्यका खाल्डोभित्र तीन शहरमध्ये भक्तपुर नगरीको विकास लिच्छविकालदेखि नै भएको हुनुपर्दछ । यस नगरको थाप्लोमा अवस्थित चांगुनारायण लिच्छविकालमा विकास भएको तीर्थस्थल हो । राजा मानदेवले आफ्नो विजय अभियान समाप्त गरिसकेपछि यसै स्थानबाट नेपालको प्रामाणिक इतिहासको सूत्रपात गरेको कुरा त्यहाँ प्राप्त उनकै ईसवी ४६४ को अभिलेखले स्पष्ट पार्दछ । चांगुनारायण तीर्थस्थलका रूपमा लिच्छविकालदेखि नै विकास हुनुको तात्पर्य यसका छेउ–छाउका समथर मैदानमा बसोबास समेत विकास भएको हुनुपर्दछ । गोलमढीस्थित गैरीधारामा प्राप्त शिवदेवको अभिलेखको आधारमा पनि यस क्षेत्रमा त्यसै समयदेखि बसोबास थियो भन्ने तथ्य स्पष्ट हुन्छ । तर वंशावली अनुसार यस नगरको स्थापना राजा आनन्द मल्लले ईसवी ८८९ मा गरेको उल्लेख पाइन्छ । भक्तपुर शहरका रूपमा चिनिने हालको नामकरण खोपिङ ग्रामबाट विकसित हुँदै भादगाउँ र भक्तपुर हुन पुगेको हो ।

भादगाउँ शहरको स्थापना संगसंगै भादगाउँ दरबारको स्थापना भएको हो कि भन्ने जमर्को यदाकदा वास्तुविद्हरू तथा इतिहासकारहरूले नगरेका होइनन् । तर हालको दरबारका बाँकी विभिन्न भाग र चोकहरूमध्ये मूलचोकलाई सबभन्दा पुरानो भाग मानिन्छ । ड्यानियल राइटको अभिलेख र लोककथा अनुसार पनि तलेजु देवीको मन्दिर राजा हरिसिद्ध देवले गरेका हुन् भन्ने मत पाइन्छ । उक्त मन्दिर हरिसिंह देवले स्थापना गरेको मानेको खण्डमा यस भागको निर्माण १३ औं शताब्दीको शुरूवातमा भएको हुनु पर्दछ । तथापि भक्तपुर दरबारका ९९ चोकहरूमध्ये ४।५ वटा चोक मात्र बाँकी रहेको तर वंशावली तथा अन्य प्रमाणहरूबाट भक्तपुर दरबारको ९९ चोकहरू रहेको उल्लेख पाइन्छ । दरबारको ९९ चोकले पूर्वमा जितामित्र मल्लले निर्माण गर्न लगाएको ढुंगेधारा, पश्चिममा पद्मोदय माध्यमिक विद्यालयको कम्पाउण्ड, दक्षिणमा दरबारको बाँकी भाग र उत्तरमा व्याँसीसम्म फैलिएको थियो । यस विशाल क्षेत्रमा अवस्थित दरबारको बाँकी भाग बाहेक अन्य विलुप्त भागहरूको पुरातात्त्विक अध्ययन गरी यस दरबारको स्थापना १३ औं शताब्दीबाट शुरूवात भएको हो भनी न्वारान गर्न मिल्दैन । राजा

## भक्तपुर दरबार संरक्षित स्मारक क्षेत्र



जयस्थिति मल्लले शक्ति आफ्नो हातमा नियन्त्रण गरिसकेपछि उपत्यकाको केन्द्रको रूपमा भक्तपुरलाई परिणत गरी यहीं उनले राज्य सञ्चालन गरेका थिए । राजा जयस्थिति मल्लको उदय हुनुभन्दाअघि भक्तपुर पाटनको अधीनमा थियो । त्यसवखत भक्तपुरमा सामन्त शासकहरूले राज्य गर्दा अवश्य पनि भक्तपुर दरबारका केही भागहरू निर्माण गरेको हुनु पर्दछ । किनभने भक्तपुर दरबारका पछिल्लो कालमा निर्माण गरिएका ४,५ भागहरू (चोक) को मात्र उल्लेख भएको पाइन्छ । यस आधारमा अध्ययन गर्दा ९९ चोकमध्ये अन्य चोकहरूको निर्माण कुन समयमा भएको थियो भनी प्रश्न उठ्दछ । यस प्रश्नको समाधानका लागि पुरातात्विक उत्खनन् हुनु आवश्यक देखिन्छ ।

१३ औं शताब्दीमा राजा जगतप्रकाश मल्लले वसन्तपुर दरबार, जितामित्र मल्लले थनथुरा राजकुल र सिद्धिचारको निर्माण गर्नुका साथै १८ औं शताब्दीमा भूपतीन्द्र मल्लले ५५ झ्याले दरबार र मालती चोक र रणजीत मल्लले सुनको ढोका निर्माण गर्न लगाएका थिए। यस प्रकार विभिन्न राजाहरूको समयमा यसका विभिन्न भागहरूको निर्माण भएको हुँदा यसका हरेक भागहरूको आफ्नै विशेषताहरू र महत्त्व रहेको छ । युगानुकूल कला र संस्कृतिलाई आत्मसात गर्दै अगाडि बढिरहेको दरबार श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको उपत्यका विजयपछि यथास्थितिमा नै रह्यो ।

दरबार वास्तुकलाका साथै मल्ल राजाहरूले दरबारको शोभा बढाउन र दरबार क्षेत्रभित्र विभिन्न शैलीका मन्दिर, पाटी र धर्मशाला निर्माण गरेका छन् । यसले गर्दा दरबारको शोभा बृद्धि हुनुका साथसाथै दरबार क्षेत्रमा धार्मिक क्रियाकलापको पनि अभिबृद्धि हुन गयो । फलस्वरूप दरबार क्षेत्रका वरिपरि पूजारी, सामन्तवर्गले परम्परागत शैलीका घरहरू पनि निर्माण गर्न थाले । पछि गएर यस्ता क्षेत्रमा Neo-Classical घरहरू पनि निर्माण हुन थाले । परिणामस्वरूप दरबार क्षेत्र शहरको मुटुको रूपमा विकसित भयो ।

मध्यकालीन कला र संस्कृतिको अनुपम उदाहरण बोकेर उभिएको दरबार ९० सालको भूइँचालोले क्षतिग्रस्त बनायो । यसपछि दरबारका क्षतिग्रस्त भाग र मन्दिर तथा धर्मशालाहरूको जीर्णोद्धार गर्ने कार्य शुरू भयो। यस समयमा सैद्धान्तिक ज्ञानको अभावमा गरिएको जीर्णोद्धार कार्यले यसको मौलिकतामा निकै असर पाऱ्यो। जीर्णोद्धार कार्य गर्ने अभियानमा प्राचीन कला र संस्कृतिका अमूल्य निधिहरूको स्वरूप बिग्रँदै गएको हुनाले यस्ता निधिहरूको संरक्षण तथा सम्बर्द्धन गर्ने संस्थाका रूपमा पुरातत्त्व विभागको स्थापना भै यसले सर्वप्रथम २०१३ सालमा प्राचीन संरक्षण ऐनको व्यवस्था गऱ्यो । तापनि यस्ता निधिको संरक्षण गर्ने कार्यमा पुरातत्त्व विभाग मात्र जिम्मेवार नभै अन्य सरकारी तथा गैर-सरकारी निकायहरू पनि यसमा समावेश भै नै रहे । जीर्णोद्धार कार्यमा धेरै संस्थाहरूको संलग्नताले गर्दा अझै पनि संरक्षण र सम्बर्द्धन शतप्रतिशत रूपमा मौलिकतालाई कायम गर्न सकिएको छैन । यता केही समयदेखि केही संघ-संस्थाले पुरातत्त्व विभागको संलग्नतालाई आवश्यक ठानी पुरातत्त्व विभागको सरसल्लाह र सुझावका आधारमा जीर्णोद्धार गर्ने परम्परा विकास गर्दै लगे तापनि केही संघ-संस्था तथा व्यक्तिहरूले त्यसलाई अनुसरण गरेका छैनन् । यिनै तथ्यहरूलाई ध्यानमा राखी श्री ५ को सरकारले २०४१ सालमा उपत्यका भित्रका तीनै शहरका दरबार क्षेत्र लगायत स्वयम्भू तथा बौद्धलाई प्राचीन संरक्षित स्मारक क्षेत्र घोषित गऱ्यो । यसको मूल उद्देश्य ती क्षेत्रभित्र रहेका अतीतको कला र संस्कृतिलाई कायम राख्न र यस वरिपरिका क्षेत्रमा निर्माण हुने घरहरू आधुनिक वास्तुकला अनुरूप विकास हुन नदिई त्यस क्षेत्रको वातावरणलाई यथाशक्य सन्तुलन कायम राख्नु हो । यिनै उद्देश्यले भक्तपुरमा निम्न क्षेत्रलाई संरक्षित स्मारक क्षेत्र घोषित गरियो ।

पूर्व– मलाखु, ममपति चोक, क्वाछें, टिवुक्छें, बुलुहिटी हुँदै पश्चिम बाटो भई बालाखु गणेशदेखि वलाछेंसम्म ।

पश्चिम– कोलाटेबाट पश्चिम र उत्तर गल्ली हुँदै खौमा उमा-महेश्वर इन्द्रायणी सानो बेंसीसम्म ।

उत्तर– सानो बेंसीदेखि पूर्व बाटो भई वमलछेंसम्म ।

दक्षिण– कोलाछें, किसिमन्ह्य गल्ली, ईछु, सिमला गल्ली, तौमढी, गाहिटी हुँदै वलाखुसम्म ।

## वातावरण संरक्षणमा देखापरेका समस्या र समाधानका उपायहरू

मानवद्वारा निर्मित घर, गल्ली, चोक, देवदेवीका स्थल तथा पाटी, पौवा र धर्मशालाको वातावरणलाई कायम राख्न उ स्वयं जिम्मेवार रहन्छ । कुनै स्थानमा जब कुनै नयाँ निर्माण गरिन्छ त्यसको संरक्षण नगरेमा त्यही नै पछि गएर वातावरण सन्तुलनमा समस्या उत्पन्न हुन्छ । त्यसै प्रकारले प्राचीन दरबार क्षेत्र वा स्मारक क्षेत्रको वातावरण सन्तुलन कायम राख्न पनि समय–समयमा तिनको संरक्षण गर्नु आवश्यक हुनुका साथसाथै त्यस वरपरका क्षेत्रमा ती स्मारकहरूलाई प्रतिकूल असर पर्ने खालका नवनिर्माण कार्यलाई रोक लगाउनु पनि अर्को महत्त्वपूर्ण कार्य रहन्छ । आफूले निर्माण गरेका स्मारकहरूबाट त्यस क्षेत्रको वातावरणलाई प्रतिकूल असर नपरोस् भन्ने दृष्टिले लिच्छविकालदेखि नै परम्परागत रूपमा जीर्णोद्धार कार्य गर्ने चलन रहेको पाइन्छ । अंशुवर्माको संवत् २९ को अभिलेख अनुसार माटिङ ग्रामको मन्दिर नष्टभ्रष्ट भएको हुनाले जीर्णोद्धार गरिएको उल्लेख पाइन्छ । यो परम्परा मल्लकालसम्म पनि कार्यमा रहेका प्रशस्त उदाहरणहरू पाइन्छन् । भक्तपुर इटाचोक र नागपोखरीको जितामित्र मल्लले ईसवी १६७७ मा जीर्णोद्धार गर्न लगाएका थिए । राणा समयमा पनि त्यसै परम्परा अनुसार जीर्णोद्धार कार्यहरू भए । ९० सालको भूकम्प पश्चात भक्तपुर दरबार लगायत दरबार क्षेत्रमा धेरै मन्दिरको क्षति भएको थियो । यस अवस्थामा जीर्णोद्धार गरिएका धेरै जसो स्मारकहरूको मौलिकता सही जीर्णोद्धार गर्ने ज्ञानको अभावमा नष्ट भएर गयो । फलस्वरूप ती स्मारकहरूको मौलिक रूपको सट्टा सुधारिएको अवस्थामा आज हाम्रा सामु रहेका छन् । त्यसकारण जीर्णोद्धार कार्य गर्नाले मात्र वातावरणमा अनुकूल प्रभाव पर्दछ भन्ने सोचाइ सही होइन । त्यसको उचित र सही सिद्धान्त अनुसार कार्य नभएमा पनि वातावरणलाई असर पार्दछ । यसको प्रत्यक्ष उदाहरणका रूपमा हालसालै जीर्णोद्धार भएको दरबार हाताभित्रको दुर्गा मन्दिरलाई लिन सकिन्छ । त्यसकारण जीर्णोद्धार कार्य नै वातावरणलाई सन्तुलन कायम राख्ने संवेदनशील विषयवस्तु हो । जीर्णोद्धार संवेदनशील विषय भएकाले जीर्णोद्धार कार्यमा दक्ष प्राविधिक जनशक्ति हुनु नितान्त आवश्यक पर्दछ ।

### जनचेतना

स्मारक क्षेत्रका वातावरण सन्तुलन कायम राख्ने विषयवस्तुहरूमध्ये जनचेतना ज्यादै महत्त्वपूर्ण कुरा हो । जनचेतना नभएमा सम्बन्धित क्षेत्रले संरक्षण जतिसुकै गरे पनि त्यहाँको वातावरणलाई सन्तुलन कायम राख्न सकिँदैन । जनचेतना भएमा सामान्य प्राकृतिक तथा कृत्रिम प्रभावबाट प्रभावित हुन लागेका स्मारकहरूलाई ठूलो क्षतिबाट जोगाउन सकिन्छ । यसका लागि स्थानीय मानिसहरूलाई त्यस्ता स्मारकहरू हाम्रा पुर्खाले छोडेर गएका हाम्रा अमूल्य सम्पत्ति हो भन्ने ज्ञानको बोध गराउन ती स्मारकहरूप्रति उनीहरूको माया ममता जगाउन सक्नु पर्दछ । यस कार्यका लागि ऐन–नियमका कुराहरूभन्दा प्रचार–प्रसार र ती स्मारकहरूको संरक्षण तथा सम्बर्द्धनमा स्थानीय जनतालाई सरिक गराउनुपर्ने हुन्छ । यसो गर्न सफल भएमा वातावरण सन्तुलन कायम राख्ने आधारहरूमध्ये सबभन्दा ठूलो उपलब्धि हुन्छ । साथै यी उपलब्धि स्थायी र ठोस पनि हुन्छ । उदाहरणका लागि भक्तपुर दरबार संरक्षित स्मारक क्षेत्रभित्र विगत वर्षहरूमा जनसहभागिता संलग्न गरी जीर्णोद्धार भएका भद्रकाली मन्दिर, महालक्ष्मी विराजमा पाटी, गुह्येश्वरी पाटी यस सन्दर्भका ज्वलन्त प्रमाणहरू भएका छन् । जीर्णोद्धार पश्चात तिनको संरक्षण, सम्बर्द्धन र वातावरण सुधारका लागि स्थानीय मानिसहरू स्वयं दत्तचित्त छन् । त्यसकारण वातावरण सन्तुलन कायम राख्न जनचेतना समस्यामूलक विषय भए पनि त्यसको समाधान त्यति जटिल प्रश्न होइन भन्ने ठान्दछु ।

### अतिक्रमण

बढ्दो जनसंख्याको चापले गर्दा संरक्षित स्मारक क्षेत्रभित्र अवस्थित स्मारक क्षेत्रहरूलाई अतिक्रमण गर्ने क्रम दिन प्रतिदिन बढ्दै गैरहेको देखिन्छ । यसले गर्दा स्मारक क्षेत्रको गरिमा र महत्त्व घट्नुका साथै वातावरणमा समेत प्रतिकूल असर पारेको पाइन्छ । स्मारक क्षेत्रको वातावरण सन्तुलन कायम गर्न त्यस क्षेत्रको वरिपरिका वातावरणलाई प्रभावित पार्ने खालका पसल तथा अन्य

क्रियाकलापमा रोक लगाउनु अति आवश्यक देखिन्छ। उदाहरणका लागि भक्तपुर दरबार संरक्षित स्मारक क्षेत्रभित्र (बालकुमारी) चोकमा भैरहेका क्रियाकलापहरूलाई लिन सकिन्छ। यसले जनचेतनामा समेत नकारात्मक असर परिरहेको छ। त्यसै किसिमले दरबार क्षेत्र र स्मारक क्षेत्रभित्र निर्माण हुने आधुनिक घरहरूलाई लिन सकिन्छ। भक्तपुर दरबार क्षेत्र शहरको माझमा पर्ने हुँदा आफ्ना सानातिना जग्गा-लाई बढी उपयोग गर्ने उद्देश्यले ती क्षेत्रमा ठूल-ठूला घर बनाउने क्रममा अग्रसर भएको देखिन्छ। आधुनिक ढाँचा-बाट हुने निर्माण कार्यहरू ऐनको परिधिलाई उल्लंघन गरी निर्माण हुने हुँदा वातावरणमा पर्ने असरको परिणाम सहजै अनुमान गर्न सकिन्छ। उदाहरण स्वरूप भक्तपुर दरबार क्षेत्रमा हालसालै निर्माण भएको शिव गेष्ट हाउसलाई लिन सकिन्छ। यस घरले आजसम्म वैधानि-कता प्राप्त गर्न सकेको छैन। तर निर्माण गर्ने अनुमति कुन निकायबाट प्राप्त भएको हो त्यो विचारणीय कुरो छ। यस्ता कार्यलाई नियमको अतिक्रमण मात्र पर्दछ। यसलाई समयमा नै औंल्याउन नसके यस क्षेत्रमा अरू निर्माण हुने स्थितिमा रहेका घरहरूलाई भोलि जवाफ दिने ठाउँ रहन सक्ने छैन। त्यस परिस्थितिमा दरबार क्षेत्रको वातावरणमा प्रतिकूल प्रभाव बढ्दै जानेछ भन्ने तथ्य यहाँ दोहोऱ्याई रहनु पर्दछ जस्तो लाग्दैन।

व्यक्तिगत घरहरूको साथै संघ-संस्थाबाट निर्माण हुने घरहरू पनि दरबार क्षेत्रको वातावरणलाई असर पारेको पाइन्छ। दरबार हाताभित्रको रामेश्वर मन्दिर पछाडि दूर सञ्चारको पुरानो कार्यालय भवनलाई यस क्रममा अगाडि सार्न सकिन्छ। यो सिमेन्ट प्लाष्टर गरी आधुनिक ढङ्गबाट निर्माण भएको भवनले दरबार क्षेत्रको वातावरणलाई निकै असर पारेको छ। त्यसकारण संरक्षित स्मारक क्षेत्रको वातावरणलाई कायम राख्ने सन्दर्भमा यी विषयहरू साना भए पनि ज्यादै संवेदनशील छन्।

## सवारी साधनको आवागमन

भक्तपुर दरबार क्षेत्रको वातावरणका सम्बन्धमा सवारी साधनको आवागमन पनि समस्यामूलक विषय रहेको छ। दरबार क्षेत्र शहर प्रवेश गर्ने छोटो बाटोको रूपमा रहेको हुनाले स्थानीय मानिसहरू तथा अन्य सर-कारी तथा संघ-संस्थाका सवारी साधनहरू यसै बाटोबाट सवारी चलाउँछन्। तर सवारी साधनहरूको आवागमनले एकातिर वातावरणलाई प्रतिकूल असर पारिराखेको छ भने अर्कोतिर दरबारको मजबुतीलाई समेत असर गरि-रहेको छ। एवंक्रमले सवारी साधनको आवागमन चलि-रहेमा भोलि ठूलो क्षतिको सामना गर्नु पर्ने स्थितिदेखि गत सार्क सम्मेलनको समयदेखि मूल गेटमा ढोका राखी बन्द गरिएको थियो। यो बन्द लामो समयसम्म कायम राख्न सकिएन तापनि पुनः मूल गेट बन्द गरिएको छ। तर सरकारी गाडीको आवागमन यथावत नै कायम भएकाले सरकारी साधनहरूको आवागमनलाई समेत रोक्नु पर्ने नितान्त आवश्यक छ। साथै सरकारी सवारी साधन-को आवागमनलाई समेत बन्द गरिएको खण्डमा जनमानस-मा अनुकूल असर पर्दछ।

## उपसंहार

संरक्षित स्मारक क्षेत्रको वातावरण सन्तुलन कायम राख्न संरक्षण र सम्बर्द्धनका साथै जनचेतना र ऐन-नियमको परिधिलाई अनुकूल बनाउनु पर्ने आवश्यकताहरू महत्त्वपूर्ण विषय हुन्। साथै संरक्षित क्षेत्रको परिधि निर्धारण गरेर मात्र वातावरणलाई अनुकूल बनाउन सकिंदैन। सर्वप्रथम संरक्षित क्षेत्रको निश्चित अवधारणा निर्धारण गरिसकेपछि विभिन्न गोष्ठी, सभा तथा सेमिनार-का माध्यमबाट जनमानसमा त्यसको महत्त्व र आवश्यकता बारे जानकारी गराउनु पर्दछ। संरक्षित स्मारक क्षेत्रको निर्धारण गर्ने बित्तिकै त्यस क्षेत्रको पहिचान गर्न सक्ने Detail drawing तयार गर्नु पर्दछ। सीमाङ्कन रेखा मात्र कोरेर सम्बन्धित क्षेत्रको परिवर्तनलाई भविष्यमा गएर औंल्याउन सकिंदैन।

हालको भक्तपुर दरबार संरक्षित स्मारक क्षेत्रको सीमाङ्कनभित्रको वातावरणलाई कायम राख्न त्यति कठिनाई पर्न सक्ने स्थिति छैन। जनमानसको प्रत्यक्ष भौतिक प्रभाव पर्ने स्थानमा दुई-चार वटा समस्या देखा पर्नु स्वाभाविकै कुरा हुन्। यस सम्बन्धमा देखापरेका समस्याहरूलाई समयमै उपचार गरेमा स्वतः समाधान हुन सक्छन्।

अन्त्यमा, मध्यकालीन कला र संस्कृति बोकेर उभिएको शहर भक्तपुर अद्यावधि पनि अन्य उपत्यकाभित्रका

दुई शहरभन्दा आफ्नो मौलिकता कायम राख्न सफल छ। यस परिस्थितिमा भक्तपुरलाई मध्यकालीन कला र संस्कृतिको नमूना शहरका रूपमा सम्पूर्ण शहरलाई नै संरक्षित क्षेत्र कायम गर्न सकेमा भावी सन्ततिका लागि मध्यकालीन कला र संस्कृतिको जगेर्ना हुनुका साथै राष्ट्रको गौरव समेत यसले भविष्यमा गएर अभिबृद्धि गर्न सक्नेछ। यस किसिमको सोचाइ आज हाँकको विषय भएपनि भोलिका लागि मध्यकालीन कला र संस्कृतिको अनुपम उदाहरण बन्न सक्नेछ। यदि सम्पूर्ण शहरलाई संरक्षित क्षेत्र घोषणा गर्न अप्ठ्यारो परिस्थिति आएको खण्डमा पनि मध्यकालीन कला र संस्कृतिका अनेकौं नमूनाहरू सङ्गालेर बसेको दत्तात्रय क्षेत्रलाई पनि संरक्षित स्मारक क्षेत्र घोषित गरी त्यहाँको वास्तुस्वरूपको संरक्षण गर्नु र सो वरपरको वातावरण संरक्षण गर्नु अत्यावश्यक नै भैसकेको अनुभव हुन्छ।

# ललितपुर दरबार संरक्षित स्मारक क्षेत्रको समस्या र समाधान : एक विवेचना

–ईश्वरमान सिन्या श्रेष्ठ

नेपालको इतिहासमा प्राचीनकालदेखि ललितपुर नगरको आफ्नै विशेषता रहिआएको छ । प्राचीनकालदेखि यो नगर विभिन्न कालमा बेग्लाबेग्लै नामले पुकारिन्थ्यो ।

नेपाली वंशावलीहरू, जनश्रुति, अन्य अभिलेखहरू र प्राचीन हस्तलिखित ग्रन्थका पुष्पिकाहरूमा उल्लेख भए अनुसार काठमाडौं उपत्यकाका शहरहरूमध्ये यो शहर प्रस्तर मूर्तिहरूका आधारमा दोस्रो प्राचीन नगर हुनसक्ने देखिन्छ । स्वदेशी तथा विदेशी अनुसन्धानकर्ताहरूका आ–आफ्ना राष्ट्र भाषा र अन्य भाषाहरूमा सम्पादित ग्रन्थहरूमा उल्लेखित आधारमा उक्त कुरा सहजै अनुमान गर्न सकिन्छ ।

यी प्राचीन नगरका नाम विभिन्न स्रोत र जनश्रुति अनुसार अशोक पतन, युपग्राम, ललित पतन, ललितापुरी, ललितक्रम, यल, ललितपुर र पाटन भनी प्रचलनमा आएको बुझिन्छ । यी उल्लेखित नगरका नाम जस्तै अरू नाम प्रकाशमा नआउला भन्न सकिंन्न ।

यो नगरको प्राचीनताको बारेमा जानकारी दिने मापदण्ड नै वंशावली, प्रस्तर मूर्तिकलाहरू, धार्मिक ग्रन्थ, पुष्पिकाहरू र शिलापत्रहरूलाई मान्नु पर्ने हुन्छ । वास्तवमा ललितपुर जिल्लाका नगर तथा ग्रामीण भेकमा हालसम्म पाइएका लिच्छविकालका अभिलेखहरूलाई उक्त क्षेत्रको प्राचीनताका दरो प्रमाणका रूपमा लिन सकिन्छ ।


ललितपुर नगरका अशोक चैत्यहरूको प्राचीनता स्वीकार्ने हो भने यस नगरलाई ईशापूर्व २५० सम्म पुऱ्याउन पनि सकिन्छ । तर उक्त चैत्यहरूको सम्बन्धमा हामी ठोकेर भन्नसक्ने अवस्थामा छैनौं ।

मानिग्ल राजप्रसादका ठीक उत्तर सिद्धिनरसिंह मल्लका समकालीन छत्र शैली विश्वनाथ मन्दिरको पूर्वस्थित लिच्छविकालीन ढुङ्गाको लोकप्रिय गैरीधारा हालसम्म पनि जीवित सांस्कृतिक सम्पदाका रूपमा हाम्रा सामु छ । यो ढुंगेधाराको पानीको निकाससंगै संवत् ४९२ वैशाखको लिच्छविकालीन शिलालेखको आधारमा लिच्छविकालमा उक्त क्षेत्र बस्तीको रूपमा निकै विकसित भइसकेको स्पष्ट छ ।

ललितपुर दरबार क्षेत्रका ऐतिहासिक प्राङ्गणहरूमध्ये एक मणि केशवनारायण मन्दिर अवस्थित चोकभित्र लिच्छवि राजा नरेन्द्र देवको वि. सं. ७०० को शिलापत्र विशेष महत्त्व छ । यो अभिलेखमा युपग्रामको उल्लेख भएको छ । यसबाट लिच्छविकालमा यो नगर युपग्राम डुङ्गको नामले पुकारिन्थ्यो भन्ने बुझिन्छ ।

ललितपुर प्राचीन राजप्रासादहरूमध्ये सिद्धिनरसिंहद्वारा स्थापित सुन झ्यालको प्राङ्गण मणि केशव चोक,

## ललितपुर दरबार संरक्षित स्मारक क्षेत्र



हात्ती चोक, दाफस्वाँ चोक, नाशल चोक, मूल चोक, सुन्दरी चोक, करवीर चोक, घडा चोक र दुईमाजु चोक गरी जम्मा ९ चोकहरू छन् ।

उपत्यकाका तीन दरबारहरूमध्ये ललितपुर दरबार बढी कलात्मक छ भन्न सकिन्छ । यस क्षेत्रका विभिन्न भागहरूको निर्माण विभिन्न समयमा भएको देखिन्छ । सन् ११६७ मा रूद्रदेवले एउटा चोक बनाएको उल्लेख पाइन्छ । यस्तै ११७० को एक अभिलेखमा अमृतदेवले पनि एउटा चोक बनाएको उल्लेख पाइन्छ ।

यस दरबार क्षेत्रमध्ये सुनको झ्याल र ढोका सजाइएका भागको चोकको चारैतर्फ दुर्ग जस्तै काम लिने चौक्काठ वास्तुकलाको पश्चिम लङ्क छानामाथि शनिश्चरको एउटा मूर्ति पहिलेदेखि नै दुष्टहरूको दृष्टि नपरोस् भनी राखिने गरेको देखिन्छ ।

यो नगरको लोक प्रसिद्ध रातो मच्छेन्द्रनाथ र मीननाथका स्थानीय रथयात्रा राजा नरेन्द्रदेवका समकालीन हुन् भन्ने जनश्रुति छ । यो यात्राको बाह्र वर्षे मेला पनि लाग्दछ, प्राचीनकालदेखि हालसम्म निरन्तर राजकीय सम्मान प्राप्त भइरहेको बोध हुन्छ । यस नगरको मच्छेन्द्रनाथको जात्राको शुरूदेखि भोटो जात्रासम्म स्थानीय कुमारीको पनि उपस्थिति बहुतै अनिवार्य मानिन्छ ।

वंशावली अनुसार लक्ष्मी कामदेवले एघारौं शताब्दीदेखि पाटनमा कुमारी पूजा चलाई कुमारीका मूर्ति स्थापना गरे भन्ने लेखिएको छ ।

ललितपुरस्थित छरिएर रहेका प्राचीन उच्च कोटीका प्रस्तर मूर्तिहरूमध्ये च्यासल टोलको जगलक्ष्मी प्रथम शताब्दी ईसापूर्वका हुन् भनी प्राचीन नेपाली मूर्तिकलाको इतिहास ग्रन्थमा लैनसि वाङ्गदेलले उल्लेख गर्नु भएको छ । यस तर्कलाई स्वीकारेको खण्डमा यस नगरको प्राचीनतालाई प्रथम शताब्दीतिर पुऱ्याउन सकिन्छ । यस्तै हौगल टोलस्थित उच्च कलाले सम्पन्न हारती (शीतला) को प्रस्तर मूर्तिलाई द्वितीय शताब्दीको भनी निर्णय गरिएको पनि पाइन्छ ।

एकजना विदेशी लेखिका मेरी शेर्फदि सलेसरका नेपाल मण्डला, भोलम २, चित्र प्लेट नं. ५२८ को प्रस्तर गजलक्ष्मीलाई छैटौं शताब्दीको र प्लेट नं. ५५१ को हारती (शीतला) लाई तेस्रो एवं चतुर्थ शताब्दीको हुन् भनी उल्लेख गरिएको हुनाले उल्लेखित विद्वान्हरू द्वयका मतमा भिन्नता पनि देखिएकै छ ।

सिकवहीको उमा–महेश्वर मूर्ति संवत् ४९५ अर्थात् छैटौं शताब्दीताका देश वर्माकी आमा देश भट्टारिकाले दिवङ्गत वंभ्रु वर्मालाई स्वर्गबास प्राप्त होस् भनी आमा–बाबु र पतिको तथा आफ्ना पुण्य बढोस् भन्ने आशयले प्राचीन मृणमय मूर्ति जीर्ण भएकोले सो मूर्तिको ठाउँमा अर्कै प्रस्तर मूर्ति बनाउन लगाई स्थापना गर्न लगाइएको छ । यसबाट यस प्राचीन नगरमा उक्त समयभन्दा पहिले मृत्तिका मूर्तिहरू निर्माण गरिन्थ्यो भन्ने चाल पाइन्छ । ललितपुर सिकवही वर धार्यंव्वस्थित उमामहेश्वर मूर्तिका पादपीठमा ने. सं. १२९ (वि. सं. १०६५) को समयमा यस नगरका नाम ललितब्रमा भन्ने उल्लेख भएको छ ।

किरातकालमा यस नगरमा क्वालखु टोलस्थित पटको (थुम्को) पनि एउटा प्राचीन भग्न किरातवंशका राजप्रासाद हुन् भन्ने तर्क लेखक अमिता रायले उल्लेख गरेका छन् । क्वालखुस्थित हिरण्य वर्ण महाविहार ११ औं शताब्दीतिर भाष्कर वर्मले निर्माण गराइएका हुन् ।

मुख्य कुरा यो नगर प्राचीनकालदेखि विष्णुका चक्राकारमा अवस्थित रहेको विश्वास गरिन्छ । मानिग्ल राजप्रासाद नगरको मुटु हो । यो ठाउँ निकै ठूलो संख्यामा अनेकौं शैलीहरूका हिन्दू मन्दिरहरूले भरिएका छन् । यसैले यो नगरलाई कलाकारहरूको शहर पनि भन्ने गरिएको पाइन्छ ।

नेपाल अधिराज्य प्राचीनकालदेखि प्राकृतिक र सांस्कृतिक सम्पदाहरूले सम्पन्न राष्ट्र हो भन्ने कुरा नकार्न सकिन्न । काठमाडौं उपत्यकाभित्र काठमाडौं, ललितपुर तथा भक्तपुर जिल्लाहरूमा उत्कृष्ट ऐतिहासिक स्मारकहरू चारैतिर छरिएर रहेका छन् । वास्तवमा तीन वटै शहरका प्राचीन उच्चकोटीका स्थापत्य र वास्तुकलाले सम्पन्न राजप्रासादहरू नेपाली छत्र शैलीका मन्दिरहरू, स्तूप

विहार, चैत्यहरू नै नेपाली सांस्कृतिक सम्पदाहरूका बहुमूल्य निधिका रूपमा छन् । यिनीहरूबाट विश्वमा यो देशको महिमा र गरिमाको बृद्धि भएको छ ।

हाम्रा प्राचीन नेपाली सांस्कृतिक सम्पदाहरूमध्ये पशुपतिनाथ, चांगुनारायण क्षेत्र, स्वयम्भू चैत्य, बौद्धनाथ स्तूप, हनुमानढोका प्राचीन राजप्रासाद, ललितपुर तथा भक्तपुर प्राचीन राजप्रासादहरू समेत जम्मा ७ वटा स्मारकहरू यूनेस्को विश्व सम्पदा सूचीमा गत ई. सं.१९७९ वि. सं.२०३६ देखि परिसकेका छन् । यो ऐतिहासिक घटना नेपाल अधिराज्यका लागि ज्यादै महत्त्वपूर्ण तथ्य साबित भइसकेको छ ।

ललितपुर दरबारका विभिन्न प्राङ्गणमा रहेका प्राचीन एवं मध्यकालीन स्मारकहरू विभिन्न समयमा निर्माण भएका हुन् ।

तलेजु छत्रशैलीको भव्य मन्दिर हरिहर सिंहका पालामा निर्मित महत्त्वपूर्ण इष्ट देवताको मन्दिर हो । यो प्राचीन स्मारक उच्च वास्तुकलाले युक्त र सबभन्दा भव्य देखिन्छ ।

ललितपुर दरबार क्षेत्र मुच्छे आगम प्राङ्गणमा प्रस्तरका पादपीठ अभिलेख वि. सं. १५०२ अनुसार गणेशको मूर्ति स्थापना भएको पाइन्छ ।

मानिग्ल राजप्रासाद सुनको झ्याल वास्तुकलादेखि पश्चिमस्थित वि. सं. १६२२ का छत्रशैली विष्णु मन्दिर पुरन्दर सिं सामन्तद्वारा निर्मित स्मारक हो । यी चार नारायणको मन्दिरमा वासुदेव, शंकर्षण, प्रद्युम्न र अनिरुद्रले प्रतिनिधित्व गरेका मध्यकालीन सांस्कृतिक सम्पदाका रूपमा छन् ।

ललितपुर दरबार क्षेत्रभित्र रहेका अष्टमङ्गलयुक्त ऐतिहासिक स्मारकहरूको विशेष महत्त्व मानिन्छ । प्रचलित जनश्रुति अनुसार, ती अष्टमङ्गल सूचक स्मारकहरू निम्न छन्– (१) मणि गणेश, (२) मणि कुमार, (३) मणि भैरव, (४) मानिग्ल राजप्रासाद, (५) मणि केशव, (६) मणि धारा, (७) मणि मण्डप, र (८) मणि कुण्डल, तर यी तथ्यबारे विशेष अनुसन्धान हुन बाँकी नै छ ।

पाटन दरबारको प्राङ्गणमा रहेको विश्व विख्यात शिखर शैलीको प्रस्तरका २१ गजूरहरू युक्त महाभारत र रामायणका दर्शनीय घटनाहरू उत्कीर्ण सूक्ष्मकलाले प्रतिनिधित्व गरेका र दस अवतार मूर्तिहरू रहेका कृष्ण मन्दिर ज्यादै नै दर्शनीय छ । यो नेपाल अधिराज्यको बहुमूल्य वास्तुकला वि. सं. १६९३ मा निर्मित राजा सिद्धिनरसिंह मल्लका अमर कृति हो ।

भव्य तलेजुस्थित पछाडिका देगु तलेजु श्रीनिवास मल्लद्वारा निर्माण गराइएको हो । तलेजु भवानी मन्दिर सामुन्ने शिखर शैलीको नरसिंह मन्दिर वि. सं. १६५७ मा निर्माण भएको देखिन्छ ।

दरबारको प्राङ्गणमा रहेको भीमसेन मन्दिर पहिले २ तल्ले चपातको रूपमा थियो । पछि वि. सं. १७३७ मा श्रीनिवास मल्लले उक्त सानो मन्दिरलाई भव्य छत्र शैलीको मन्दिरको रूपमा पुनर्निर्माण गराएका थिए ।

प्राचीन ललितपुर राजप्रासादको मूलचोक प्राङ्गणमा श्रीनिवास मल्लले मूलचोक इष्टदेवीका नाममा निर्माण गरी चढायूं भनी वि. सं. १७२२ को एउटा सुवर्ण पत्र उक्त चोकको पूर्व लङ्गमा अद्यापि छँदैछ ।

यो मूलचोकको प्राङ्गण परम्परा अनुसार तलेजुमा चैत दशैं, विजयादशमी, थाः पूजा तथा अन्य निर्धारित पूजा पर्वहरू सम्पन्न गर्ने हेतुले प्रयोग गरिन्छ । साथै दशैंताका सालिन्दा यस नगरको अष्टमातृका र नवदुर्गाको शास्त्रीय नृत्य अनिवार्य रूपले विधिवत प्रदर्शन गराइने चलन पनि साविकै बमोजिम चलिआएकै छन् ।

भण्डारखाल बगैंचामा सिद्धिनरसिंह मल्ल र श्रीनिवास मल्लद्वारा कमलपोखरी, ढुंगेधारा, बगैंचाकै बीचमा शिवलिंग, सूर्य, चन्द्र आदिले उक्त क्षेत्रलाई सुशोभित पारिरहेका देखिन्छन् ।

एवंप्रकारले मूलचोक दक्षिण लङ्गका छत्रशैलीको कलात्मक दशैंघर श्रीनिवास मल्लद्वारा निर्माण गराइएको हो र सोको तोरण सुन मोलम्बा मातृकाहरूका सूक्ष्म मूर्तिहरू र अभिलेख ऋद्धिनरसिंह मल्लद्वारा वि. सं. १७८२ मा भवानीका नाममा चढाइएका थिए ।

ललितपुर दरबारको सुन्दरी चोक तत्कालीन राजा सिद्धिनरसिंहद्वारा निर्माण गराइएको हो । यो भव्य

कला एवं वास्तुकलायुक्त चोक पर्ने, मूल ढोका पर्ने, मूल ढोका बायाँपट्टि शक्ति सहितका गणेश र दाहिनेपट्टि नरसिंह र हनुमान्का मूर्तिहरू सजाइएका छन् । यो चोकको बीचमा एउटा अत्यन्त भव्य खालको धुसाहिटी (रायल बाथ) छ । ढलोटका जलचरयुक्त उक्त धारामाथि सुनको मोलम्बा लगाएको लक्ष्मीनारायणको मूर्ति छ । यस ऐतिहासिक धाराका चारैतिर भित्ते खोपाहरूमा ज्यादै सूक्ष्म तान्त्रिक आधारमा निर्मित बहुतै मनमोहक धातु तथा प्रस्तरका मूर्तिहरू छन् । कसै-कसैका भनाइ अनुसार उक्त मूर्तिहरू श्रीनिवास मल्लले उहाँका पिता राजा सिद्धिनरसिंह मल्ल जीवित हुँदै निर्माण गराएका हुन् ।

यो सुन्दरी चोकभित्र ९ वटा प्रवेशद्वारका काष्ठकला, स्तम्भ, आँखीझ्यालहरू, टुँडालहरू, तोरणहरू, भित्तामा जडित सूक्ष्म बुट्टा र शिवलिंग तथा काष्ठमयकलामा अभिलेखद्वारा सिङ्गारिएका एक से एक अवरणीय लाग्दछ ।

तलेजु मन्दिर सामुन्ने प्रस्तरको अजङ्ग स्तम्भमाथि योगनरेन्द्र मल्लका कलात्मक सुन मोलम्बा सालिक उहाँकै जीवित समय वि. सं. १७५० मा हनुमान्ढोका दिगु तलेजु मन्दिर सामन्नेका प्रताप मल्ल र भक्तपुर दरबार क्षेत्र सामन्ने भूपतीन्द्र मल्लका सालिकहरू जस्तै स्थापना गरिएको देखिन्छ ।

उक्त स्मारकसंगै एउटा छत्रशैली हरिशङ्करको मन्दिर पनि ज्यादै सूक्ष्म काष्ठकलाले सम्पन्न छ । सो मन्दिर १७ औं शताब्दीताका निर्माण भएको अनुमान गरिन्छ ।

मूलचोक प्रवेशद्वार सामन्ने ठूलो कलात्मक भव्य घण्टा विष्णु मल्लद्वारा वि. सं. १७९३ मा स्थापित गरिएको छ ।

सुन्दरीचोक राजप्रासाद सामन्ने शिखर शैली (अक्टायगनल) अष्टकोणाकार प्रस्तर कृष्ण मन्दिर योगनरेन्द्र मल्लका छोरीका अर्को शिखर शैली वास्तुको कृति हो ।

ललितपुर दरबार क्षेत्र वरपर मझौला र साना-तिना अरू हिन्दू देव-देवताहरू निकै संख्यामा हालसम्म सजीव अवस्थामा छन् । तीमध्ये पुवाच्छे टोलसंगै विष्णु मण्डप शैली मन्दिर मङ्गल बजारकै शिवजीका पहिले छत्रशैली मन्दिर १९९० सालका भूकम्पबाट भत्केर अहिले गुम्बज शैलीले उक्त शिव मन्दिर जीर्णोद्धार भयो । यो मन्दिरलाई स्थानीय मानिसहरूले भाइ देवल भनी सम्बोधन गरेको पनि पाइन्छ ।

मङ्गलबजार पान पसल माथिका प्रस्तर उमा-महेश्वर मन्दिर पहिले कुन शैलीमा निर्माण गराइएका हुन् । गत महाभूकम्पमा जीर्णोद्धार गर्दा गुम्बज शैलीमा परिणत गराएका पनि सत्रौं शताब्दीको देखिन्छ ।

यस्तै ललितपुर नगर पञ्चायत उत्तर-पश्चिममा गुम्बज शैली एक तल्ले मन्दिरमा भष्मेश्वर शिवलिंग प्रतिस्था गरिएको छ । यो स्मारक अन्तिम मल्लकालीनको अनुमान हुन्छ । यही मन्दिरको उत्तर मोहडामा बनेको कलात्मक उत्तराभिमुख कुमारीको प्रस्तर मूर्ति सत्रौं शताब्दीको देखिन्छ ।

मङ्गलबजारमै हाल लहरै कपडा पसल रहेका लामो पाटीमा उमामहेश्वर अवस्थित छ । यो स्मारकको मौलिक वास्तुकला छत्रशैलीमै सत्रौं शताब्दीमा निर्माण गराइएको रहेछ । यो स्मारक गत महाभूकम्पले नोक्सान भै छानामा झिङ्टी नछाई जस्ताको छाना राखी जीर्णोद्धार गराएको देखिन्छ । यो स्मारकका दलान कवलमा निकै सुन्दर काष्ठकलाका स्तम्भहरू, कार्नेस, झ्यालहरू र टुँडालहरू पनि सूक्ष्म काष्ठकलाले सम्पन्न देखिन्छ । यो स्मारकलाई जीर्णोद्धार गरी परम्परागत झिङ्टी छाना छाउन आवश्यक हुनुका साथै उक्त क्षेत्र रसायन संरक्षण गराउन सम्भव भएमा मध्यकालीन दरबार क्षेत्रका नाकामा परेका स्मारकलाई जीर्णोद्धारद्वारा दीर्घायु तुल्याउन आवश्यक देखिन्छ ।

ललितपुर भीमसेन मन्दिर उत्तर कोटेश्वर महादेवका मण्डपशैली प्रस्तर मन्दिर अठारौं शताब्दीको देखिन्छ ।

हौगल टोलतिर एउटा इँटाका गुम्बज शैली विष्णुका दर्शनीय मन्दिर सत्रौं शताब्दीमा निर्माण भएको

देखिन्छ । यसै मन्दिरदेखि दक्षिणतिर एउटा छत्रशैली सुन्दर वामनको मन्दिर अठारौं शताब्दीका एक मात्र दस अवतारमध्ये एउटा महत्त्वपूर्ण मन्दिरमा लिइन्छ ।

ललितपुर दरबार केशवनारायण चोक प्राङ्गणमा सुन जलप मूल प्रवेशद्वार वि. सं. १९११ मा जङ्गबहादुर कुँवरको अमर कृति हो । यस सुन ढोकामा शिव, पार्वती, गणेश र कुमार लगायत सुन्दर सुनको मोलम्बा तोरणले शोभा बढाएको छ ।

पाटन दरबारको प्राचीन सुन ढोका अभिलेख–

स्वस्ति श्री शिव शक्ति प्रीत्यर्थ श्री विक्रम सम्वत १९११ पौष सुदि ८ रोज ४ श्री मद्राज कुमार कुमारात्मज श्री प्राइमिनिष्टर यान् कमांडर इनचिफ जनरल जंगवहादुर कुवर राणाजीवाट फर्माइयस्कामका तैयारी गर्न्या कप्तान्सम्सेर सिं सुवा धन्सुदर्स भम् ।

श्रयोस्तु ।। यो सुन ढोका बनाउंदा शहर पाटन्का दर्वारमा जगेरा रहयाका सुनका जलप सन्याका गजुर छोनि घटकसन् तमतका भाडा वर्तन गैरह वस्तु विक्रिका आम्दानि ज्मा मोहरु ३२१२।। षर्च ज्मा मोहरु ३२१२।। बनाइ प्रतिष्ठित भयाको हो । यस ढोकामा लोभानी पापानि गरी विगान्र्यालाई पंच महापातक लाग्ला संचित गर्न्या लाई उत्तरोत्तर बृद्धि होला ।। यस श्री माणिग्ल भट्ट दर्वाजाको काम गर्रा डिटा रहन्या सुवेदार काशि राम कुंवर राणाजि तहवीलदार चन्द्र वीर उदास तम्रट नाइकया राम सुन्दर शुभ भुयात ।।::।।

केही समय यतादेखि पाटन दरबार प्राङ्गणको वरिपरि उक्त क्षेत्रको वातावरण विपरीत आधुनिक निर्माण सामग्रीहरूको प्रयोग गरी निर्माण गरिएका अग्ला–अग्ला आधुनिक आकार–प्रकारका घर वा भवनहरूको संख्यामा निकै वृद्धि भएको छ जसले उक्त क्षेत्रका स्मारकहरूलाई र उक्त क्षेत्रको ऐतिहासिक एवं वास्तुकलाको वातावरणलाई प्रतिकूल प्रभाव पारिरहेको छ । केही वर्ष अगाडिदेखि नै उक्त क्षेत्रका स्मारकहरूको जीर्णोद्धार एवं संरक्षण गर्ने कार्य पुरातत्त्व विभागले गर्दै आएको भए तापनि वातावरण संरक्षणमा भने खास दृष्टि पुन्याइसकिएको भने महसुस हुँदैन । दरबार प्राङ्गणको छेउछाउमा यस प्रकारका अग्ला–अग्ला आधुनिक आकार–प्रकारका घर भवनहरूको निर्माण हुनु नै यसको उदाहरण हो । तर उक्त क्षेत्रलाई श्री ५ को सरकारले संरक्षित स्मारक क्षेत्र घोषित गरेपछि भने सो क्षेत्रको ऐतिहासिक एवं वास्तुकलाको वातावरण संरक्षणमा पुरातत्त्व विभागले दृष्टि पुन्याएको देखिन्छ । यस परिप्रेक्ष्यमा ललितपुर दरबार संरक्षित स्मारक क्षेत्रको बारेमा केही कुराहरू उल्लेख गर्नु पनि बढी प्रासङ्गिक हुने देखिन्छ ।

श्री ५ को सरकारले २०४१।२।२५ को निर्णय अनुसार प्राचीन स्मारक संरक्षण ऐन २०३१ को दफा ३ को अधिकार प्रयोग गरी प्राचीन ललितपुर दरबार क्षेत्रको दुरुपयोग वा त्यसमा हुने किसिमको बेहिसाब हुन गर्न नदिन ललितपुर दरबार क्षेत्रको निम्न बमोजिमको चार किल्लाभित्रको प्राचीन स्थललाई संरक्षित स्मारक क्षेत्र घोषित गरेको छ–

पूर्व– चकवहिल बालकुमारी स्थानदेखि उत्तर हःखा, छुसिका गल्ली, भण्डारखाल पर्खालसंगैको गल्ली बाटो र जेतवर्ण महाविहार हुँदै क्वाको वलखु गणेश स्थानसम्म ।

पश्चिम– इखालखुको चौबाटोदेखि उत्तर महापाल, क्वालखु, धलायचा बाटो हुँदै नागबहाल ढोकाबाट नागबहालको ढुंगेधारासम्म ।

उत्तर– वलखु गणेश स्थानदेखि पश्चिम गल्ली बाटो हुँदै गजेन्द्रमोक्ष नारायण, स्वथ नारायण, ग्वार्छे गल्ली, झतापोल गणेश स्थान, गणेश स्थान अगाडिको नागबहाल निस्कने गल्ली बाटो हुँदै नागबहालको ढुंगेधारासम्म ।

दक्षिण– चौबाटोदेखि पूर्व विश्वकर्मा हुँदै हौगल, टंगलको मूल सडकबाट चकवहिल बालकुमारी स्थानसम्म ।

उपर्युक्त अनुसारको क्षेत्रलाई ललितपुर दरबार संरक्षित स्मारक क्षेत्र भनिएको छ ।

२०४३ सालमा प्राचीन स्मारक संरक्षण ऐनको तेस्रो संशोधन हुनुभन्दा अगाडिसम्म पुरातत्त्व विभागले वातावरण विपरीतका घर भवनहरूको निर्माण कार्यको

रोक्काको लागि अनुरोध मात्र गरिएको देखिन्छ । प्राचीन स्मारक संरक्षण ऐनको तेस्रो संशोधनपछि संरक्षित स्मारक क्षेत्रहरूमा निर्माण हुने घर वा भवनहरूको नक्सा पुरातत्त्व विभागको स्वीकृति लिनु पर्ने कानूनी व्यवस्था भयो । तत्पश्चात उक्त क्षेत्रको वातावरण संरक्षणमा पुरातत्त्व विभागले सक्रिय भूमिका निर्वाह गर्ने प्रयत्न गरिरहेको भए तापनि पूर्णतया सफल छ भन्न चाहिं सकिंदैन ।

यस कार्यपत्रको मुख्य उद्देश्य ललितपुर दरबार संरक्षित स्मारक क्षेत्रको ऐतिहासिक एवं वास्तुकलाको वातावरणलाई प्रतिकूल प्रभाव पारिरहेका कुराहरू एवं समस्याहरू र पुरातत्त्व विभागले ऐन बमोजिमका कुराहरू कार्यान्वयन गर्ने सन्दर्भमा भोग्नु परेका समस्याहरूकोबारेमा उल्लेख र तिनका समाधानका केही उपायहरू खोज्नु पनि हो । उक्त क्षेत्रको वातावरण संरक्षण गर्ने कार्यमा देखापरेका समस्याहरू र उक्त क्षेत्रलाई केही समय अगाडिदेखि नै प्रतिकूल प्रभाव पारिरहेका कुराहरू नै वास्तविक समस्या हुन् । हुन त वातावरण भन्ने शब्द विस्तृत अर्थ लाग्ने शब्द हो र यससंग सम्बन्ध राख्ने विभिन्न पक्षहरूको पनि चर्चा हुनु आवश्यक छ तर यहाँ घर, भवनहरू निर्माणसम्बन्धी विषयलाई प्राथमिकता दिइएको छ ।

हाल पुरातत्त्व विभागले वातावरण संरक्षण कार्य कार्यान्वयन गर्ने सन्दर्भमा भोग्नुपरेका समस्याहरू अन्य संरक्षित स्मारक क्षेत्रहरूको तुलनामा ललितपुर दरबार संरक्षित स्मारक क्षेत्रमा र हनुमानढोका दरबार संरक्षित स्मारक क्षेत्रमा पुरातत्त्व विभागले यो समस्या बढी मात्रामा भोग्नु परेको छ ।

क) पुरातत्त्व विभागको मापदण्ड एवं स्वीकृत नक्सा विपरीत घर वा भवनहरूको निर्माण, मर्मत, थपघट एवं पुर्ननिर्माण गर्नु–

ललितपुर नगर पञ्चायतबाट स्वीकृतिको निमित्त प्राप्त नक्साहरू र स्थलगत निरीक्षण समेत गरी पुरातत्त्व विभागले नक्सा स्वीकृत गर्ने गरेको छ । यस प्रकार स्वीकृत नक्सा एवं पुरातत्त्व विभागले तोकेको मापदण्ड विपरीत प्रशस्त निर्माण कार्यहरू भएका छन् । पुरातत्त्व विभागको स्वीकृतिको निमित्त एउटा नक्सा पेश गर्ने र सो नक्सा स्वीकृत भएपछि घर मालिकहरूले स्वीकृत नक्सा विपरीत आफ्नो अनुकूलको घर निर्माण गरेको पनि प्रशस्त उदाहरणहरू छन् । यस प्रकार स्वीकृत नक्सा र पुरातत्त्व विभागको मापदण्ड विपरीत निर्माण भएका घर वा भवनहरूको निर्माण कार्य रोक्काको लागि सम्बन्धित घर मालिकहरूलाई आदेश दिने गरिएको छ र साथै सम्बन्धित नगर पञ्चायत र काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिको कार्यालयलाई पनि अनुरोध गर्ने गरिएको छ । तर सम्बन्धित निकायहरूको आदेशलाई बेवास्ता गरी जबर्जस्ती निर्माण कार्य गरेका प्रशस्त उदाहरणहरू छन् ।

ख) चिट्ठी पत्र बुझाउने समस्या–

घर भवनहरूको निर्माण कार्य रोक्काको लागि र अन्य प्रयोजनको निमित्त पुरातत्त्व विभागले लेखेका चिट्ठीपत्रहरू सम्बन्धित घर मालिकहरूले पटक्कै नबुझ्ने गरेका छन् र पत्र टाँस्न खोज्नेलाई पनि हतोत्साही बनाउने गरेका छन् । यसको लागि हुलाक र प्रहरीहरू मार्फत बुझाउने प्रयत्न गरियो, तर त्यो पनि त्यति प्रभावकारी महसूस भएन । यसले गर्दा एकातिर कानूनी प्रक्रिया पूरा गर्न पनि समस्या भइरहेको छ भने अर्कातिर रातारात निर्माण कार्यहरू हुने गरेका छन् ।

ग) पुरातत्त्व विभागको मापदण्ड बमोजिमका घर, भवनहरू निर्माण गर्न नचाहनु–

परम्परागत काठको ढोकाको सट्टा फलामे सटर, परम्परागत आकार-प्रकारका झ्यालको सट्टा आधुनिक ग्रील सहितका झ्याल राख्न चाहनु, झिङ्गटी अथवा टायलको छाना राख्न नचाहनु, पुरातत्त्व विभागले तोकेको भन्दा अग्लो घर बनाउन चाहनु आदि ।

वातावरण विपरीतका घर भवनहरूको निर्माण भइसकेपछि कार्यवाही गर्नुपर्ने परिस्थितिको सिर्जना हुनु भन्दा अगाडि नै त्यस प्रकारका घर भवनहरूको निर्माण गर्न नदिनु र निर्माण कार्य शुरू भएपछि पनि रोक्का गरी

वातावरण अनुकूल बनाउनेतर्फ सम्बन्धित घर मालिकहरू-लाई प्रेरित गर्नु बढी व्यावहारिक हुन्छ। त्यसकारण पुरातत्त्व विभागले स्वीकृत नक्सा र पुरातत्त्व विभागको मापदण्ड विपरीतको घर भवनहरूको निर्माण, मर्मत, थप-घट वा पुनर्निर्माण कार्यलाई रोक्का गर्नेतर्फ बढी जोड दिएको छ, तर कार्यान्वयन गर्न जटिल समस्या भोग्नु परि-रहेको छ। ऐनमा भएको व्यवस्था कार्यान्वयन हुन सकेन। यसतर्फ विचार गर्दा निम्न कमजोरीहरू देखिन्छन्।

१. तत्काल भत्काउने व्यवस्था नहुनु– प्राचीन स्मारक संरक्षण ऐनमा भत्काउन सक्ने व्यवस्था छ, तर पुनरावेदन दिन पाउने प्रक्रियाले प्रशासनिक प्रक्रिया लम्बिने हुन्छ, त्यो प्रक्रिया टुंगिदा नटुंगिदै घरधनीले आफ्नो घर निर्माण गरी सक्छन्।

२. जिल्ला कार्यालय र जिल्ला प्रहरी कार्यालयले पूरा दृष्टि पुऱ्याउन नसक्ने– सम्बन्धित जिल्ला कार्यालय र जिल्ला प्रहरी कार्यालयहरूले आफ्नो दैनिक कार्य व्यस्तताले गर्दा यस कार्य प्रयोजनको निमित्त पूरा दृष्टि पुऱ्याउन नसक्ने महसूस हुन्छ।

३. यस कार्य प्रयोजनको निमित्त प्रहरीहरू नहुनु।

उक्त समस्याहरूको नियन्त्रणको लागि तत्काल निम्न व्यवस्था हुनु अनिवार्य छ–

१. निर्माण कार्य रोक्का गर्न प्रहरीहरूको व्यवस्था हुनुपर्छ।

२. रोक्काको आदेश दिदा दिदै पनि जबर्जस्ती निर्माण कार्य गर्नेलाई तत्कालै कार्यवाही गर्न र घर भत्का-उन सक्ने व्यवस्था हुनु जरूरी छ। ताकि १।२ वटा घरहरू भत्काएपछि अनियमित कार्य गर्नेहरू हतोत्साही हुन्।

३. भत्काइसकेपछि पुनरावेदनमा जाने व्यवस्था हुनुपर्छ।

४. स्वीकृत नक्सा एवं पुरातत्त्व विभागको मापदण्ड विपरीत निर्माण भएका घर, भवनहरू भत्काउने कार्यको लागि प्रमुख जिल्ला अधिकारी, काठमाडौं उप-त्यका नगर विकास योजना कार्यान्वयन समिति र नगर पञ्चायतको संलग्नता अनिवार्य छ र काठमाडौं नगर विकास योजना कार्यान्वयन समितिमा उपर्युक्त सबैको संलग्नता हुने हुँदा उक्त समितिको कार्यालयलाई प्रहरी जवानहरू सहितको पर्याप्त जनशक्ति, स्रोत एवं साधनको व्यवस्था हुनु आवश्यक छ र निर्माण कार्य रोक्का र भत्काउने कार्य गर्नु पर्दा पुरातत्त्व विभागले उक्त समितिलाई अनुरोध गर्ने र उक्त समिति मार्फत कार्यान्वयन हुनु नै व्यावहारिक देखिन्छ।

५. ललितपुर दरबारको प्रांगणको वरिपरि सो ठाउँबाट देखिने क्षेत्रहरूमा केही वर्ष अगाडि निर्माण भएका आधुनिक आकार–प्रकारका अग्ला अग्ला घर वा भवनहरूले उक्त क्षेत्रको वातावरणलाई प्रतिकूल प्रभाव पारिरहेका छन्।

उक्त घरहरूलाई वातावरण अनुकूल संशोधन गर्न र उचाइ घटाउन लगाउन अनिवार्य भइसकेको छ। घर मालिकहरूले उक्त कार्य गर्न नामन्जुर गरेमा श्री ५ को सरकारले आवश्यकता अनुसार अधिग्रहण पनि गर्नुपर्ने देखिन्छ।

६. पाटन दरबारको प्राङ्गणमा रहेको ठूलो घण्टा वरिपरि उक्त घण्टाको प्लेटफर्मको दिवालमा बनाइएका सटर सहित पसल कवलहरू वातावरण अनुकूल छन् भनेर भन्न सकिंदैन र उक्त क्षेत्रको ऐतिहासिक एवं वास्तुकलाको वातावरणलाई प्रतिकूल प्रभाव पारिरहेको छ। त्यसकारण उक्त पसल कवल तुरुन्त हटाउन लगाउनु पर्छ र उक्त घण्टालाई मौलिक रूपमा देखाउनु पर्छ।

७. दरबारको प्राङ्गणमा रहेको नरसिंह मन्दिर अगाडिपट्टिको बगैंचालाई वातावरण अनुकूल बनाई आकर्षक बनाउनु पर्ने र उक्त बगैंचा बाहिर दक्षिण–पश्चिमपट्टिका पसलहरू हटाई उक्त क्षेत्रलाई खुल्ला राख्नु आवश्यक छ।

८. दरबारको प्राङ्गण र मन्दिरहरूको पेटीहरूमा राखिएका क्युरियो पसल लगायतका अन्य अस्थायी पसल-हरू पूर्णरूपले हटाउनु जरूरी छ।

९. ललितपुर दरबार क्षेत्रभित्र रहेको पुरातत्त्व बगैंचाले आफ्नै प्रकारको महत्त्व राखेको कुरामा दोहोरो मत हुन सक्दैन।

पुरातत्त्व बगैंचाको अर्को उल्लेखनीय र आकर्षक विषय हो भण्डारखाल पोखरी। यहाँ केही वर्ष अगाडिदेखि

जीर्णोद्धारका कार्यहरू भएका छन्, तर अत्यधिक सिमेन्ट-को प्रयोगले उक्त पोखरीको मौलिक रूपलाई नराम्रो प्रभाव पारिरहेको छ । साथै ध्यान गर्ने कोठाको बुर्जा वातावरण अनुकूल छैन। अतः त्यसलाई अनिवार्य रूपले वातावरण अनुकूल बनाउनु आवश्यक छ । साथै पोखरीमा पानीको व्यवस्था हुनु पनि जरूरी छ ।

ढुंगेधाराको सरसफाइको व्यवस्था राम्रो हुनुपर्ने र धारा चालू गर्नुपर्ने देखिन्छ। नर्सरी टहराको छाना वातावरण अनुकूल छैन । तसर्थ यसलाई पूर्णतया भत्काउनु पर्ने, पुरातत्त्व बगैंचाभित्र रहेको मञ्चलाई वातावरण अनुकूल बनाउन केही संशोधन हुनु जरूरी छ ।

पुरातत्त्व बगैंचाको पर्खाल केही भाग पूरा भएको छैन र यो पर्खालको बाहिरपट्टि अधिकांश भागमा सम्बन्धित घर मालिकहरूले जोडेर घर बनाएका छन् जसले गर्दा नाम मात्रको सुरक्षा भएको छ, वास्तविक सुरक्षा भएको छैन भन्नु अत्युक्ति हुँदैन। तसर्थ सुरक्षाको राम्रो व्यवस्था गरी यस बगैंचालाई यथाशीघ्र खुल्ला वगैंचा परिणत गरी पर्यटकहरूको लागि खुल्ला गरिनु पर्छ ।

१०. ललितपुर दरबार संरक्षित स्मारक क्षेत्रभित्र रहेका निजी र सार्वजनिक स्मारक एवं घर, भवनहरूको अध्ययन गरी लगत खडा गर्नुका अतिरिक्त आवश्यकता हेरी श्री ५ को सरकारले नक्सा तयार गर्न लगाउनु पनि आवश्यक देखिन्छ ।

११. यस क्षेत्रमा रहेका निजी स्वामित्वका वातावरण अनुकूलका पुराना घरहरूलाई संरक्षण, जीर्णोद्धार, मर्मत एवं पुनर्निर्माण गर्नको निमित्त श्री ५ को सरकारले केही मात्रामा आर्थिक एवं प्राविधिक सहयोगको व्यवस्था गरेको खण्डमा पनि वातावरण संरक्षणमा निकै सहयोग पुग्न सक्ने अनुमान गर्न सकिन्छ । साथै परम्परागत निर्माण सामग्रीहरू इँटा, झिगटी आदि उत्पादन गर्ने उद्योगहरूलाई प्रोत्साहन दिने र उक्त सामानहरू सुपथ मूल्यमा उपलब्ध गराउने व्यवस्था हुनु पनि आवश्यक छ । त्यस्तै काठको अत्यधिक प्रयोग हुने हुँदा सोको पनि आवश्यक व्यवस्था गरिदिनु जरूरी हुन्छ ।

१२. उक्त क्षेत्र सधैं सफा-सुग्घर राख्ने व्यवस्था हुनु अनिवार्य छ ।

१३. खानेपानी एवं ढल र शौचालयको उचित व्यवस्था गरिनु आवश्यक छ ।

# चांगुनारायण संरक्षित स्मारक क्षेत्रको परिचय, महत्त्व, वातावरण संरक्षणमा देखापरेका समस्या र समाधानका उपायहरू

–शुक्रसागर श्रेष्ठ

काठमाडौं शहरदेखि करीब ३½ कोस पूर्वमा अवस्थित चांगुनारायणको वरिपरि चांगुको बस्ती बसेको छ। मन्दिर क्षेत्र समुद्री सतहदेखि १५४१ मिटर र मनोहरा नदीको बगरदेखि करीब २१० मिटरको उचाइमा अवस्थित भएको कारणले चारै तर्फबाट मन्दिरको अलावा चांगुको बस्ती टडकारै देख्न सकिन्छ। यस मन्दिरको गजूर जुन स्थानसम्मबाट देखिन्छ त्यहाँसिम्म कुनै सर्पको टोकाइले विष लाग्दैन भन्ने जनविश्वास छ।


गोपाल राजवंशावली अनुसार, यो मन्दिर राजा हरिदत्त वर्माले वि. सं. ३८२ मा काठमाडौं उपत्यकाको चार नारायणको स्थापना गर्दा संगै गरेका थिए। लिच्छवि राजा मानदेवले वि. सं. ५२१ मा आफ्नो विजय यात्रा समाप्त गरी यसै मन्दिरको अगाडि पूजा होम गराई ब्राह्मणहरूलाई दान दक्षिणा दिई राख्न लगाएको यहाँको गरुड स्तम्भको अभिलेखबाट नै नेपालको प्रामाणिक इतिहासको श्रीगणेश हुने भएकोले यसको अति महत्त्व रहेको छ।

काठमाडौं उपत्यकाको प्रामाणिक एवं प्राचीन वैष्णव तीर्थस्थल भए तापनि हिन्दू तथा बौद्ध धर्मावलम्बीहरूको आस्था केन्द्रको रूपमा चांगुनारायण रहेको छ। हिन्दूहरू यसलाई गरुडनारायणको रूपमा मान्दछन् भने बौद्ध धर्मावलम्बीहरू हरि हरि हरि वाहन लोकेश्वरको रूपमा पुज्दछन्।

चांगुनारायणको मन्दिर तथा बस्तीको अलावा पनि त्यस क्षेत्रमा नेपालका अति उत्कृष्ट र दुर्लभ प्राचीन तथा मध्यकालीन मूर्तिहरू– विश्वरूप, गरुडनारायण, विक्रान्त, श्रीधर विष्णु, नरसिंह, बैकुण्ठनारायण तथा महाविष्णु जस्ता मूर्ति आदि छन्। साथै छिन्नमस्ता मन्दिर भित्रका सप्त मातृकाका मूर्तिहरू तथा भूपालेन्द्र मल्ल र ऋद्धिलक्ष्मीका सुवर्ण मूर्तिहरू अन्य उत्कृष्ट कलाका नमूना हुन्। तिनका अलावा मन्दिरको संग्रहमा रहेका अनगिन्ती दुर्लभ तथा उत्कृष्ट मूर्तिहरू छन्।

चांगुनारायणको मन्दिर पनि नेपाली वास्तुकलाको एक अद्वितीय नमूनाको रूपमा लिन सकिन्छ। नेपाली कला, वास्तुकला र संस्कृतिको ठूलो भण्डारका रूपमा रहेको यस क्षेत्रलाई श्री ५ को सरकारले मिति २०४१।४।१५ को राजपत्रमा सूचना प्रकाशित गरी चांगुनारायण संरक्षित स्मारक क्षेत्र घोषणा गर्‍यो। साथै संयुक्त राष्ट्र संघीय शिक्षा, विज्ञान तथा सांस्कृतिक संगठन (युनेस्को) अन्तर्गतको विश्व सम्पदा समिति (World Heritage Committee) ले पनि चांगुनारायण संरक्षित स्मारक क्षेत्रलाई विश्व सम्पदा सूचीमा समावेश गरेको छ।

## चांगुनारायण संरक्षित स्मारक क्षेत्र



चांगुनारायण संरक्षित स्मारक क्षेत्रले जम्मा ६०१–५–३ रोपनी जग्गा क्षेत्र ओगटेको छ। यसको चार किल्ला निम्न बमोजिम छ–

पूर्व– चांगुनारायण पञ्चायत साबिक वडा नं. ३ क र ७ क

पश्चिम– चांगुनारायण पञ्चायत साविक वडा नं. २ क र ९ ख।

उत्तर– चांगुनारायण पञ्चायत साविक वडा नं. २ क, २ ख र २ ग।

दक्षिण– चांगुनारायण पञ्चायत साविक वडा नं. ९ ग–१ तथा वडा नं. ९ ग को कित्ता नं. १३५, १३६, १३७, १४०, २१६, २१७, २१८, ३८३, ३८४, २२४, २४५, ३८५, २८६, २४७, २४८, २४९।

चांगुनारायण क्षेत्रमा परापूर्वकालदेखि नै समयानुकूल जीर्णोद्धार हुँदै आएको पाइन्छ। प्राप्त शिलापत्र, ताम्रपत्र तथा अन्य ऐतिहासिक स्रोतहरूबाट निम्न समयमा जीर्णोद्धार कार्यहरू भएको देखिन्छ।

- लिच्छविकालीन राजा अंशुवर्माले वि. सं. ६६४ मा मुख्य देवताको सुनको कवच तथा गरुडको जीर्णोद्धार गराएका थिए।
- ने. सं. ६२७ (वि. सं. १५६४) मा राजा राय मल्लका नातिनी देवकी देवीले भूकम्पले भत्केको मुख्य मन्दिरको जीर्णोद्धार गराएकी थिइन्।
- ने. सं. ८१४ (वि. सं. १७५१) मा ऋद्धिलक्ष्मी रानीले मन्दिरको जीर्णोद्धार गरी सुवर्ण तोरण चढाएकी थिइन्।
- आगलागी भै बिग्रेको मन्दिरलाई पुनः ने. सं. ८२९ (वि. सं. १७६६) मा सुवर्ण छानाले छाइयो।
- १९९० सालको महाभूकम्पपछि चारैतर्फको चौघेरा सत्तलमा जस्ताको छाना लगाई जीर्णोद्धार गरियो भने प्राङ्गण बाहिरको इन्त्राहा सत्तल तथा भीमसेन पाटी समेत जीर्णोद्धार गरिए।
- २०१८ सालमा यसको अन्तिम जीर्णोद्धार स्व. श्री ५ महेन्द्र वीर विक्रम शाह सरकारबाट भएको थियो।

निर्दलीय पञ्चायती व्यवस्थाको रजत जयन्तीको उपलक्ष्यमा चांगुनारायण संरक्षित स्मारक क्षेत्रभित्र आवश्यक जीर्णोद्धार गर्दै लाने लक्ष्य अनुरूप श्री ५ को सरकार, मन्त्रिपरिषद सचिवालयको मिति २०४३।८।२९को चांगुनारायण संरक्षित स्मारक क्षेत्रको गुरुयोजना बनाई सो क्षेत्रको संरक्षण गर्दै लाने निर्णय अनुसार गठित गुरुयोजनाको कार्य टोलीका प्रतिनिधिहरूबाट पेश भएका सुझावहरू बमोजिम कार्यहरू गर्दै लगिनेछन्। सोही टोलीको सिफारिश बमोजिम गुरुयोजना तयार गरी आगामी आर्थिक वर्षहरूमा पनि पुरातात्त्विक जीर्णोद्धारको अलावा अन्य सुधारहरू, जस्तै सडक तथा मोटर पार्कको सुधार, वन विकासतर्फ वृक्षरोपण, खानेपानी तथा ढल निकासको सुव्यवस्था, वातावरण सुधार, नगर विकासतर्फ यसको मौलिक रूप कायम राखी भवनहरूको सुधार, गाउँभित्रको बाटोको सुधार इत्यादि कार्य गर्दै लाने लक्ष्य रहेको छ।

यिनै प्रमुख लक्ष्यहरू अनुरूप चांगुनारायण संरक्षित स्मारक क्षेत्रभित्र निम्न बमोजिमका समस्याहरू देखापरेकोले त्यसको सही रूपमा समाधानका कार्यहरू धमाधम शुरू गरिएका छन्।

## वन जङ्गलको विनाश

प्राचीन तथा मध्यकालमा चांगुको बस्ती सबै पर्खालले घेरिएको थियो र ती पर्खालभन्दा बाहिरका सबै भिरालो भाग वन जङ्गलले ढाकेको थियो। तसर्थ ती सम्पूर्ण भागमा वृक्षरोपण गरी जङ्गललाई बढाउँदै लगिने छ। मन्दिर प्राङ्गणको छेउछाउमा विशेषतः चम्पक आरण्य भनी उल्लेख भए सरह नै चाँप तथा अन्य फूल फुल्ने बिरुवाहरू लगाउनेतर्फ विशेष ध्यान दिइनु पर्दछ।

## भूक्षय तथा भूस्खलनको समस्या

स्वयम्भूमा करीब १५ वर्षअघि भए जस्तै भूक्षय तथा भूस्खलनको समस्या चांगुनारायणमा पनि नदोहोरियोस् भनी शङ्खदह, कापाहिटी र नारायणहिटीको आसपास नौ वटा गेवियन वाल बनाई पहिरो जाने तथा भूक्षय भै खोल्सा बन्ने जस्ता कार्य रोकिएको छ। वागमती जलाधार योजनाको सहयोगमा उक्त कार्य गरिएको छ।

त्यस्तै भूस्खलन समस्या पनि पछि आउन नदिन पूर्वध्यान स्वरूप समतलन नापीको प्रविधिद्वारा बस्ती क्षेत्रको भूस्थिरताको जाँच गर्ने कार्य धमाधम भैराखेको छ। श्री ५ को सरकार, नापी विभाग, समतलन नापी

डिभिजनको सहयोगमा १५८ वटा सर्भे विन्दु र २ वटा वेश विन्दु खडा गरी चांगुनारायण संरक्षित स्मारक क्षेत्रको सम्पूर्ण भागको भूस्थिरताको तदारूकतासाथ अध्ययन भै राखेको छ ।

## पुरातात्त्विक, सांस्कृतिक तथा वास्तुकलागत वातावरणमा असर

माथि उल्लेख भए सरह नै चांगुनाराएण क्षेत्रको मौलिक वास्तुकलागत तथा सांस्कृतिक वातावरणको सुरक्षा तथा सम्बर्द्धन गर्ने कार्यमा अरू ढिला नगरी त्यसको पूर्व रूपमा ल्याउने प्रारूप स्वरूप २०४४ सालदेखि शुरू गरी हालसम्ममा पुरातात्त्विक जीर्णोद्धार अन्तर्गत श्रीधर तुलसी मोठ, विश्वरूप, महाविष्णु, कीलेश्वर, मुख्य मन्दिरको पूर्वी छाना, नृत्येश्वर, कान्ति भैरव, कृष्ण मन्दिर, गरुडनारायण, लक्ष्मीनारायण आदिको जीर्णोद्धार भयो भने भीमसेन पाटी तथा ईन्बाहा सत्तलको पूर्ण रूपमा नै यसको मौलिक पूर्व रूपमा पुनर्निर्माण नै गरिसकिएको छ । चौघेरा सडकको पश्चिम–उत्तर कुनाको उडाएको छाना तथा त्यसै कुनामा भासिएको जग समेतको मर्मत कार्य गरिसकिएको छ । प्राङ्गण तथा सम्पूर्ण क्षेत्रमा छरिएर बेवारिसी रूपमा रहेका मूर्तिहरूको सङ्कलनार्थ चौघेरा सत्तलको पूर्वी लङ्गमा सानो मूर्ति सङ्कलन केन्द्रको निर्माण भैसकेको छ । यी सबै कार्यमा हालसम्म रु. ६,५१,७९०।५३ खर्च लागेको छ । यसको अलावा चांगुनारायण संरक्षित स्मारक क्षेत्रमा जीर्णोद्धार गर्न बाँकी ७ मन्दिर, ३ देवस्थल, २ सत्तल, ९ पाटी पौवा, १ पोखरी, ७ ढुंगेधारा, ३ वटा धार्मिक तथा सांस्कृतिक घरहरू बाँकी छ ।

पुरातात्त्विक जीर्णोद्धारको अलावा सो क्षेत्रको मौलिक रूप कायमै राख्न उक्त क्षेत्रमा आधुनिक स्मारकहरू सकेसम्म कम गर्दै लानु परेको छ । यसै परिप्रेक्ष्यलाई ध्यानमा राखी मोटर पार्कदेखि पूर्वको ढिस्कोमा रहने भएको ग्याली क्याम्पसलाई सो क्षेत्रबाट अन्यत्र सारी सकिएको छ भने प्राङ्गणको पूर्वी द्वार बाहिर रहेको हवाई टावरलाई पनि सो क्षेत्रबाट हटाई अन्यत्र सार्ने कार्यमा तीव्रता ल्याउनु परेको छ । हुन त यो टावरलाई हटाउन पहिले पनि कार्यवाही नगरिएको होइन, तर हाल यसलाई अरू तीव्र रूप दिनु परेको छ ।

अन्य क्षेत्रमा जस्तै चांगुनारायणमा पनि आधुनिक शहरीकरणको मार त्यत्ति सारो नपरे तापनि भविष्यमा यसको असर अवश्यम्भावी छ । यसतर्फ पनि समयमै ध्यान जानु अत्यावश्यक भैसकेको छ । तसर्थ सो क्षेत्रमा बनिने घरहरूलाई प्राचीन स्मारक संरक्षण ऐन २०१३ (संशोधनहरू सहित) अनुरूप नियन्त्रण गर्दै लानु परेको छ । व्यवहारमा हालसम्म उक्त क्षेत्र गाउँ पञ्चायतमा परेकोले यसतर्फ केही गर्न सकिएको छैन । तर भक्तपुर नगर विकास र भक्तपुर दरबार हेरचाह अड्डाको सहभागितामा चांगुनारायण संरक्षित स्मारक क्षेत्रमा बनिने घरहरूमा पनि समयानुकूल नियन्त्रण गरी सो क्षेत्रको पुरातात्त्विक वातावरणमा असर पर्न नदिनु पर्ने बेला आइसकेको छ ।

## खानेपानी तथा ढल निकासको समस्या

खानेपानी तथा ढल निकासको व्यवस्था अनुरूप आ. व. २०४५।४६ मा नै सम्पन्न गर्ने गरी रु. ५,००,०००।– सम्बन्धित निकायमा निकासा भै गैसकेको छ । यसै आ. व. भित्र सो कार्य समाप्त हुने आशा गर्न सकिन्छ ।

सरसफाइतर्फ भने स्थानीय बासिन्दालाई आवश्यक सफाइ शिक्षामा नै विशेष ज्ञान दिलाउनेतर्फ ध्यान दिनु पर्ने देखिन्छ । साथै उक्त क्षेत्रका १२० घरलाई सुलभ शौचालय प्रदान गरी यसतर्फ केही हदसम्म भए तापनि नियन्त्रण गर्न सकिनेछ ।

चांगुनारायण संरक्षित स्मारक क्षेत्र घोषणा भएदेखि नै यस क्षेत्रको सांस्कृतिक, धार्मिक तथा वास्तुकलागत महत्त्वमा कुनै आँच आउन नदिन र यसको मौलिक रूप कायम राख्ने दायित्वलाई वहन गरी यस क्षेत्रमा आइपर्ने कुनै पनि अनावश्यक आधुनिक वास्तुकलागत तथा वातावरणमा हुने मारहरूबाट बचाउन प्राचीन स्मारक संरक्षण ऐन, २०१३ (संशोधनहरू सहित) को तर्जुमा भै यस संरक्षित स्मारक क्षेत्रलाई पनि अन्य संरक्षित स्मारक क्षेत्रहरू– बौद्धनाथ, स्वयम्भू, भक्तपुर, पाटन तथा हनुमान् ढोका दरबारहरूमा जस्तै व्यवस्थित रूपले धार्मिक, वास्तुकलात्मक र सांस्कृतिक तथा प्राकृतिक वातावरणको सन्तुलन गरी यसको प्राचीन तथा मध्यकालीन गढ रूपलाई कायम राख्न समयानुकूल विकास, सुधार, वृक्षरोपण तथा पुरातात्त्विक जीर्णोद्धारको अलावा स्थानीय रूपमा थपिंदै

जाने भवन निर्माणमा तथा जग्गा उपयोगमा समेत समयानुकूल संरक्षण, सन्तुलन तथा नियन्त्रण समेत गर्नु पर्ने भैसकेको छ । अन्य स्मारक क्षेत्रहरूमा बन्ने घरहरूको नाप नक्सा सम्बन्धित नगर पञ्चायतले पुरातत्त्व विभाग-को सिफारिशमा मात्र पास गर्ने प्रावधान भएको, तर चांगुनारायण संरक्षित स्मारक क्षेत्र गाउँ पञ्चायतमा परेको हुँदा यहाँ यस्तो प्रावधान हालसम्म छैन । तैपनि सो क्षेत्रमा जस्ताको छाना बाहेक अन्य प्रकारका आधुनिक शैलीको मार परी नसकेको परिप्रेक्ष्यमा विचार गरी गुरु-योजना टोली तथा काठमाडौं उपत्यका धार्मिक तथा सांस्कृतिक क्षेत्र सुधार परियोजनाको सिफारिशमा सो क्षेत्रका घरहरूको निर्माण हुँदा अग्रभाग बनाईँदा केही मात्रामा भए पनि आर्थिक अनुदान दिई यसको पूर्व रूप कायम राख्न प्रयास गरिनेछ । यसको अलावा यस्ता क्षेत्रको लागि आवश्यक न्यूनतम चिरान काठको लागि पनि यस विभागको सिफारिशमा टि. सि. एन. ले उपलब्ध गराउनु पर्ने प्रावधान बनाउनेतर्फ विचार गर्नु पर्ने बेला आएको छ । यस्ता कार्यबाट श्री ५ को सरकारले परि-लक्षित गरेको संरक्षित स्मारक क्षेत्रहरूको संरक्षणमा ठूलो सघाउ पुग्न जाने अवश्यम्भावी छ ।

चांगुनारायण संरक्षित स्मारक क्षेत्रभित्रको कार्य पनि काठमाडौं उपत्यका धार्मिक तथा सांस्कृतिक क्षेत्र सुधार परियोजना मार्फत गर्ने गरी मिति २०४५।३।२९ मा निर्णय भए बमोजिम उक्त कार्यहरूमध्ये पुरातात्त्विक जीर्णोद्धारका कार्यहरू पुरातत्त्व विभागले नै गर्दै लानेछ । भविष्यमा गरिने अन्य कार्यहरू भने सोही परियोजनाले गर्ने भएको हुँदा उक्त परियोजनाको योजना अनुरूप गर्दै लगिनेछ । तर त्यहाँको प्राकृतिक, सांस्कृतिक एवं पुरा-तात्त्विक वातावरणलाई भने सकेसम्म जोगाइराखिनेछ र राख्नु पनि पर्दछ ।

# सम्पादकीय

**श्री ५ महाराजाधिराज सरकार** तथा **श्री ५ बडा-महारानी सरकारबाट** मध्यमाञ्चल विकास क्षेत्रको अनौपचारिक भ्रमणको क्रममा २०४२ साल फागुन १३ गतेदेखि चैत्र १३ गतेसम्म गरिबक्सेको काठमाडौं उपत्यकाका तीन जिल्लाहरूको भ्रमणका अवसरमा मौसूफ सरकारबाट श्री ५ को सरकारलाई बक्सेका निर्देशनहरू तथा सो अनुरूप श्री ५ को सरकारले कार्यान्वयनका लागि लिएका निर्णयहरूको निर्णय नं. ६.१८.३ मा "पुरातत्त्व विभागले राष्ट्रिय दृष्टिले महत्त्वपूर्ण सांस्कृतिक सम्पदाको रूपमा तोकिएका क्षेत्रहरूको संरक्षण तथा सुरक्षा कार्यमा स्थानीय नगर पञ्चायतहरूलाई नै प्रमुख भूमिका दिई लग्न उनीहरूलाई आवश्यक जानकारी उपलब्ध गराउने र नियमित सम्पर्क र सञ्चारद्वारा क्रियाशील रहने । यसको बावजूद पनि प्रतिकूल निर्माण कार्य हुने देखिएमा नगर निर्माण योजना कार्यान्वयन ऐन अन्तर्गत कार्यवाही गराउने" उल्लेख छ । साथै निर्णय नं. ६.१८.४ मा "काठमाडौं उपत्यकाका तीनै शहरमा राष्ट्रिय सम्पदाको रूपमा रहेका दरबार स्क्वायरहरूको क्षेत्रको चार किल्ला तोकी सो क्षेत्रहरूलाई वातावरण अनुकूल संरक्षण गर्ने, सो बमोजिम गर्दा नमिलेका कुराहरू हटाउने" भन्ने निर्णयहरूको पालन गर्नको निमित्त एक गोष्ठीको आयोजना गर्नु आवश्यक थियो । यसै सन्दर्भमा श्री ५ को सरकारले उपत्यकाका ६ वटा ऐतिहासिक स्थलहरू (स्वयम्भूनाथ क्षेत्र, हनुमान्ढोका दरबार क्षेत्र, पाटन दरबार क्षेत्र, भक्तपुर दरबार क्षेत्र, बौद्धनाथ स्तूप क्षेत्र र चांगुनारायण स्थान क्षेत्र) लाई संरक्षित स्मारक क्षेत्र घोषित गरिसकेको छ । त्यस्तै यसै वर्ष काठमाडौं उपत्यका बाहिरको गोरखा दरबार क्षेत्रलाई पनि संरक्षित स्मारक क्षेत्र घोषित गरिएको छ र अरू यस्ता क्षेत्रहरूलाई पनि क्रमशः संरक्षित स्मारक क्षेत्र घोषित गर्दै लग्ने लक्ष्य पनि छ ।

नेपाल र नेपालीलाई अन्तर्राष्ट्रिय जगतमा परिचित गराउने हाम्रा यी अमूल्य सांस्कृतिक एवं ऐतिहासिक निधिहरूको संरक्षण गर्नु, यिनीहरूको ऐतिहासिक एवं वास्तुकलात्मक वातावरणलाई बचाइराख्नु हाम्रो परम कर्तव्य हो। नेपालको इतिहासको मुहान, नेपाली धर्म एवं संस्कृतिको प्रस्फुटन र उद्गम स्थलको रूपमा रहेका हाम्रा यी स्मारकहरू एवं स्मारक स्थलहरू नेपाली मात्रको लागि गौरवका विषय होइनन् बल्की विश्व मानव जातिको नै साझा सम्पत्ति हुन् ।

उपर्युक्त तथ्यहरूलाई दृष्टिगत गरी यूनेस्कोले सन् १९७९ मा काठमाडौं उपत्यकाका स्मारक एवं स्मारक क्षेत्रहरूमध्ये पशुपतिनाथ क्षेत्र, हनुमान्ढोका दरबार क्षेत्र, पाटन दरबार क्षेत्र, भक्तपुर दरबार क्षेत्र, स्वयम्भूनाथ स्तूप क्षेत्र, बौद्धनाथ क्षेत्र र चांगुनारायण स्थान क्षेत्र समेत गरी जम्मा ७ वटा ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक स्मारक एवं क्षेत्रहरूलाई विश्व सम्पदाको सूचीमा समावेश गरिसकेको छ जसले गर्दा यी स्मारक एवं स्मारक क्षेत्रको महत्त्व अन्तर्राष्ट्रिय क्षेत्रमा पनि उत्तिकै बढेको छ र यो नेपाल र नेपालीका लागि ठूलो गौरवको कुरा हो ।

हाम्रा पूर्वजहरूले हाम्रो निम्ति छोडेर गएका यी स्मारक एवं स्मारक क्षेत्रको संरक्षण गरी पूर्वजहरूको आशयलाई पूरा गरी अब आउने पीढीहरूलाई ती सांस्कृतिक निधिहरूको महत्त्व, मूल्य र मान्यताबारे बोध गराई संरक्षण गरिराख्न हौसला र प्रेरणा दिनु नै आजको पीढीको

जिम्मेवारी एवं कर्तव्य हो। साथै यी स्मारकहरू हाम्रो पर्यटन विकासको महत्त्वपूर्ण स्रोत पनि भएका हुनाले यी महत्त्वपूर्ण स्मारकहरूको संरक्षण एवं जीर्णोद्धार गरी स्मारक क्षेत्रहरूको ऐतिहासिक एवं वास्तुकलाको वातावरण संरक्षण गर्न र यी क्षेत्रहरू सधैं सफा सुग्घर राख्ने आदि कार्यहरू गरी हाम्रा कला एवं वास्तुकलाको दृष्टिकोणबाट महत्त्वपूर्ण स्मारकहरूको दृश्यावलोकन गर्न आउने पर्यटकहरूको लागि आकर्षणको केन्द्र बनाउनु पनि आजको आवश्यकता हो।

माथि उल्लेखित तथ्यहरूलाई दृष्टिगत गरी यस्ता स्मारक एवं स्मारक क्षेत्रहरूको बेहिसाब हुन, गर्न नदिन र तिनको संरक्षणको निमित्त केही महत्त्वपूर्ण स्मारक एवं स्मारक क्षेत्रहरूलाई श्री ५ को सरकारले संरक्षित स्मारक क्षेत्र घोषित गरी यी क्षेत्रहरूको ऐतिहासिक एवं वास्तुकलाको वातावरण संरक्षण गर्न पुरातत्त्व विभाग तल्लीन एवं कार्यरत छ। तर एकातिर धेरै वर्ष यतादेखि उक्त क्षेत्रहरूमा आधुनिक निर्माण सामग्रीहरूको प्रयोग गरी निर्माण भइरहेका आधुनिक आकार–प्रकारका अग्ला अग्ला अशोभनीय घर एवं भवनहरूले उक्त क्षेत्रहरूको ऐतिहासिक एवं वास्तुकलाको वातावरणमा नराम्रो एवं दूषित प्रभाव पारिरहेको कुरा सबैलाई विदित नै छ भने अर्कातिर यी स्मारकहरूको चाहिंदो मात्रामा संरक्षण एवं जीर्णोद्धार गर्न पनि सकिएको छैन। तसर्थ यी स्मारक एवं स्मारक क्षेत्रहरूको संरक्षण, सम्बर्द्धन एवं जीर्णोद्धार, उक्त क्षेत्रहरूमा नयाँ हुने गरिने निर्माण कार्यहरू र तिनको नियन्त्रण आदिको बारेमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न विभिन्न निकायहरू जस्तो पुरातत्त्व विभाग र अन्तर्गतका सम्बन्धित निकायहरू, काठमाडौं उपत्यकाका तीन वटै नगर पञ्चायतका कार्यकर्ताहरू, काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिका सम्बन्धित अधिकृतहरू, स्थानीय प्रशासन, गुठी संस्थानका प्रतिनिधिहरू लगायत अन्य सम्बन्धित निकायहरूका प्रतिनिधिहरू समेतलाई संलग्न गराई प्रस्तुत विषयमा कार्यपत्र प्रस्तुत गराउने, छलफल गरी विचारहरूको आदान–प्रदान गर्नको निमित्त एक गोष्ठीको आयोजना हुनु आवश्यकता मात्र होइन, अनिवार्य नै हुन आयो। अतः श्री ५ को सरकार, शिक्षा तथा संस्कृति मन्त्रालय, पुरातत्त्व विभागले संरक्षित स्मारक क्षेत्रहरूको वातावरण संरक्षणसम्बन्धी एक गोष्ठी २०४६ साल जेठ १० गते आयोजना गरेको थियो।

उक्त गोष्ठीको कार्यक्रम मूलतः दुई चरणमा विभक्त थियो– गोष्ठीको उद्‌घाटन कार्यक्रम र कार्यपत्रको प्रस्तुती एवं छलफल। उक्त गोष्ठीको उद्‌घाटन माननीय शिक्षा तथा संस्कृति मन्त्री परशुनारायण चौधरीले गर्नु भएको भएको थियो। काठमाडौं नगर पञ्चायतका का. वा. प्रधानपञ्च शारदाप्रसाद भट्टराईको सभापतित्वमा गोष्ठीको उद्‌घाटन कार्यक्रम सञ्चालन भएको थियो। सो गोष्ठीमा पुरातत्त्व विभागका का. मु. महानिर्देशक साफल्य अमात्यले स्वागत भाषण गर्नु भएको थियो भने पुरातत्त्व विभागका भू. पू. का. मु. महानिर्देशक जनकलाल शर्माले गोष्ठीको बारेमा मन्तव्य व्यक्त गर्नु भएको थियो। पूर्व कार्यक्रमको अन्त्यमा अनुसन्धान अधिकारी भीमप्रसाद नेपालले गोष्ठीमा आमन्त्रित एवं सहभागीहरू सबैलाई धन्यवाद ज्ञापन गर्नु भएको थियो। उद्‌घाटन कार्यक्रमका सभापतिज्यूले आफ्नो मन्तव्य प्रकट गर्दै कार्यक्रमको विसर्जन गर्नुभएको थियो।

उद्‌घाटन कार्यक्रमको लगत्तै पछि कार्यपत्रहरू प्रस्तुत गर्ने कार्य शुरू भएको र पुरातत्त्व विभागका का.मु. महानिर्देशकको सभापतित्वमा उक्त कार्यक्रम सञ्चालन भएको थियो। यस गोष्ठीमा नौ वटा कार्यपत्रहरू प्रस्तुत भएका थिए, तिनीहरूमध्ये तीन वटा कार्यपत्रहरू संरक्षित स्मारक क्षेत्रको अवधारणा, महत्त्व, वातावरण संरक्षणमा विभिन्न निकायहरूको दायित्व र कानूनी प्रावधानसंग सम्बन्धित थिए भने बाँकी ६ वटा कार्यपत्रहरू विभिन्न संरक्षित स्मारक क्षेत्रहरूसंग सम्बन्धित थिए।

कार्यपत्र प्रस्तुत गर्ने कार्यक्रमको प्रारम्भमा साफल्य अमात्यले "संरक्षित स्मारक क्षेत्रको अवधारणा, परिचय र महत्त्व" विषयको आफ्नो कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। त्यस्तै "संरक्षित स्मारक क्षेत्रको वातावरण संरक्षण कार्यमा विभिन्न निकायहरूको दायित्व" विषयको कार्यपत्र काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिको कार्यालयका नगर नियोजक प्रफुल्लमान सिंह प्रधानले प्रस्तुत गर्नुभयो। साथै अनुसन्धान अधिकारी

भीमप्रसाद नेपालले "संरक्षित स्मारक क्षेत्र र सोको संरक्षणसम्बन्धी कानूनी प्रावधान" विषयको कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। अरू कार्यपत्रहरू विभिन्न संरक्षित स्मारक क्षेत्रहरूसम्बन्धी थिए। कार्यपत्रहरू प्रस्तुत गर्ने क्रमको दोस्रो चरणमा विभिन्न संरक्षित स्मारक क्षेत्रको परिचय, महत्त्व र वातावरण संरक्षणमा देखापरेका समस्याहरू र समाधानका उपायहरू विषयका कार्यपत्रहरू प्रस्तुत भएका थिए। यसै क्रममा स्वयम्भू संरक्षित स्मारक क्षेत्रको बारेमा प्रधान अन्वेषण अधिकारी श्रीमती ऋद्धिबाबा प्रधानले, बौद्धनाथ स्तूप संरक्षित स्मारक क्षेत्रको बारेमा सहायक अनुसन्धान अधिकारी श्रीमती शोभा श्रेष्ठले आ–आफ्नो कार्यपत्रहरू प्रस्तुत गर्नुभएको थियो। त्यसैगरी हनुमान्‌ढोका दरबार संरक्षित स्मारक क्षेत्रको बारेमा हनुमान्‌ढोका हेरचाह अड्डाका का. मु. हाकिम तेजरत्न ताम्राकारले, भक्तपुर दरबार संरक्षित स्मारक क्षेत्रको बारेमा स्मारक संरक्षण कार्यालयका प्रमुख विष्णुराज कार्कीले, पाटन दरबार संरक्षित स्मारक क्षेत्रकोबारेमा पथ प्रदर्शक अधिकृत ईश्वरमान सिन्या श्रेष्ठले र चांगुनारायण स्थान संरक्षित स्मारक क्षेत्रको बारेमा लिपि विशेषज्ञ शुक्रसागर श्रेष्ठले आ–आफ्नो कार्यपत्रहरू प्रस्तुत गर्नु भएको थियो।

प्रस्तुत भएका प्रायः सबैजसो कार्यपत्रहरूमा संरक्षित स्मारक क्षेत्रहरूको वातावरणको संरक्षण गर्नुपर्ने, स्वच्छ एवं सन्तुलन बनाई राख्नु पर्ने, देखापरिरहेका विकृतिहरूलाई हटाउनु पर्ने विषयमा जोड दिंदै मुख्यतया निम्न सुझावहरू दिइएको थियो –

- वातावरण संरक्षण गर्ने ठोस कार्यविधि हुनुपर्ने,
- पर्याप्त मात्रामा स्रोत एवं जनशक्तिको व्यवस्था हुनुपर्ने,
- कुन ऐन अनुसार कार्यवाही गर्ने भन्ने निश्चित हुनुपर्ने,
- यस कार्य प्रयोजनको निमित्त नगर विकास समितिलाई सक्रिय तुल्याउँदै लग्नुपर्ने,
- ठाडो कार्यवाहीको व्यवस्था हुनुपर्ने,
- कार्यवाही छिटो टुङ्गो लाग्नुपर्ने,
- विद्यमान मापदण्डहरूमा सुधार ल्याउनुपर्ने (विस्तृत एवं व्यावहारिक मापदण्ड बनाउने),
- सम्बन्धित विभिन्न निकायहरूबीच समन्वय हुनुपर्ने,
- प्रचार प्रसार हुनुपर्ने,
- संरक्षित स्मारक क्षेत्रको नक्सा तयार गर्ने र सम्बन्धित क्षेत्रहरूमा टाँस्ने,
- प्रत्येक वर्ष सांस्कृतिक वातावरण अनुकूल राम्रो घर बनाउनेलाई पुरस्कार दिने,
- सम्भव भएसम्म स्थानीय जनतालाई प्राविधिक सहयोग उपलब्ध गराउने,
- स्थानीय प्रशासनले यस कार्य प्रयोजनको निमित्त पुरातत्त्व विभाग एवं नगर विकासलाई सहयोग गर्ने,
- संरक्षित स्मारक क्षेत्रभित्र सवारी नियन्त्रणको व्यवस्था गर्ने,
- निर्माण सामग्रीहरू उपलब्ध हुने व्यवस्था गराइदिने,
- स्वीकृत नक्सा एवं पुरातत्त्व विभागको मापदण्ड विपरीत निर्माण हुने घर, भवनहरू भत्काउने परिस्थितिको सिर्जना हुनुभन्दा अगावै त्यस्ता कार्य हुन नदिने, भई गएमा तत्कालै रोक्ने व्यवस्था हुनुपर्ने तथा तत्कालै भत्काउन सक्ने व्यवस्था हुनुपर्ने,
- उक्त कार्य प्रयोजनको निमित्त प्रहरी जवानहरूको व्यवस्था गर्ने,
- प्रतिकूल निर्माण कार्यहरू भत्काउने व्यवस्था प्रमुख जिल्ला अधिकारीले पनि नगर विकास समिति मार्फत गराउने,
- संरक्षित स्मारक क्षेत्रको वातावरण विपरीतका घर वा भवनहरू क्रमशः वातावरण अनुकूल परिवर्तन गर्दै लग्ने,
- संरक्षित स्मारक क्षेत्रहरूमा पहिले नै भइसकेका वातावरण विपरीतका कुराहरू क्रमशः हटाउँदै लग्ने,
- घर वा भवनको मर्मत गर्ने सम्बन्धित नगर पञ्चायतका वडाध्यक्षहरूले स्वीकृति दिने गरेको परम्पराको अन्त्य हुनुपर्ने,
- संरक्षित स्मारक क्षेत्रहरूमा खानेपानी, ढल, शौचालय आदिको उचित व्यवस्था गर्ने,
- संरक्षित स्मारक क्षेत्रको भौतिक योजना तयार पार्ने,
- संरक्षित स्मारक क्षेत्रको अवधारणा निश्चित गर्ने, आदि।

माथि उल्लेखित समस्या एवं सुझावहरूको उल्लेख गर्दै प्रस्तुत भएका कार्यपत्रहरू प्रस्तुत गर्ने कार्य समाप्त हुने बित्तिकै र गोष्ठीको अन्त्यतिर विभिन्न सहभागीहरूले महत्त्वपूर्ण सुझावहरू दिनु भएको थियो। कार्यपत्र प्रस्तुत कर्ताहरूले औंल्याएका समस्याहरू एवं दिइएका सुझावहरूको सम्बन्धमा सहभागीहरूको पनि एकमत नै पाइयो।

सहभागीहरूले दिनु भएका मुख्य मुख्य सुझावहरू निम्न थिए—

- ऐनहरूलाई प्रभावकारी बनाउनुपर्ने,
- भत्काउने, रोक्ने आदि कार्य काठमाडौं नगर विकास समिति मार्फत नै गराउने व्यवस्था हुनुपर्ने,
- संरक्षित स्मारक क्षेत्रमा के के गर्ने, के के गर्न हुने, के के गर्न नहुने निश्चित योजनाहरू जनसमक्ष आउनुपर्ने,
- संरक्षित स्मारक क्षेत्रभित्र बजार, शौचालय, पानी आदिको व्यवस्था हुनुपर्ने,
- संरक्षित स्मारक एवं स्मारक क्षेत्रलाई जीवन्त राख्ने,
- पुराना आकार–प्रकार एवं शैलीमा निर्माण भएका व्यक्तिगत स्वामित्वका घरहरूलाई बचाइराख्नेतर्फ ध्यान दिने, पुरानो शैलीमा घर निर्माण गर्नेलाई प्रोत्साहित गर्ने,
- संरक्षित स्मारक क्षेत्रहरूमा निर्माण हुने घर वा भवनहरूका नक्साहरू तयार गर्नको निमित्त संरक्षित स्मारक क्षेत्रहरूको वास्तुकलाको बारेमा जानकारी भएका अनुभवी एवं कुशल आर्किटेक्ट एवं डिजाइनरहरूलाई रजिष्टर्ड गर्ने,
- संरक्षित स्मारक क्षेत्र संरक्षणको निमित्त स्थानीय पञ्चायतहरूलाई सरिक गर्नुपर्ने,
- संरक्षित स्मारक क्षेत्रहरू संरक्षण एवं जीर्णोद्धारको निमित्त निश्चित समितिहरूको व्यवस्था हुनुपर्ने एवं अन्तर्राष्ट्रिय सहयोग जुटाउनेतर्फ सक्रिय रहने,
- उपत्यका बाहिरका स्मारक एवं स्मारक क्षेत्रलाई पनि संरक्षित स्मारक क्षेत्र घोषित गर्नुपर्ने,
- सरकारी निर्णयबाट जनतामा प्रभाव पर्न सक्ने कुरालाई पनि ध्यान दिनु पर्ने,
- वातावरण भन्नाले केवल वास्तुकलालाई मात्र बुझाउँदैन। तसर्थ वृक्षरोपण गर्नुपर्ने ठाउँमा वृक्षरोपण गर्ने, ढल एवं पानीको उचित प्रबन्ध गर्ने, शौचालयको व्यवस्था गर्ने, बाटोघाटोको उचित व्यवस्था, स्मारक एवं स्मारक क्षेत्रहरूमा अशोभनीय तवरले राखिएका बिजुली एवं टेलिफोनका तारहरूलाई आवश्यकता अनुसार हटाउने तथा सुव्यवस्थित गर्ने, परम्परागत रूपमा रहेका बगैंचा, पोखरी, धारा आदिलाई पुनः प्रयोग गरी जीवन्त राख्ने,
- संरक्षित स्मारक क्षेत्रको दायरा ठूलो हुनुपर्ने,
- संरक्षित स्मारक क्षेत्रमा क्यूरियो सामानहरू जथा–भावी बिक्री गर्न नदिने,
- सबै सम्बन्धित निकायहरूले आ–आफ्नो जिम्मेवारी पूरा गर्नुपर्ने,
- यस प्रकारका गोष्ठीहरू संरक्षित स्मारक क्षेत्रमा नै हुनुपर्ने,
- संरक्षित स्मारक क्षेत्रको सिमाना स्पष्ट हुनुपर्ने,
- संरक्षित स्मारक क्षेत्रका स्मारकहरूबाट चिया पसल, माग्नेहरू हटाउनुपर्ने,
- संरक्षित स्मारक क्षेत्रहरूलाई खुल्ला संग्रहालयको रूपमा विकास गर्दै लग्नुपर्ने, आदि।

कार्यपत्र प्रस्तुतकर्ताहरू र सहभागीहरूले दिएका सुझावहरूलाई क्रमशः कार्यान्वियन गर्दै लगेको खण्डमा संरक्षित स्मारक एवं संरक्षित स्मारक क्षेत्रहरूको ऐतिहासिक एवं वास्तुकलाको वातावरण संरक्षण कार्यमा उल्लेखनीय योगदान पुग्न सक्ने कुरा नकार्न सकिंदैन।

हाम्रा स्मारकहरू एवं स्मारक क्षेत्रहरू हाम्रो इतिहास, कला, धर्म साथै संस्कृतिको स्रोत र गौरव भएको हुँदा यस्ता स्मारक एवं स्मारक क्षेत्रहरूमा देखापरिरहेका समस्याहरू आदिबारे जनसमक्ष ल्याउन र जनमानसमा यी समस्याहरूबारे चेतना जगाउन समेत यस गोष्ठीका सम्पूर्ण क्रियाकलाप, कार्यपत्रहरू र निष्कर्षहरूलाई समावेश गरी यस विभागका मुखपत्र 'प्राचीन नेपाल' को यस अङ्कलाई गोष्ठी विशेषाङ्कको रूपमा प्रकाशित गर्नु सान्दर्भिक देखिएकोले पाठकहरू समक्ष प्रस्तुत गरिएको छ। धन्यवाद!

# ABOUT THE AUTHORS


| | |
|---|---|
| Mr. Shaphalya Amatya | —Acting Director-General, Department of Archaeology, HMG, Nepal. |
| Mr. Praphulla Man Singh Pradhan | —Town Planner, Kathmandu Valley Town Development Planning Office of Implementation Committee, HMG, Nepal. |
| Mr. Bhim Prasad Nepal | —Research Officer, Department of Archaeology, HMG, Nepal. |
| Mr. Tej Ratna Tamrakar | —Acting Chief, Hanumandhoka Durbar Office, Department of Archaeology, HMG, Nepal. |
| Mrs. Riddhi Pradhan | —Chief Exploration Officer, Department of Archaeology, HMG, Nepal. |
| Mrs. Sobha Shrestha | —Research Officer, Department of Archaeology, HMG, Nepal. |
| Mr. Bishnu Raj Karki | —Survey-Officer, Monument Maintenance Office, Department of Archaeology, HMG, Nepal. |
| Mr. Ishwar Man Sinya Shrestha | —Guide Officer, Bhaktapur Durbar Office, Department of Archaeology, HMG, Nepal |
| Mr. Sukra Sagar Shrestha | —Epigraphist, Department of Archaeology, HMG, Nepal. |

**'प्राचीन नेपाल'** का निमित्त प्राग्–इतिहास तथा पुरातत्त्व, लिपिविज्ञान, हस्तलिखित ग्रन्थ, मुद्राशास्त्र, अभिलेख, मानवशास्त्र, संग्रहालय तथा ललितकलासंग सम्बन्धित मौलिक रचनाको माग गरिन्छ ।

रचना संक्षिप्त तथा प्रामाणिक हुनुका साथै अद्यापि अप्रकाशित हुनुपर्दछ । तर कुनै प्रकाशित विषयका सम्बन्धमा नयाँ सिद्धान्त र प्रमाण प्रस्तुत गरिएको भए तिनको स्वागत गरिनेछ ।

रचनासंग सम्बन्धित चित्रहरू पठाउन सकिनेछ । रचना पृष्ठको अग्रभागमा मात्र लेखिएको हुनुपर्नेछ । प्रकाशित लेखहरूमा व्यक्त गरिएको भावना वा मत सम्बन्धित लेखकको हो ।

महानिर्देशक
**पुरातत्त्व विभाग**
रामशाहपथ
काठमाडौं, नेपाल

Contribution of original nature dealing with pre-historic and field-archaeology, epigraphy, manuscripts, numismatics, archives, art, anthropology and architecture of Nepal and museum and other techniques connected with various aspects of our work are invited to **'Ancient Nepal'.**

The contribution should be concise and well-documented, and based on hitherto unpublished data, if not new interpretation of already known evidence.

The opinions expressed are those of the authors and do not necessarily reflect the views of the editor or the Department of Archaeology.

Photographs and illustrations (line drawing) may be sent. The typescript should be in double space and on side of the paper only sent to:

The Director General
**Department of Archaeology**
Ramshahpath
Kathmandu, Nepal.